


नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

वर्ष ३४ अंक ६९ काठमाडौं | १५ वैशाख २०८३ मंगलबार वैशाख शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, April 28, 2026 | पृष्ठ १० | १० रुपैयाँ



पश्चिम एसिया द्वन्द्वको असर

## बिटुमिन अभावले देशभर सडक कालोपत्र प्रभावित

**कालोपत्र गर्ने सिजनमै काम ठप्प बनेपछि राष्ट्रिय गौरव र रणनीतिक महत्त्वका आयोजनासमेत प्रभावित, चालु आर्थिक वर्षको लक्ष्य भेटाउन नसकिने आयोजना प्रमुखहरूको भनाइ**




**बिटुमिन अभावले कालोपत्र हुन नसकेपछि काम थप्प भएको नौबिसे-मलेखु सडक खण्ड ।** **तस्बिर सौजन्य** : नौबिसे-मलेखु सडक निर्माण आयोजना

**विमल खतिवडा** (काठमाडौं)

बिटुमिन (कालोपत्रमा प्रयोग हुने पेट्रोलियम पदार्थबाट बन्ने सामग्री) अभावमा देशैभरका सडक आयोजनामा काम ठप्प बनेको छ । कालोपत्र गर्ने सिजनमै काम ठप्प बनेपछि राष्ट्रिय गौरव र रणनीतिक महत्त्वका आयोजनासमेत प्रभावित बनेका छन् । यसले गर्दा चालु आर्थिक वर्षमा कालोपत्र गर्ने लक्ष्य भेटाउन नसकिने आयोजना प्रमुखहरूको भनाइ छ ।

राष्ट्रिय गौरवका आयोजना मध्यपहाडी, हुलाकी, कोशी, कालीगण्डकी, कर्णाली राजमार्ग र काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) मा बिटुमिन नभएर कालोपत्रको काम रोकिएको छ । मदन भण्डारी राजमार्ग, नागढुंगा-मुग्लिन, जामुने-पोखरा, सूर्यविनायक-धुलिखेल सडकमा कालोपत्रको काम गर्दागर्दै ठप्प भएको छ । दैनिक १२ हजारभन्दा बढी सवारीसाधन ओहोरदोहोर गर्ने नागढुंगा-मुग्लिन सडक खण्डमा समेत कालोपत्रको काम रोकिएको छ ।

मौज्दात बिटुमिन पनि सकिएपछि कालोपत्रको काम हुन नसकेको हो । नागढुंगादेखि मुग्लिनसम्म ९४.६६ किलोमिटर सडक स्तरोन्नतिको काम भइरहेको छ । यसलाई तीन खण्डमा विभाजन गरेर ठेक्का गरिएको छ । १२.२६ किलोमिटरको पहिलो खण्ड नागढुंगा-नौबिसे, ४३.५४ किमिको नौबिसे-मलेखु दोस्रो खण्ड र ३८.८६ किमिको तेस्रो खण्ड मलेखु-मुग्लिन रहेको छ । नागढुंगा-नौबिसे सडक खण्डमा दोस्रो तहको कालोपत्रको काम सकिएर अन्तिम तहको कालोपत्र सुरु हुँदै थियो । दैनिक सवारी चाप हुने यस खण्डमा बर्खाअघि नै काम सक्ने तयारी थियो । स्तरोन्नति थालिएको १२.२६ किलोमिटरमध्ये अन्तिम तहको कालोपत्र ६ किमि मात्र भयो । कालोपत्र गर्दागर्दै बिटुमिन सकिएपछि काम रोकिन पुगेको छ ।

यसैगरी काम हुन नसकेपछि नौबिसे-मलेखु खण्डमा कालोपत्र गर्न भत्काएको पुरानो सडकलाई छेकेर राखिएको नागढुंगा-मुग्लिन सडक योजना पूर्वी खण्डका प्रमुख केशवप्रसाद ओझाले बताए । यस खण्डमा कालोपत्र गर्न ५ हजार टन बिटुमिन चाहिएको छ । मलेखु-मुग्लिन खण्डमा पर्ने विशालटार, मझिमटार क्षेत्रमा ६ किमि पुरानो कालोपत्र सडक भत्काएर नयाँ कालोपत्र गर्दैगर्दा बिटुमिन अभाव भएको आयोजनाले जनाएको छ । मलेखुको लामाबगरबाट निर्माण सामग्री निकाल्ने गरी वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) स्वीकृत भए पनि त्यहाँका स्थानीयले विरोध गर्दा र समयमै निकाल्न नपाउँदा आयोजनाले निर्माण सामग्री अभाव पनि झेलिरहेको छ ।

बिटुमिन अभावले कालोपत्रको काम रोकिएको नागढुंगा-मुग्लिन सडक योजना, पश्चिम खण्डको योजना प्रमुख सजना अधिकारीले बताइन् । 'यस खण्डमा अहिले बिटुमिन अभाव र डिजेलमा भएको मूल्यवृद्धिले काम हुन सकेको छैन,' उनले भनिन्, 'चालु आर्थिक वर्षमा २० किमि सडक कालोपत्र गर्ने लक्ष्य भए पनि अहिलेसम्म ५ किमि मात्र भएको छ ।' पहिलो तहको कालोपत्र ५ किमि भए पनि बिटुमिनसहित निर्माण सामग्री अभावमा लक्ष्य भेटाउन सक्ने अवस्था नरहेको उनले सुनाइन् । अहिलेसम्म यस खण्डमा समग्र निर्माण प्रगति ४२.५ प्रतिशत मात्र छ । जताततै सडक भत्काइएकाले आवतजावतमा समस्या छ । बर्खा निजिकिँदै गर्दा यस खण्डमा पहिरोको जोखिम पनि उत्तिकै छ । **बाँकी पृष्ठ ९**

### कालोपत्रको काम रोकिएका ठूला आयोजना

- मध्यपहाडी राजमार्ग
- हुलाकी राजमार्ग
- मदन भण्डारी राजमार्ग
- कोशी करिडोर
- कालीगण्डकी करिडोर
- कर्णाली करिडोर
- तमोर करिडोर
- काठमाडौं-तराई/मधेश द्रुतमार्ग
- बुटवल-गोरुसिंगे
- बीपी राजमार्ग
- कान्ति राजमार्ग
- सालझन्डी-सन्धिखर्क-ढोरपाटन सडक
- कमला-ढल्केबर-पथलैया सडक
- गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक
- काठमाडौं-चित्लाङ सडक
- नागढुंगा-मुग्लिन सडक
- काँकडभिट्टा-लौकही सडक
- कमला-कञ्चनपुर सडक
- सूर्यविनायक-धुलिखेल सडक
- जामुने-पोखरा सडक

## पुनःस्थापनाका लागि सुकुमवासी बस्तीका ९३० परिवारले टिपाए नाम

**सरकारले कतै घरजग्गा भए नभएकोदेखि सम्पूर्ण विवरणसम्बन्धी १५ दिनभित्र सूक्ष्म 'स्क्रिनिङ' गर्ने, त्यसपछि जग्गाजमिन नभएकालाई इचंगुस्थित अपार्टमेन्टमा राख्ने तयारी**

**गौरव पोखरेल** (काठमाडौं)

सरकारले काठमाडौंको थापाथली, गैरीगाउँ र कागेश्वरी मनोहराको सुकुमवासी बस्ती खाली गराएपछि विस्थापित भएको भन्दै पुनःस्थापनाका लागि ९३० परिवारले नाम टिपाएका छन् । ती परिवारमा ३ हजार ९ सय ५७ जना सदस्य रहेका छन् ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलका अनुसार, घरजग्गा नभएर सरकारको सहयोग चाहनेको नामावली संकलन दशरथ रंगशालामा गरिएको छ । त्यसक्रममा समस्यामा परेकालाई विभिन्न होटल, लजदेखि कीर्तिपुरस्थित राधास्वामी सत्संग नेपालको भवनसम्ममा राखिएको उनले बताए ।

'आगामी १५ दिनभित्र उहाँहरूको कतै घरजग्गा भए, नभएकोदेखि सम्पूर्ण विवरणको कठोर स्क्रिनिङ हुन्छ,' उनले कान्तिपुरसँग भने, 'त्यसपछि सबै जाँचमा यदि घरको कुनै सदस्यको नाममा समेत जग्गाजमिन रहेनछ भन्ने भयो भने व्यवस्थापन गरिनेछ ।' सरकारले शनिबार बिहानै ठूलो सुरक्षा उपस्थितिका बीच थापाथलीस्थित सुकुमवासी बस्ती खाली गराउने अभियान थालेको थियो । **बाँकी पृष्ठ ९**



**सुकुमवासी बस्तीमा डोजर लगाएर हटाइएपछि कीर्तिपुरस्थित राधास्वामी सत्संग नेपालको भवनमा राखिएका विस्थापित ।**
**तस्बिर : हेमन्त श्रेष्ठ**/कान्तिपुर




## सशस्त्रको आईजीपीमा पौड्याल, जिम्मेवारीसँगै चुनौती पनि

**मातृका दाहाल** (काठमाडौं)

सशस्त्र प्रहरी महानिरीक्षक (आईजीपी) मा नारायणदत्त पौड्याल बढुवा भएका छन् । सशस्त्र प्रहरी प्रधान कार्यालय प्रशासन तथा मानवस्रोत विभाग प्रमुखसमेत रहेका अतिरिक्त महानिरीक्षक (एआईजी) पौड्याललाई सोमबार बसेको मन्त्रिपरिषद् बैठकले आईजीपीमा बढुवा गरेको हो ।

हालका आईजीपी राजु अर्याल ४ वर्षे पदावधि पूरा गरी १८ वैशाखदेखि अनिवार्य अवकाशमा जाँदै छन् । त्यसपछि रिक्त हुने नेतृत्वमा पौड्याललाई बढुवा गरिएको हो । पौड्याल हालका आईजीपी अर्यालसँगै सेवा प्रवेश गरेका अधिकृत हुन् । उनी सशस्त्र प्रहरीमा १३ औं महानिरीक्षकका रूपमा नेतृत्वमा पुगेका हुन् । १८ वैशाखबाट उनले नेतृत्व सम्हाल्नेछन् । उनीसँगै नेतृत्वका लागि सीमा विभाग प्रमुखसमेत रहेका अर्का एआईजी वंशीराज दाहाल पनि प्रतिस्पर्धामा थिए ।

चैत २०५४ मा नेपाल प्रहरीमा निरीक्षकबाट सेवा प्रवेश गरेका पौड्याल २०५७ माघमा सशस्त्र प्रहरी बल गठनसँगै एक तह बढुवासहित स्थानान्तरण भएका थिए । १८ असार २०५८ मा सशस्त्रको कामु डीएसपी भएका उनी सोही वर्षको १८ चैतमा डीएसपी बनेका थिए । २९ चैत २०६३ मा एसपी, २ जेठ २०७० मा एसएसपी, १३ कात्तिक २०७५ मा डीआईजी र ६ जेठ २०७९ मा एआईजी बनेका थिए ।

सुर्खेतको वीरेन्द्रनगर-१३ करेखोलामा रेश्कीलाल र नन्दकलीबाट ९ मंसिर २०३० जन्मिएका पौडेलले त्रिविबाट एमए उतीर्ण गर्नुका साथै राष्ट्रसंघीय शान्ति मिसनमा बसेर काम गरिसकेका छन् । पौड्याल एआईजी बनेको करिब ५ महिनापछि आईजीपीका अर्का प्रतिस्पर्धी दाहाल २८ असोजमा एआईजीमा बढुवा भएका थिए । बढुवा भएसँगै हालको ३० वर्षे सेवा अवधि कायम रहे पौड्याल १८ चैत २०८४ सम्म नेतृत्वमा रहनेछन् । नवनियुक्त आईजीपी पौड्यालमाथि २३ र २४ भदौको जेन-जी आन्दोलनका घटनासम्बन्धी गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले विभागीय कारबाही सिफारिस गरेको थियो । तर, सरकारले संगठनमा ज्येष्ठता कायम गर्दै पौड्याललाई नै बढुवा गरेको हो ।

आयोगको प्रतिवेदन कार्यान्वयनबारे सुरक्षा निकायहरूको हकमा थप जाँचबुझ गर्न २ वैशाखमा उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा प्रहरीका पूर्वएआईजी टेकप्रसाद राई र सशस्त्र प्रहरीका पूर्वएआईजी सुबोध अधिकारी सम्मिलित तीन सदस्यीय जाँचबुझ समिति बनाइएको थियो । **बाँकी पृष्ठ ९**



### नयाँ आईजीपीका चुनौती

- आन्तरिक र सीमा सुरक्षा तथा जनशक्ति परिचालनमा स्पष्ट 'म्यान्डेट'
- सार्वजनिक खरिदमा पारदर्शिता
- २५ वर्ष पुरानो सशस्त्र प्रहरी ऐन संशोधन
- अन्तरसुरक्षा निकाय समन्वय
- सामूहिक नेतृत्व प्रणालीको विकास

# डेटा सेन्टरको हब बन्दै नेपाल नीति नियममा अझै अन्योल

सत्तारूढ दलले अर्थतन्त्रलाई रूपान्तरण गर्न डेटा सेन्टरजस्ता डिजिटल पूर्वाधारमा जोड दिइरहँदा, यी संरचनाहरू निर्माण हुने क्षेत्रका स्थानीय समुदायसँग तिनले पार्ने असरको विरोध गर्ने कुनै कानुनी आधार छैन



ललितपुरको नक्खुस्थित एनसेल डेटा सेन्टर । तस्बिर : सुर्याम्स उप्रेती/कान्तिपुर

**आर्या चन्द** (काठमाडौं)

ललितपुरको नक्खुस्थित एनसेलको डेटा सेन्टर आसपासका गल्लीहरूमा समय बिताउन कठिन हुन्छ । केही मिनेट उभिँदा नै लुगा, अनुहार, नोटबुक जताततै धूलोको पत्रै-पत्र जमिसक्छन् । निरन्तर कुदिरहने ट्रक र व्यस्त रहने विभिन्न थरी मेसिनको आवाजबीच पर्खालछेउ उभिएका सेक्युरिटी गार्डहरूले सो स्थानमा निरन्तर पहरा दिइरहेका देखिन्छन् ।

पर्खालभित्रका संरचनामा सर्भरहरू, तिनलाई चिस्याउने प्रणाली र बत्ती गएका बेला चालु हुने गरी तयारी अवस्थामा राखिएका डिजेल जेनेरेटरहरूको लामो लाइन छ । सो संरचना बन्दै गर्दा ललितपुरको वडा नं ४ र जोडिएको वडा नं १६ का बासिन्दालाई यस्तो किसिमको सेन्टर बन्दै छ भन्ने थाहा रहेनछ ।

'सरजमिन गर्ने बेला हामीसँग दस्तखत लिँदा त वेयरहाउस अर्थात् गोदाम बनाउने भनेर लिइएको हो,' वडा नं ४ स्थित एकता टोल विकास संस्थाकी अध्यक्ष ज्योत्सना गुप्ताले भनिन्, 'पछि त यहाँ यत्रो ठूलो डेटा सेन्टर पो बन्यो, हामीसँग वडा समितिहरू कसैले पनि सल्लाह र छलफल गरेनन् ।'

डेटा सेन्टरकै सँधियारका छिमेकी गोपाल डंगोलका अनुसार उनीसँग अनुमति लिँदा पनि त्यहाँ थप टहरा बनाउने भनेर कागजात देखाइएको थियो । 'कुनै पनि निर्माण कार्य गर्दा नक्सा पास र छिमेकीको मञ्जुरीनामा अनिवार्य चाहिने भएकाले उनीहरू मकहाँ पनि आएका थिए,' डंगोलले भने, 'मैले कागजात हेर्दा त्यसमा टहरा बनाउने उल्लेख थियो । त्यही देखेर मैले मञ्जुरीनामा दिएको थिएँ ।' निर्माण कार्य सुरु भएपछि कामदारहरूसँग बुझ्दा त्यहाँ डिजेल जेनेरेटर राख्ने भवन बनाइएको र त्यो 'टहरा' निकै ठूलो परियोजना हो भन्ने थाहा पाएको डंगोलले बताए ।

विरोध सुरु हुन थालेपछि एनसेलले वडा ४ का बासिन्दासँग बैठक आयोजना गरेको र त्यसमा कुनै सहमति हुन नसकेको स्थानीय बताउँछन् । त्यस ठाउँबाट कुनै विकिरणको जोखिम नहुने भनिए पनि आफू र अन्य छिमेकीहरू विश्वस्त हुन नसकेको डंगोलको गुनासो छ । स्थानीयले आपत्ति जनाए पनि ललितपुर महानगरपालिकाले निर्माण स्वीकृति दिएको र त्यसलाई लिएर आजसम्म पनि आफूहरूले विरोध जनाइरहेको डंगोलले बताए ।

जे बनाउने भनेर सुरु गरिएको थियो र अन्तमा जे बनाइयो, यसले स्थानीयवासीसँगको मनमुटावलाई मात्रै होइन, सरकारले ठूलो स्तरमा विस्तार गर्न सकिने क्षेत्रका रूपमा प्राथमिकतामा राखेको, डेटा सेन्टरको विषयले आगामी दिनमा के-कस्तो तरंग र प्रभाव सिर्जना गर्न सक्छ भन्ने संकेत पनि गर्छ । नवगठित रास्वपा सरकारले सार्वजनिक गरेका सयबुँदे क्रियाकलाप, प्रतिबद्धता पत्रजस्ता दस्ताबेजहरूमा एआई र डेटा सेन्टरलाई देशको आर्थिक रूपान्तरण र आधुनिक पूर्वाधारको मुख्य आधारका रूपमा उल्लेख गरिएको छ ।

ललितपुर वडा नं १६ मा वर्षौंदेखि स्टिलको कारखाना सञ्चालन गर्दै आएका बाबुराजाका अनुसार एनसेलको डेटा सेन्टर निर्माण हुँदा नै चर्को विरोध भएको थियो । 'रातको समयमा ती मेसिनहरूबाट आउने आवाज यति चर्को हुन्छ कि घरै थर्किन्छ,' उनले भने, 'त्यहाँबाट दिनहुँ कालो धूवाँ निस्कन्छ ।' सेन्टरको अघिल्तिर घर भएका रामकृष्ण राउतले भने, 'एकदमै डिस्टर्ब गर्छ । चौबिसै घण्टा आवाज आउँछ । अन्त कतै लगिदिए राम्रो हुन्थ्यो ।'

सबै स्थानीयवासीको एउटै गुनासो भने छैन । कतिपयलाई डेटा सेन्टरभन्दा सवारीसाधनको धूवाँ र ध्वनि प्रदूषणले हैरान पारेको छ । वडा १३ का बासिन्दा अमर श्रेष्ठको अनुभवमा निरन्तर दौडिने टिपर र ट्रकहरूले कुलिङ फ्यानभन्दा ठूलो आवाज निकाल्छन् । सवारीसाधनको धूवाँका कारण नक्खु आसपास गर्मी बढी हुने उनको बुझाइ छ । 'डेटा सेन्टरको छेउमै बस्नेहरूलाई चाहिँ गर्मीभन्दा ध्वनि प्रदूषणले बढी दिक्क बनाउँछ,' उनले थपे । यो पूर्वाधार बनाउँदा आफूहरूलाई सत्य/तथ्य जानकारी नदिएको विषयमा भने दुवै वडाका बासिन्दा एकमत छन् ।



लोडसेडिङको सामना गरिरहेका घरपरिवारलाई बिजुली दिने कि विदेशी कम्पनीका सर्भरहरूलाई सेवा ? डेटा सेन्टरका मेसिन चिस्याउन ठूलो मात्रामा पानी चाहिन्छ, अहिले नै नेपालका कतिपय ठाउँमा पानीको अभाव देखिन्छ, रोजगारीको तर्क दिएर यस्ता चुनौतीको बेवास्ता गर्न मिल्दैन

**दोभान राई**
सूचना प्रविधि विज्ञ



धेरै आयोजना सम्पन्न हुने चरणमा रहेकाले आगामी दिनमा घरेलु आवश्यकताभन्दा बढी विद्युत् आपूर्ति हुने भएकाले डेटा सेन्टरको सम्भावना छ । नियमन कुन निकायले गर्ने भन्ने विषयमा छलफल भइरहेको छ । त्यसैले वन तथा वातावरण मन्त्रालय मातहतका निकायले वा स्थानीय सरकारले नियमन गर्ने भन्ने टुंगिइसकेको छैन

**अरनिको पाँडे**
रास्वपा केन्द्रीय समिति सदस्य



आर्थिक रूपमा डेटा सेन्टरको महत्व छ कि छैन वा नीतिगत रूपमा तयार भए/नभएको बहसभन्दा पनि नेपालमा यस्ता पूर्वाधारको सम्भाव्यता अध्ययन वा कुनै प्रमाण छैन । व्यावसायिक सफलताको पक्ष बलियो छ भने नीतिगत वातावरण बनाउने र अन्योल समाधानको काम समानान्तर रूपमा अघि बढाउन सकिन्छ

**दिप्त शाह**
पूर्वाधार तथा लगानी सल्लाहकार

गुप्ताको चिन्ता भने ध्वनि वा धूवाँ मात्र होइन । 'यस प्रकारको उच्च जोखिम पूर्वाधार बाक्लो जनसंख्या भएको सहरी क्षेत्रको बीचमा हुनु हुँदैन,' उनले भनिन् । तर, गुप्ताको यो राय जायज मान्ने वा जायज होइन भनेर तथ्यांकसहित प्रमाणित गर्ने कुनै नियामकीय संरचना नेपालमा छैनन् ।

द काठमान्डु पोस्टले सोधेको प्रश्नहरूको जवाफमा एनसेलले यो सुविधा ललितपुर महानगरपालिकाबाट पूर्ण स्वीकृति लिएर निर्माण गरिएको, अन्तर्राष्ट्रिय रूपमै प्रमाणीकरण भएको र सूचना प्रविधि विभागद्वारा औपचारिक रूपमै देशको पहिलो प्रमाणित डेटा सेन्टरका रूपमा २०२५ को निर्देशनअन्तर्गत स्थापना गरिएको बताएको छ । 'डेटा सेन्टरले कुनै पनि हानिकारक विकिरण प्रवाह गर्दैन,' कम्पनीले आधिकारिक इमेलमार्फत भनेको छ । तर निर्माण सुरु हुनुभन्दा पहिले डंगोल र गुप्ताजस्ता सँधियार र स्थानीयवासीलाई हस्ताक्षर गर्न लगाइएको भनिएको कागजात र आफ्नो अनुगमनसम्बन्धी तथ्यांक उपलब्ध गराउन गरिएका अनुरोधका विषयमा भने एनसेलले कुनै प्रतिक्रिया दिएन ।

डेटा सेन्टर सूचीकरण गर्ने निकाय सूचना प्रविधि विभागले सामुदायिक सूचना आफ्नो कार्यादेशभन्दा बाहिरको विषय भएको जनाएको छ । 'हामी नयाँ व्यवसाय दर्ता गर्ने वा तिनीहरूलाई इजाजतपत्र दिइरहेका छैनौं,' विभागका सूचना अधिकारी प्रकाश दवाडीले भने, 'हामी सम्बद्ध व्यवसायले हाम्रो निर्देशिकाअनुरूपका मापदण्डहरू पूरा गर्छन् कि गर्दैनन् भनेर अनुगमन मात्रै गर्ने निकाय हौं । निरीक्षणले पूर्वाधारको विश्वसनीयता, आगलागीबाट सुरक्षा, नेटवर्कको स्थिरता र डेटा सुरक्षालाई समेट्छ तर समुदायसँगको परामर्श हाम्रो कार्यक्षेत्रमा पर्दैन ।' दवाडीले डेटा सेन्टर स्थापना हुनुअघि नै सम्पन्न गरिनुपर्ने वातावरणीय प्रभाव मूल्यांकनलगायतका चरणमा विभागको कुनै भूमिका नहुने बताए ।

यस्ता प्रकृतिका कर्पोरेट संरचनाले दिने आश्वासन र सार्वजनिक रूपमा प्रमाणित गर्न सकिने नतिजाबीचको अन्तर नेपालमा मात्र सीमित छैन । चिली र मेक्सिकोका डेटा सेन्टरहरूको जाँच गर्ने २०२५ को एक अध्ययनको नतिजाले दुवै स्थानमा समुदायहरूले बुझ्न वा विरोध गर्न सक्नेभन्दा छिटो गतिमा पानीका स्रोतहरू खपत हुने र त्यसले स्थानीय वातावरणमा दबाब बढेको संकेतहरू देखाएको थियो । चिलीमा सरकारले पहिले चुपचाप निर्माणकर्ताहरूलाई वातावरणीय मूल्यांकनहरू छल्न अनुमति दिएको र पछि प्रश्न उठ्दा त्यहाँको वातावरण मन्त्रालयले सो विषय स्वीकार गर्दै नयाँ नियमहरू आवश्यक पर्ने प्रतिक्रिया दिएको थियो । पहिले पूर्वाधार निर्माण भयो र प्रश्न उठेपछि बल्ल नियमन मस्यौदा गरियो । समुदायसँग परामर्श गरिएकै भए पनि सुरु भइसकेपछि गरियो । नक्खुमा अहिले लगभग यही इतिहास दोहोरिएको छ ।

नेपालमा भर्खरै सत्ता सम्हालेको नवनिर्वाचित सरकारले यस्ता कामहरू व्यापक रूपमा गर्ने प्रस्ताव अघि सारेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नेपाललाई देशको जलविद्युत् ऊर्जाद्वारा सञ्चालन हुने डेटा सेन्टर, आर्टिफिसियल इन्टेलिजेन्स र कम्प्युटेसनल पावरको विश्वव्यापी केन्द्रमा रूपान्तरण गर्ने अवधारणासहित डिजिटल पूर्वाधारलाई आफ्नो आर्थिक दृष्टिकोणको केन्द्रमा राखेको छ । पाँच वर्षभित्र, रास्वपाले नेपाललाई जलविद्युत् निर्यात गर्ने देशबाट एआई र सर्भर प्रशोधन समय निर्यात गर्ने देश बनाउने योजना सार्वजनिक गरेको छ । 'क्रिप्टो माइनिङ पाइलट' परियोजनाहरू पहिलो वर्षभित्रै सुरु गरिने रास्वपाको योजनामा देखिन्छ ।

डिसहोमका पूर्वप्रमुख कार्यकारी सुदीप आचार्य नेपालको सस्तो बिजुली भारत वा सिंगापुरको तुलनामा अर्थपूर्ण प्रतिस्पर्धात्मक लाभ बन्न सक्ने र स्थानीय रूपमा 'होस्ट' गरिएको डेटाले विदेशी सर्भरहरूमा देशको निर्भरता कम गर्ने तर्क गर्छन् । तर, उनी त्यसका लागि वातावरण अझै तयार नभएको, नेपालमा एउटा मात्र बिजुली उपयोगिता रहेको र कनेक्टिभिटीका लागि भारत र चीनमा निर्भर हुनपर्नुका साथै नीतिगत वातावरण धेरै अस्थिर रहेको स्वीकार गर्छन् । 'सरकारले छिटो काम गर्न आवश्यक छ र ती नीतिहरू स्थिर प्रकृतिको र आकलन गर्न सकिने किसिमको हुनुपर्छ,' उनले भने ।

सूचना प्रविधि विज्ञ दोभान राई भने अलिक कम आश्वस्त छिन् । 'ऊर्जाको स्रोत स्वच्छ हुँदैमा उद्योग पनि सफा हुन्छ भन्ने हुँदैन,' उनको भनाइ छ, 'नेपालको बिजुली उत्पादन अझैसम्म सीमित छ, यस्तोमा लोडसेडिङको सामना गरिरहेका घरपरिवारहरूलाई बिजुली दिने कि विदेशी कम्पनीहरूका सर्भरहरूलाई सेवा दिने ?' यस्ता केन्द्रले गर्ने अत्यधिक पानी खपतमा पनि उनको चासो छ । डेटा सेन्टरहरूलाई आफ्नो मेसिनहरू चिसो पार्न ठूलो मात्रामा पिउनयोग्य पानी चाहिन्छ । अहिले नै नेपालका कतिपय ठाउँमा पानीको अभाव देखिन्छ । रोजगारीको तर्क दिएर यस्ता चुनौतीलाई बेवास्ता गर्न नमिल्ने राईको विचार छ ।

'तिनीहरू डेटा राख्ने गोदामहरू हुन्, केही सुरक्षा र मर्मतसम्भार भूमिकाबाहेक तिनीहरूले अत्यन्तै सीमित रोजगारी अवसरहरू प्रदान गर्छन्,' राईले भनिन्, 'अझै, क्रिप्टोकरेन्सीका बारेमा त हाम्रा संस्था र साइबर सुरक्षा पूर्वाधारहरू यसले निम्त्याउन सक्ने फ्रड, जोखिम र अस्थिर प्रकृतिलाई सम्हाल्न सक्ने गरी बलिया छैनन् ।'

क्रिप्टोका विषयमा नेपाल राष्ट्र बैंकका पनि आफ्नै चासो र चिन्ता छन् । बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले विद्यमानी कानुनी व्यवस्थाले क्रिप्टोकरेन्सीलाई पहिचान नगर्ने उल्लेख गरे । नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले करेन्सी नोट, पोस्टल अर्डर, पोस्टल नोट, चेक, ड्राफ्ट, क्रेडिट कार्ड, विनिमयपत्रलगायत भौतिक मुद्रालाई मात्रै 'मुद्रा' मानेको छ । पौडेलले क्रिप्टोलाई औपचारिक वित्तीय प्रणालीमा कुनै किसिमले नजोडिएको विकेन्द्रीकृत र निजी क्षेत्रको प्रणालीका रूपमा व्याख्या गरे । 'यसमा कुनै अभिलेख वा केन्द्रीय निकाय नहुने भएकाले दायित्व कसको हो भन्ने थाहै हुँदैन,' उनले भने ।

क्रिप्टो माइनिङ गर्दा वैदेशिक मुद्रा खर्च हुने भएकाले स्थानीय मुद्रा सिर्जनाभन्दा यो वैदेशिक लगानीकै हिस्साजस्तो देखिने पौडेलले तर्क गरे । क्रिप्टोका विषयमा नवगठित रास्वपा सरकारले कुनै पहल गर्न चाहेको भए, यसलाई कानुनी मान्यता दिएर काम थाल्नुपर्ने उनको सुझाव छ । अहिले क्रिप्टोकरेन्सी नेपालमा प्रतिबन्धित छ ।

रास्वपाको वाचापत्र निर्माणमा संलग्न पार्टीका केन्द्रीय समिति सदस्य अरनिको पाँडे वातावरणीय प्रभाव मूल्यांकन गरेर पानीको संकट नहुने गरी उचित स्थानमा डेटा सेन्टरहरू राखिने बताउँछन् । विभिन्न जलविद्युत् आयोजना सम्पन्न हुने चरणमा रहेकाले आगामी दिनमा घरेलु आवश्यकताभन्दा बढी वा अतिरिक्त विद्युत् उल्लेख्य हुने भएकाले यस्ता सेन्टरको सम्भावना रहेको उनको बुझाइ छ । तर, कार्यान्वयनको पाटोमा उनका जवाफ स्पष्ट थिएनन् । 'विद्युतीय फोहोर व्यवस्थापनमा पनि हामी प्रतिबद्ध छौं तर ठ्याक्कै कसरी गर्ने भन्नेमा खाका तयार गर्न बाँकी छ,' पाँडेले भने । वैदेशिक लगानीका डेटा सेन्टरको नियमन कुन निकायले गर्छ भन्ने प्रश्नमा उनले यसमा छलफल भइरहेको प्रतिक्रिया दिए । 'डेटा सेन्टरको सन्दर्भमा कुन पक्ष वन तथा वातावरण मन्त्रालय मातहतका निकायले नियमन गर्ने र कुन स्थानीय सरकारले गर्ने भन्ने सुनिश्चित भइसकेको छैन,' उनले भने ।

वन तथा वातावरण मन्त्रालयका अधिकारीहरूले पनि यस विषयमा अन्योल रहेको प्रतिक्रिया दिए । वातावरण संरक्षा नियमावली, २०७७ को अनुसूची-२ र ३ मा मध्यमस्तर, ठूला र संवेदनशील आयोजना निर्माण गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने उल्लेख भए पनि सूचीमा 'डेटा सेन्टर' समावेश छैन । यसको अर्थ हाल, डेटा सेन्टरले वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्छ भन्ने कानुनी बाध्यता छैन । 'हाम्रा विद्यमान कानुनहरूमा डेटा सेन्टरजस्ता पूर्वाधारले उत्पन्न गर्ने प्रदूषण, विद्युतीय फोहोर, पानी र ऊर्जा खपतका विषयमा परिकल्पना नै गरिएको छैन,' वन मन्त्रालयको वातावरण तथा जैविक विविधता महाशाखाका सहसचिव दीपक ज्ञवालीले भने, 'अबका नीति-नियममा हामीले यस्ता विषय समावेश गर्ने मन्त्रालयको योजना छ ।'

पूर्वाधार तथा लगानी सल्लाहकार दिप्त शाह यो प्रश्नलाई फरक तरिकाले हेर्छन् । आर्थिक रूपमा यसको महत्त्व छ कि छैन वा नीतिगत रूपमा तयार भए/नभएको बहसभन्दा नेपालमा यस्ता पूर्वाधारको सम्भाव्यता अध्ययन वा कुनै प्रमाण नभएको उनले औंल्याए । 'हामीसँग जलविद्युत्लाई डेटा सेन्टरमा र अझ विशेषगरी हाइपरस्केलमा जडान गर्ने अनुभव पनि छैन,' उनले भने । विदेशी लगानी भित्र्याउनुअघि नेपालमा अहिले अघि सारिएका अवधारणाको परीक्षण गर्ने संरचना आवश्यक पर्ने उनको तर्क छ । कुलिङ प्रणाली र स्वच्छ ऊर्जाले कम गराउने लागत भूकम्पीय जोखिमको क्षेत्रमा स्तरीय डेटा सेन्टर निर्माण गर्दा आवश्यक पर्ने अतिरिक्त पुँजी लागतभन्दा बढी हुने वा नहुने प्रमाणित हुनुपर्नेमा शाहको जोड छ ।

नियामकीय अनिश्चितताबारे पनि शाहको आफ्नो धारणा छ । 'नीतिगत अस्थिरता जोखिम त हो तर लगानीकर्ताहरू अन्ततः व्यावसायिक प्रतिफल चाहन्छन्,' उनले भने, 'व्यावसायिक सफलताको पक्ष बलियो छ भने नीतिगत वातावरण बनाउने र अन्योल समाधानको काम समानान्तर रूपमा पनि अघि बढाउन सकिन्छ ।'

नक्खुमा रहेको एनसेल डेटा सेन्टरमा छुट्टै पावर फिडर छ । त्यसले गर्दा आसपासका क्षेत्रमा लोडसेडिङको समस्या भने छैन । यसले नियामक स्वीकृति प्राप्त गरेको छ र अन्तर्राष्ट्रिय प्रमाणपत्रहरू पनि हासिल गरेको छ । तर, गुप्ताले वर्णन गरेका समस्यालाई तीमध्ये कुनैले पनि सम्बोधन गर्दैनन् । सो क्षेत्रमा उक्त संरचनाको दीर्घकालीन प्रभाव र निम्त्याउन सक्ने हानि निर्धारण हुने गरी अध्ययन हालसम्म गरिएको छैन ।

रास्वपाले हालैको निर्वाचनमा नेपाली राजनीतिक इतिहासमा कुनै पनि दलले नपाएको जनादेश पाएको छ । नवीकरणीय ऊर्जा, उच्च मूल्यको निर्यात, श्रमको सट्टा सूचना प्रविधि बेच्ने देशका रूपमा नेपाललाई चिनाउने सपनाका बलिया समर्थकहरू प्रशस्तै छन् । तर धेरैले सोध्ने प्रश्न भनेको डेटा सेन्टरहरू नेपालको भविष्यको हिस्सा हुनुपर्छ कि पर्दैन भन्ने होइन । लगानी आउनु र पूर्वाधार बन्ने क्षेत्रहरू किटान गरिनुअघि नै त्यसबारे नीतिगत र व्यावहारिक ढाँचा कस्तो बन्छ भन्नेमा अहिले धेरैको जिज्ञासा रहेको पाइन्छ ।

शाहसँग यसको पनि सरल जवाफ छ, 'रास्वपाका लक्ष्यहरू महत्त्वाकांक्षा बढाउने दिशामा राम्रा देखिन्छन् । तर, काम नगरी सपना पूरा हुँदैनन् । त्यसैले गर्न सक्ने काम थालेर हामी यथार्थपरक समाज बन्नु उपयुक्त हुन्छ ।'


वर्गीकृत डिस्प्ले

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*


घर बिक्रिमा



गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# अन्ततः आङ्देम्बे भए कांग्रेस संसदीय दलको नेता

## प्रतिनिधिसभाकै ज्येष्ठ सदस्य अर्जुननरसिंह केसी र सांसद मोहन आचार्य मुख्य प्रतिस्पर्धामा थिए तर उपसभापति विश्वप्रकाश शर्मा नेतृत्वको चार सदस्यीय संयन्त्रले भीष्मराज आङ्देम्बेको पक्षमा सहमति जुटाएको हो

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

कांग्रेस संसदीय दलको नेतामा भीष्मराज आङ्देम्बे चयन भएका छन् । पार्टी नेताहरूबीचको लामो रस्साकसीका बीच आङ्देम्बेलाई नेता बनाउन सोमबार सहमति जुटेको हो । दलका नेताका लागि आङ्देम्बेका अतिरिक्त प्रतिनिधिसभाकै ज्येष्ठ सदस्य अर्जुननरसिंह केसी र मोहन आचार्य मुख्य प्रतिस्पर्धामा थिए । आङ्देम्बे र केसी दुवै समानुपातिकतर्फका र आचार्य रसुवाबाट प्रत्यक्ष निर्वाचित सांसद हुन् ।

कांग्रेस सभापति गगन थापाले सहमतिबाटै दलको नेता चयन गर्ने भन्दै गत शुक्रबार निर्वाचन प्रक्रिया स्थगित गर्न लगाएका थिए । सहमतिका लागि त्यसै दिन बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा अर्का उपसभापति पुष्पा भुसाल, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरेलाई जिम्मेवारी दिएको थियो ।

पार्टीभित्रको आन्तरिक व्यवस्थापन नभइसकेको अवस्थामा संसदीय दलको नेतालाई लिएर थप विवाद बढाउन नहुने भन्दै पदाधिकारीले सर्वसम्मतिको प्रयास थालेका थिए । केसी र आचार्यलाई मनाएपछि आङ्देम्बे निर्विरोध भएका हुन् । केसी दलको नेता चयन प्रक्रियामा भने सामेल भएनन् । उनको अनुपस्थितिलाई सांसदहरूले असन्तुष्टिका रूपमा बुझेका छन् । अर्का आकांक्षी आचार्य भने उपस्थित भएरै आङ्देम्बेको पक्षमा समर्थन गरेका थिए ।

महामन्त्री पौडेलका अनुसार अन्य आकांक्षीलाई मनाएर आङ्देम्बेको नाममा सहमति जुटाएपछि सबै सांसदले स्वीकार गरेकाले सर्वसम्मत सम्भव भएको थियो । सर्वसहमतिका लागि जिम्मेवारी पाएका उपसभापति शर्मासहित चारै पदाधिकारीले बिहान ११ बजे निवासमै गएर केसीलाई मनाएका थिए । 'पार्टीले गरेको निर्णय मान्छु, अब निर्वाचन नहुने भएपछि म नआउन पनि सक्छु भन्ने कुरा गर्नुभएको हो, तर असन्तुष्टि जनाउनुभएको छैन,' महामन्त्री पौडेलले भने । त्यसअघि नै आङ्देम्बेले केसीसँग कुराकानी गरिसकेका थिए । निर्विरोध भएपछि पनि उनी केसीलाई भेट्न उनकै निवास गएका थिए ।

चार जनाको संयन्त्रले सहमति जुटाएपछि सोमबार बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले निर्णय नै गरेर सांसदलाई पार्टीको निर्णय स्वीकार गरिदिन प्रस्ताव गरेको थियो । पार्टीको निर्णय लिएर थापा आफैं संसदीय दलको कार्यालय गएर सांसदहरूमाझ प्रस्तुत भएका थिए । उनको प्रस्तावलाई उपस्थित सांसदले लिखित स्वीकार गरेपछि आङ्देम्बे दलको नेतामा निर्विरोध भएका हुन् ।

'दलको विधानअनुसार नेता चयन गर्ने अधिकार सांसदहरूकै हो, पार्टीले सर्वसम्मतिको पहल लिन भनेर चार जनालाई जिम्मेवारी दिएको थियो, हामीले सबै आकांक्षीसँग छलफल गरेर एउटा नाम दियौं,' पौडेलले भने, 'पार्टीको आग्रहलाई सबै सांसदले स्वीकार गर्नुभयो ।'

आफ्नो ससुरा परेकाले सभापति थापाले केसीलाई दलको नेता बनाउन चाहेका थिएनन् । त्यसैकारण सुरुमा उनी प्रत्यक्षबाट दलको नेता बनाउनुपर्ने भन्दै आचार्यको पक्षमा लागेका थिए । उपसभापति शर्मा सुरुदेखि नै आङ्देम्बेलाई सर्वसम्मति बनाउन जोडबल गरिरहेका थिए । पूर्वसभापति शेरबहादुर देउवा र नेता शेखर कोइराला पक्षको समेत सहमति जुटेपछि आङ्देम्बेलाई नेता बनाउन सभापति थापा तयार भएका हुन् ।

फाल्गुनन्द गाउँपालिका-१ (साविक नवमीडाँडा) मा २०२० मा जन्मेका आङ्देम्बे पार्टीका पूर्वसहमहामन्त्री हुन् । पार्टीभित्र मध्यमार्गी विचार राख्ने नेताका रूपमा चिनिन्छन् । उनी पार्टीको १४ औं महाधिवेशनबाट सहमहामन्त्री निर्वाचित भएका हुन् । संसदीय यात्रामा भने उनको यो दोस्रो कार्यकाल हो ।

उनी पहिलोपल्ट २०७० को संविधानसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचित सांसद हुन् । त्यसपछि २०७४ र २०७९ को निर्वाचनमा एमालेका बसन्तकुमार नेम्वाङसँग पराजित भएका थिए । यस पटक उनी आदिवासी जनजाति क्लस्टरबाट समानुपातिक सांसद भएका हुन् । उनी २०३६ को जनमत संग्रहदेखि नै कांग्रेसको राजनीतिमा लागेका थिए ।

नेविसंघ, तरुण दलमा समेत जिम्मेवारी सम्हालिसकेका छन् । उनले २०४२ मा पहिलोपल्ट नेविसंघको सदस्यता लिएका थिए । उनको औपचारिक राजनीतिक जीवन त्यसपछि सुरु भएको हो । २०४६ देखि २०५२ सम्म नेविसंघ केन्द्रीय सदस्यका रूपमा दुई कार्यकाल निर्वाचित भए । त्यसपछि पार्टीको केन्द्रीय सदस्य र सहमहामन्त्रीसम्म भए । यसअघि संसदीय समितिको सभापतिसमेत भएर काम गरिसकेका छन् ।



कांग्रेस संसदीय दलको नेतामा भीष्मराज आङ्देम्बे निर्विरोध चयन भएपछि सोमबार उनलाई प्रमाणपत्र हस्तान्तरण गर्दै पार्टी सभापति गगनकुमार थापा । तस्बिर : दीपक केसी/कान्तिपुर

> दलको नेता चयन प्रक्रियामा केसी सामेल भएनन्, त्यसैले निर्वाचित भएपछि आङ्देम्बे उनलाई भेट्न निवासमै पुगेका थिए

# नेकपा महाधिवेशन ११–१५ मंसिरमा

## महाधिवेशनले नयाँ विधान, कार्यदिशा र नेतृत्व चयन गर्ने, नेतृत्व हस्तान्तरणको विषय प्रमुख रूपमा उठाउने युवा नेताको तयारी

**गंगा बीसी** (काठमाडौं)

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले आगामी मंसिरमा महाधिवेशन गर्ने भएको छ । केन्द्रीय संयोजन समितिको सोमबारको बैठकले ११-१५ मंसिरसम्म काठमाडौंमा महाधिवेशन गर्ने निर्णय गरेको हो । ४५ सदस्यीय केन्द्रीय संयोजन समितिले महाधिवेशनको मिति तोकेको हो ।

जसअनुसार केन्द्रीय महाधिवेशनअघि जेठ मसान्तसम्म संघ, प्रदेश, पालिका वडा र जनवर्गीय संगठनहरूको समायोजन गर्ने, असार र साउनमा श्रम शिविर र सदस्यता नवीकरण गर्ने, १५ भदौसम्म वडा अधिवेशन, भदौ मसान्तसम्म पालिका, असोज मसान्तसम्म जिल्ला, १५ कात्तिकमा प्रदेश अधिवेशन हुनेछ । त्यसपछि ११-१५ मंसिरमा काठमाडौंमा राष्ट्रिय महाधिवेशन गर्ने निर्णय भएको नेता प्रकाश ज्वालाले जानकारी दिए । ज्वालाका अनुसार महाधिवेशनले नयाँ विधान, कार्यदिशा र नेतृत्व चयन गर्नेछ ।

महाधिवेशनमा नेतृत्व हस्तान्तरणको विषय प्रमुख रूपमा उठाउने युवा नेताको तयारी छ । जेन-जी आन्दोलनपछि पार्टीहरूमा पुस्तान्तरणको चर्को माग हुँदै आएको छ ।

नेकपा वरिष्ठ नेता वर्षमान पुनले महाधिवेशनले पार्टीको नीति र नेतृत्व पुनर्गठन गर्ने बताए । 'महाधिवेशनबाट नीति र नेतृत्व पुनर्गठन गरी पार्टी पुनर्निर्माणको दिशामा अघि बढ्नेछौं,' उनले भने, 'केन्द्रदेखि स्थानीय तहसम्मका संगठनहरूमा युवालाई कार्यकारी भूमिकामा ल्याएर गति दिने हाम्रो योजना छ ।' नेता प्रकाश ज्वालाले पनि नीति र नेतृत्वमा पुनर्गठन नगरी पार्टी पुनर्गठन गर्न कठिन हुने भएकाले त्यहीअनुसार महाधिवेशनमा मुद्दा बन्ने बताए । 'पार्टी पुनर्गठन मूल मुद्दा हो । त्यसका लागि नीति र नेतृत्व पुनर्गठनबारे छलफल सुरु भएको छ,' उनले भने ।

केन्द्रीय संयोजन समितिमा बोल्ने नेताहरूले पनि नेकपाको भविष्यका लागि कार्यकारी भूमिकामा युवालाई ल्याउनुपर्ने धारणा राखेका छन् ।

- जेठ मसान्तसम्म संघ, प्रदेश, पालिका वडा र जनवर्गीय संगठनहरूको समायोजन
- असार र साउनमा श्रम शिविर र सदस्यता नवीकरण
- १५ भदौसम्म वडा अधिवेशन, भदौ मसान्तसम्म पालिका, असोज मसान्तसम्म जिल्ला, १५ कात्तिकमा प्रदेश अधिवेशन

'पार्टी संगठनको मात्र होइन, नेतृत्वको पनि पुनर्गठन र रूपान्तरण गर्न जरुरी छ । त्यसका निम्ति पनि ठोस कार्ययोजना बनाएर अगाडि बढ्नुपर्छ,' नेकपाको निर्णयमा भनिएको छ ।

महाधिवेशन तयारीसँगै नेकपाले तत्कालै सांगठनिक, वैचारिक, आर्थिक र प्राविधिक कामको ठोस कार्ययोजना बनाएर अगाडि बढ्नुपर्ने निर्णय पनि गरेको छ । 'पार्टीको पुनर्गठन र रूपान्तरण अभियान व्यापक रूपमा सञ्चालन गर्नुपर्ने भएको छ,' बैठकले पारित गरेको प्रस्तावमा उल्लेख छ, 'पार्टी संगठन र पार्टीसम्बद्ध जनवर्गीय संगठनहरूलाई नयाँ ढंगले पुनर्गठन र रूपान्तरण गर्न जरुरी छ । त्यसका लागि एक महिनाभित्र पालिका तहसम्म भएका सबै संगठन समायोजन गर्ने र नभएका स्थानमा नयाँ संगठन निर्माण गर्ने, तीन महिनाभित्र सबै वडामा संगठन निर्माण गरिसक्ने ।' प्रविधिमैत्री पार्टी बनाउने, माथिदेखि तलसम्म समग्र पुनर्गठन गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

१९ कात्तिक २०८२ मा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीसहितका ८ दलको एकता सम्झौतामा ५ महिनाभित्र महाधिवेशन गर्ने सहमति गर्दै तत्कालीन माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई संयोजक र समाजवादी अध्यक्ष माधवकुमार नेपाललाई सहसंयोजक तोकेको थियो । र, ६ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशन गर्ने सहमति पनि भएको थियो । जेन-जी आन्दोलनपछि दाहालले केन्द्रीय समिति भंग गरी आफ्नो संयोजकत्वमा महाधिवेशन आयोजक समिति गठन गरेका थिए । नेकपा दाहाल र नेपालको नेतृत्वमा चुनाव गएको थियो । चुनावमा पार्टीले नमीठो हार बेहोरेको थियो । नेकपाले प्रत्यक्षतर्फ ८ र समानुपातिक ९ गरी १७ सिट मात्र जितेको छ ।

नेकपाका नेताहरूका अनुसार दाहालले नेतृत्व हस्तान्तरण गर्न चाहेका छैनन् । अन्तिम पटक पार्टीको नेतृत्व फरक ढंगले गर्ने उनले बताउँदै आएका छन् । ९ वैशाखमा नेकपा स्थापना दिवसमा दाहालले माथिदेखि तलसम्म युवालाई कार्यकारी भूमिकामा ल्याउने उल्लेख गर्दै आफू फरक भूमिकामा नेतृत्वमा रहने बताएका थिए । नेकपाको केन्द्रीय समिति सदस्यहरू २ हजार ५ सय पुगिसकेका छन् । नेकपा जन्मिएपछि केन्द्रीय समिति बैठक बस्न सकेको छैन । विधानअनुसार केन्द्रीय कार्य समिति ६०१ जनाको हुने उल्लेख छ । तर, अहिलेसम्म उक्त समितिसमेत गठन भएको छैन । संयोजक दाहाल र सहसंयोजक नेपालले नै पार्टीका तर्फबाट महत्त्वपूर्ण निर्णय गर्दै आएका छन् । फागुनमा प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक सूची बनाउने र प्रत्यक्षतर्फ टिकट वितरण पनि उनीहरूकै निर्णयमा भएको थियो ।

नेकपाले संविधान संशोधनका लागि ११ सदस्यीय कार्यदल गठन गरेको छ । सरकारले संविधान संशोधनका लागि दलहरूसँग छलफल गरिरहेका बेला सोमबार नेकपाको केन्द्रीय संयोजन समिति बैठकले कार्यदल बनाएको हो । कार्यदलमा देव गुरुङ, प्रकाश ज्वाला, प्रेमबहादुर सिंह, रणध्वज कन्दङ्वा, रेखा शर्मा, गणेश विक, मुक्ति प्रधान, खिमलाल देवकोटा, डम्बरविक्रम थापा, जगदेव चौधरी र रामबहादुर चौधरी छन् । कार्यदलले संविधान संशोधनका लागि प्रतिवेदन तयार गर्ने कार्यादेश पाएको छ ।



सम्पादकीय

# पदीय भूमिकाको गरिमा भुलेका सांसद

सदनमा देखिएको नयाँ अनुहारको बाहुल्यताले धेरै हदसम्म पुराना अनुहारलाई विस्थापित गरेको छ । पुराना पार्टीसँगै पुराना कार्यशैली पनि विस्थापित हुनुपर्ने हो । यद्यपि, कतिपय विकृतिलाई पछ्याउने सवालमा भने नयाँले पनि पुरानैलाई आदर्श मानेको देखिन्छ । त्यसको एउटा सन्दर्भ हो- सांसदहरूले योजना माग्दै मन्त्रालय धाइरहेको परिदृश्य । आगामी आर्थिक वर्षका लागि बजेट लेखनले तीव्रता पाइरहेका बेलामा नवनिर्वाचित सांसदहरूले बजेट विनियोजनको माग गर्दै आआफ्नो क्षेत्रका योजनाहरूको सूची नै मन्त्रालयलाई बुझाइरहेका हुन् । यसले सांसदले स्वयंको भूमिकाको व्यापकता बुझ्न नसकेको, विगतको विकृतिबाट सिक्न नसकेको, बजेट वितरण प्रणाली बुझ्न नसकेको, सर्वोच्च अदालतले दिएको आदेशको मर्मबोध नगरेको र अन्ततः संघीय प्रणालीअनुरूप सोच बनाउन नसकेको प्रस्ट हुन्छ । सांसदले योजना सुझाउने र त्यसलाई बजेटमा पार्ने अभ्यासलाई सरकारले निरुत्साहित गर्नुपर्छ । बलियो सरकारले यस्ता विषयमा प्रणाली स्थापित गर्नका लागि बलियै अडान राख्नुपर्छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा ६ सय ८६ आयोजनामा बजेट माग गरी सकिएको छ । तिनमा सडक र पुल निर्माणका धेरै छन् । राष्ट्रिय योजना आयोगले स्थानीय तहअन्तर्गत नै हुनुपर्ने भनेका खुद्रे आयोजनाका लागि समेत सांसदले बजेट माग गरिरहेका छन् । जस्तो कि, रौतहट-१ को दुर्गा भगवती गाउँपालिकास्थित बौधिमाई मन्दिरदेखि ब्रह्मस्थानसम्म सडक स्तरोन्नतिका लागि २० लाख विनियोजन गर्न आग्रह गरिएको छ । रौतहट-१ बाट निर्वाचित रास्वपा सांसद राजेश चौधरीले यीलगायतका योजनाका लागि बजेटको माग गरेका हुन् । भौतिक मन्त्रालयमा दाङ-१ का रास्वपा सांसद देवराज पाठकले २७, सल्यानका नेकपा सांसद रमेशकुमार मल्लले २५, खोटाङका श्रम संस्कृतिका सांसद आरेन राईले २२, पश्चिम नवलपरासी-१ का रास्वपा सांसद विक्रम खनालले २०, रुकुम पूर्वका नेकपा सांसद पुष्पकमल दाहालले १९, बाजुराका कांग्रेस सांसद जनकराज गिरीले १८ योजनामा बजेट माग गरेका छन् ।

आफूले चाहेको आयोजनाका लागि बजेट पारिदिनका लागि सांसदले दबाब सिर्जना गर्नु भनेको स्वयंको भूमिका नबुझ्नु हो । सांसदको मूल भूमिका नीति तथा कानुन निर्माण गर्नु हो । सरकारले गर्ने विकास निर्माणको कामकारबाहीमा निगरानी गर्नु हो । सरकारलाई जवाफदेही बनाउनु हो । जब सरकारले गर्नुपर्ने विकास निर्माणको काम नै आफूले गर्ने भनेर सांसद अघि सर्छन् भने त्यहाँ भूमिकाकै विरोधाभास हुन जान्छ । सांसदले त कस्तो र कसरी विकास गर्ने, कस्ता आयोजनालाई प्राथमिकता दिने, कस्ता क्षेत्रमा कस्ता आयोजना राख्दा सन्तुलित विकासलाई योगदान पुग्छ भनेर नीति बनाउने हो, सार्वजनिक दबाब सिर्जना गर्ने हो । त्यसको पालना गर्न सरकारलाई दबाब दिने हो । तसर्थ यतिखेर आफूले चाहेका योजनामा बजेट पारिदिन मन्त्रालय धाइरहेका सांसदहरूले सांसद पदकै गरिमालाई कमजोर बनाइरहेका छन् । पुराना पार्टी र सांसदले बलियो बनाएको यो विकृतिलाई नयाँ पार्टी र तिनका सांसदले पनि निरन्तरता दिन खोज्नु भने अस्वाभाविक छ । यो अन्त्य हुन जरुरी छ ।

सांसदको यस्तो प्रवृत्तिले विगतको सांसद विकास कोष, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम वा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम जस्ता आलोचित कार्यक्रमको धङधङी बोकेको छ । मनमोहन अधिकारी नेतृत्वको सरकारका अर्थमन्त्री भरतमोहन अधिकारीले १ पुस २०५१ मा बजेट प्रस्तुत गर्दै सांसदलाई नै बजेट खर्च गर्न दिने प्रक्रिया गरेका थिए । कालान्तरमा यस्ता कार्यक्रम कार्यकर्ता पाल्ने, बजेटलाई कनिका जस्तै छर्ने र अधिक भ्रष्टाचार गरिने क्षेत्रमा परिणत भए । त्यसपछि सांसदलाई बजेट दिन रोक्नुपर्ने आवाज बलियो बन्दै गएको छ । सर्वोच्च अदालतले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन नगर्न भन्दै ६ भदौ २०८० मा दिएको अन्तरिम आदेशमा पनि सुशासनकै विषयलाई जोड दिइएको थियो । त्यसयता प्रत्यक्ष रूपमा सांसदलाई बजेट दिन बन्द गरिएको छ । तर सांसदकै चाहनाअनुसारका आयोजनामा बजेट राख्ने घुमाउरो बाटो भने अपनाउँदै आइएको छ । यस पटक पनि सांसदहरू मन्त्रालय धाउनुको अन्तर्य त्यही हो । सरकारले सार्वजनिक रूपमै सांसदको यस्तो प्रवृत्ति अस्वीकार्य भएको सन्देश दिनुपर्छ ।

राष्ट्रिय योजना आयोगले तीन करोड रुपैयाँभन्दा बढीका आयोजनामा मात्र बजेट विनियोजन गर्ने गरी लागू गरेको 'राष्ट्रिय आयोजना बैंक मापदण्ड २०८१' अभ्यासमा छ । मापदण्डअनुसार, प्रदेशमा एक करोडभन्दा बढीका र स्थानीय तहमा साना रकमका परियोजना मात्र आयोजना बैंकमा राख्न पाउँछन् । सांसदहरूले टुक्रे आयोजनाका लागि दबाब दिँदा यो मापदण्डकै उल्लंघन हुन जान्छ । उसै पनि तीन तहको सरकार छ, जहाँ सानातिना विकास निर्माणका कामका लागि स्थानीय सरकार नै छ । मध्यम आयोजनाका लागि प्रदेश सरकार छ । ठूला नीतिहरूको नेतृत्व गर्नुपर्ने र ठूला बजेटका आयोजनामा संलग्न हुनुपर्ने सरकार स-साना आयोजनामा अल्झिनु वाञ्छनीय हुँदैन । निगरानी र चुस्त कार्यान्वयनका दृष्टिले पनि यो उचित होइन । यति हुँदाहुँदै पनि विगतमा स-साना आयोजनाका लागि बजेट विनियोजन हुने गरेको थियो । आर्थिक वर्ष २०८२/८३ कै बजेटमा पनि एक हजार दरका योजनासमेत समेटिएको थियो । जस्तो कि, सुरक्षित नागरिक आवास कार्यक्रममा भुक्तानी दिन भन्दै एक हजारका २० वटा कार्यक्रम राखिएको थियो । यस्तो प्रवृत्तिको आलोचना भएको थियो । संघीय प्रणालीको मर्म र टुक्रे आयोजनाले बढाएको भ्रष्टाचारलाई सांसदले बेवास्ता गर्न मिल्दैन ।

यसर्थ, सांसदहरूले टुक्रे आयोजनाका लागि दबाब बढाउने प्रवृत्तिले सरकारलाई संसद्प्रति जवाफदेही बनाउने संसदीय प्रणाली नै कमजोर बन्न पुग्छ । सांसदको भूमिका सदनमा जनताका मुद्दा कति प्रभावकारी ढंगले उठाउन सके र कति बलिया कानुन बनाउन सके भन्ने पक्षबाट मूल्यांकन हुनुपर्छ । सांसदले सरकारलाई जवाफदेही बनाउने हो । सांसदहरू पनि विकासको संवाहक बन्न खोज्नु अस्वाभाविक होइन, तर उनीहरू टुक्रे आयोजना छनोट र बजेट परिचालनमा संलग्न भने हुनुहुँदैन ।

# दाइजोविरुद्ध उपसभामुखको सराहनीय पहल



सृष्टि राणा

(राणा अन्तर्राष्ट्रिय सम्बन्ध विज्ञ हुन् । उनले महिलासम्बन्धी अध्ययन तथा लेखहरू लेखेकी छन्)

केही दिनअगाडि नयाँ उपसभामुख रुवीकुमारी ठाकुरले दाइजोसम्बन्धी आफ्नो अडान सार्वजनिक गरेर यसलाई सम्पूर्ण रूपमा बहिष्कार गर्ने तथा दाइजो लिने र दिने विवाहमा आफू सहभागी नहुने जानकारी गराउनुभयो । यो अत्यन्तै सराहनीय धारणा हो । हुन त उहाँले दाइजोसम्बन्धी लिएको अडान कुनै पनि सभ्य समाजको साधारण आचरणमा पर्छ तर यस लेखमा उहाँको तारिफ गर्नुको एउटा छुट्टै पृष्ठभूमि छ ।

**असंवेदनशील राजनीतिक नेतृत्व**

माओवादी द्वन्द्वपश्चात् शान्ति प्रक्रिया सुरु भएपछि एउटा अनुसन्धानले के देखाएको थियो भने महिलामाथि हुने हिंसा नेपालमा बढ्दो छ । शान्ति प्रक्रियाद्वारा लैंगिक समानतालाई केही प्राथमिकता दिइए पनि सशस्त्र द्वन्द्वमा हिंसालाई सामान्यीकरण गर्ने हुँदा त्यसको सबैभन्दा धेरै नकारात्मक असर महिलालाई परेको रहेछ । महिलामाथि बढ्दो हिंसामध्ये दाइजो सम्बन्धित हिंसा प्रमुख देखिएको थियो ।

त्यही समयताका संयोगले म एउटा त्यस्तो परियोजनामा संलग्न हुन पुगें, जसले सबै प्रमुख राजनीतिक दलहरूलाई एकै मञ्चमा राखेर नयाँ संविधानका विवादित विषयहरूमा सहमति खोज्ने पहल गर्थ्यो । आधा जनसंख्याको भौतिक सुरक्षाका विषय संविधानभन्दा पनि महत्त्वपूर्ण हो कि जस्तो लागेर मैले प्रमुख दलहरूको बैठकमा महिला हिंसा अन्त्य गर्न राजनीतिक दलहरू आफैंले पहल गर्नुपर्ने धारणा राखें । यस्तो संवेदनशील विषय समाधान गर्न गैरसरकारी संस्थाहरूको भर परेर मात्र हुँदैन भनेर जोड दिएँ ।

छलफलका क्रममा मधेशमा दाइजोको समस्या अत्यन्तै विकराल भएकाले यस विषयमा त्यहाँ सामूहिक अभियान चलाउनुपर्ने प्रस्ताव आयो । तर मधेशकेन्द्रित दलका केही प्रतिनिधिहरूले दाइजोका विषयमा सर्वदलीय अभियानमा जान मधेशको परिवेशमा सम्भव नभएको बताए । मैले बुझेअनुसार दाइजो अन्त्य गर्ने अभियान मधेशका ठूलाबडाको स्वार्थविपरीत हुन्थ्यो । यदि ठालुहरू रिसाए भने आफ्नो भोट घट्ने हो कि भन्ने चिन्ता मधेशका नेताहरूको थियो । यसै कारणले गर्दा दाइजो अन्त्य गर्ने राजनीतिक अभियान सञ्चालन हुन सकेन ।

**जिउँदै जलाइएकी रिहाना**

दाइजो समस्याप्रति राजनीतिक असंवेदनशीलताको परिणाम तुरुन्तै देखियो । सन् २०१४ मा जब काठमाडौंका विलासी होटलहरूमा महिला दिवस मनाइँदै थियो, नेपालगन्जबाट भने १९ वर्षीया रिहाना शेखलाई श्रीमान्ले जिउँदै जलाएको समाचार आयो । कारण थियो– दाइजो । उनका श्रीमान्ले रिहानाका परिवारसँग मोटरसाइकल, घडी र भैंसी माग गरेका थिए । जब त्यो माग पूरा भएन, श्रीमान्ले रिहानालाई शारीरिक यातना दिन थाले । उनी चुरोटले रिहानाका शरीरभरि पोलिदिन्थे । एक दिन त उनले रिहानालाई जलाइदिए । जबकि त्यतिबेला उनी सात महिनाकी गर्भवती थिइन् ।

यो समाचार पढ्दा सबैभन्दा हृदयविदारक सन्दर्भ के थियो भने– रिहानालाई जलाएपछि उनको परिवारले मर्नका लागि त्यत्तिकै कोठामा छोडेर हिँड्नु । उनी पीडामा रोएर कराएको सुनेपछि छिमेकीहरूले रिहानालाई बचाएका थिए । मरेको भए त सकिहाल्थ्यो (यो आफैंमा अत्यन्त दुःखद् विषय हुन्थ्यो) तर आगोले जलेको शरीर लिएर कुनै उपचारबिना ती रिहानाले कसरी पीडा सहिन् होला ?

रिहानाका श्रीमान् कुनै दलसँग आबद्ध भएकाले उनलाई भारत भगाइएको थियो । चर्चामा आएपछि केही राजनीतिक नेताहरू रिहाना भेट्न वीर अस्पताल गए । तर उनीहरूले न रिहानाका अपराधीहरूलाई समात्न पहल गरे, न त त्यसको जड दाइजो अन्त्यका लागि नै । बिचरा जलेकी गर्भवती रिहानाको वजन २० किलोमा झरेको रहेछ । केही व्यक्तिगत पहल गरेर उनलाई पोषणयुक्त खानाको व्यवस्था गरियो । तर रिहानालाई भेट्न गएका शक्तिशाली नेताहरूबाट उनको स्वास्थ्य उपचारका लागि पनि कुनै योगदान भएन ।




तस्बिर : कान्तिपुर

विगतमा दाइजोको समस्यामा नेताहरूको यस्तो असंवेदनशीलता देखेकाले नयाँ उपसभामुखले राख्नुभएको सामान्य अडान पनि सराहनीय लागेको हो । महिलामाथि हुने हिंसा नेपालमा बढ्नुको मुख्य कारण राजनीतिक दलहरूले महिला हिंसाका अपराधीहरूलाई संरक्षण गर्ने प्रवृत्ति पनि हो । यो समस्या नेतृत्वको कति कम प्राथमितामा परेको छ भन्ने विषय नेपाल सरकारसँग दाइजोबाट पीडित महिलाहरूको समष्टिगत तथ्यांङ्कसमेत पनि नभएकाले सन्दर्भले देखाउँछ ।

**देशैभरि दाइजोको समस्या**

मधेश मात्र होइन, दाइजोको समस्या देशैभरि छ । यसमा आफ्ना केही व्यक्तिगत प्रसंगहरू जोडेर चर्चा गर्ने कोसिस गरेकी छु । मैले भारतको प्रसिद्ध लेडी श्रीराम कलेजमा स्नातक पढ्ने मौका पाएकी थिएँ । त्यहाँकी प्रधानाध्यापिका मीनाक्षी गोपीनाथलाई खाँटी महिलावादी भनेर चिनिन्थ्यो । एक दिन उहाँले एसेम्बलीमा रिसाउँदै भन्नुभयो- 'यस्तो प्रतिष्ठित कलेजमा पढेर सक्षम भएपछि पनि आमाबुबालाई विवाहका लागि खर्च गर्न दबाब दिने भए, आफ्नो डिग्री च्यातिदिनू ।'

उहाँका अनुसार भारतमा हजारौं किसानले आफ्ना छोरीहरूलाई दाइजो दिन नसकेर आत्महत्या गरेका थिए । यदि पढेलेखेका महिलाहरूले पनि दाइजोको चलनमा परिवर्तन नल्याउने हो भने उनीहरूको डिग्रीको कुनै औचित्य हुँदैन । उहाँको धारणाले मेरो कलिलो युवा मनलाई अत्यन्तै प्रभावित पार्‍यो । मैले आफू र आफ्ना नजिकका साथीमा उहाँले भनेको विषय लागू गर्ने निर्णय गरें । दाइजो मात्र होइन, विवाहमा नै कुनै खर्च गरिएन भने सायद त्यसले आर्थिक रूपमा कमजोर परिवारमा छोरीको विवाहको खर्चका लागि सामाजिक दबाब कम हुन्थ्यो कि भन्ने लागेको थियो ।

कलेज सकिएको केही वर्षपछि विवाहको समय भयो । सबैभन्दा पहिला मेरी बाल्यकालदेखिकी साथीको पालो आयो । उनी सम्पन्न परिवारकी अत्यन्तै सक्षम इन्जिनियर थिइन् । कुनै खर्चै नगरी उनको विवाह गर्न त सम्भव भएन तर मेरो सुझाव अनुसार उनले विवाहमा अत्यन्त थोरै र सामान्य गहना लगाइन् । प्रायः विवाहमा छोरीहरूलाई खाट, दराज, सोफा सेट दिने चलन हुँदा उनले उपहारै दिने भए विवाहमा होइन, बरु पछि मलाई पैसा नै दिनु भनेर आफ्नो परिवारलाई भनिन् ।

हाम्रो उद्देश्य भनेको यदि सम्पन्न घरका सक्षम छोरीहरूले सीमित गहना लगाएर, केही दाइजो नलिई विवाह गरे भने विपन्न परिवारलाई पनि त्यसो गर्न सकिन्छ भन्ने उदाहरण मिलोस् भन्ने थियो । आफैं राम्रो कमाउने र चेतनशील भएकीले ती साथीमा दाइजोको कुरीतिविरुद्ध लड्ने बलियो आत्मविश्वास थियो ।

तर विवाहको केही हप्तापछि नै त्यो आत्मविश्वास समाप्त भयो । उनले मलाई भेटेर भनिन्- 'तिमीले दिएको सल्लाह त बेठिक रहेछ । विवाहपछि श्रीमान्का केही आफन्तहरू त के-के ल्याएको रहेछ भनेर कोठामा हेर्न आए, त्यहाँ केही थिएन ।' उनका गहना पनि श्रीमान्का आफन्तले हेरेका रहेछन् । 'कति साना ? यति थोरै के लगाएको ?' भनेर साथीकी सासूलाई सुनाएका रहेछन् । सामाजिक दबाबमा आएर साथीकी सासूले 'आफूसँग थिएन भने हामीले नै दिएको ठूलो सेट लगाएको भए भइहाल्थ्यो नि' भन्नुभएछ ।

नयाँ दुलही मेरी साथीलाई नयाँ परिवारबाट यस्तो धारणा सुन्नु परेर निकै चित्त दुखेछ र साह्रै तनाव भएछ । साथीले अनुभव गरे अनुसार- विवाहमा दिएको भनेको छुट्टै हुँदो रहेछ, पछि छोरीलाई जति दिए पनि त्यसको अर्थ हुँदो रहेनछ । विवाहमा नदिँदा बुहारी र उनको परिवारको इज्जत नै हुँदैन रहेछ ।

> महिलामाथि हुने हिंसा नेपालमा बढ्नुको मुख्य कारण राजनीतिक दलहरूले महिला हिंसाका अपराधीहरूलाई संरक्षण गर्ने प्रवृत्ति पनि हो । यो समस्या नेतृत्वको कति कम प्राथमिकतामा परेको छ भन्ने विषय नेपाल सरकारसँग दाइजोबाट पीडित महिलाहरूको समष्टिगत तथ्यांकसमेत पनि नभएको सन्दर्भले देखाउँछ ।

यति शिक्षित र आर्थिक रूपमा आत्मनिर्भर महिलाहरूको अवस्था त यस्तो छ भने अरूको के होला ? यसले के देखाउँछ भने गाउँमा मात्रै होइन, सहरमा पनि दाइजोको सामाजिक दबाव उत्तिकै व्याप्त छ । राजधानी काठमाडौंमै व्यापारिक मारवाडी घराना अहिले पनि निर्धक्क 'तिलक' को माग गर्छन्, उनीहरू धनी भएर होला, यसलाई कुनै अपराध नै मानिँदैन । जनजाति समुदाय, जसमा दाइजोको कुनै चलन नै थिएन, त्यहाँ पनि यो कुरीति सुरु भएको छ । जनवादी विवाहको विकल्प दिने वामपन्थी नेताहरू पनि आजकल दाइजो संस्कृतिलाई बढावा दिने भद्दा विवाहको आयोजक भएका गत साल जेन-जी विद्रोहमा भाइरल भएको भिडियोले देखाएको थियो । यी उदाहरणले मधेशमा मात्रै होइन, देशैभरि दाइजोको समस्या व्याप्त छ भन्ने देखाउँछ ।

**समाजकै भाइरस**

झट्ट हेर्दा विवाहमा आफूले सकेको उपहार छोरीलाई दिनु के गलत भयो भन्ने प्रश्न उठ्ला । तर यो हाम्रो समाजको थुप्रै उत्पीडनसँग जोडिएको छ । हाम्रो समाजमा 'छोरा होस्' भन्ने मान्यता यही दाइजोको बोझसँग मुख्य रूपमा सम्बन्धित छ । यही बोझबाट बाँच्नका लागि हाम्रो समाजमा कैयौं छोरीको गर्भमै हत्या पनि गरिन्छ, जुन आजकल बढेको पाइएको छ । एउटा अध्ययन अनुसार नेपालमा जनसंख्याको अनुपातमा हुनुपर्ने हरेक पचास महिलामा एक महिला गायब छन् । यस्तो अवस्थाले सम्पूर्ण महिलामा कस्तो मनोवैज्ञानिक असर पर्छ होला ?

छोरीको भ्रूण हत्या मात्र होइन, दाइजोका कारण मधेशमा कैयौं युवा महिलाले रिहानाले जस्तै यातना भोग्नुपर्छ । दाइजोका कारण हुने कति हत्यालाई भान्साको दुर्घटना भनेर ढाकछोप गरिन्छ र अपराधीलाई कुनै सजाय नै हुँदैन । फेरि मधेशमा यही दाइजोकै कारण महिला शिक्षाबाट पनि वञ्चित हुन्छन् । आमाबाबुहरू पढाउनुभन्दा दाइजोका लागि पैसा जम्मा गर्न बाध्य हुन्छन् ।

अहिलेको चरम उपभोक्तावादी संस्कृतिमा, हुनेखानेले दाइजोको चलनलाई निरन्तरता दिँदा कैयौं परिवारहरूले छोरीको विवाहमा ऋण बोक्नुपर्ने बाध्यता छ । यस्तो ऋण चुकाउन नसक्दा कैयौं छोरीका बाबु र छोरी आफैंले आत्महत्या गरेका उदाहरण छन् । त्यसैले दाइजो हाम्रो समाजमा विद्यमान डरलाग्दो भाइरस हो, जसले हाम्रो समाजलाई विषाक्त बनाएको छ । यस्तो सन्दर्भमा आफ्नी छोरीलाई माया गरेर विवाहमा उपहार दिँदा के बिग्रन्छ भन्ने लाग्छ भने कैयौं निर्दोष छोरी, जो दाइजोको निहुँमा मारिन्छन्, तिनलाई सम्झनुपर्छ जस्तो लाग्छ । कैयौं छोरीका बाबु, जो आत्महत्या गर्न विवश हुन्छन्, तिनलाई पनि सम्झिनु जरुरी छ ।

**दाइजो प्रथाको अन्त्य**

अहिलेसम्मको हाम्रो अनुभवले के देखाएको छ भने शिक्षाको बिस्तारले मात्रै दाइजोको अन्त्य नहुँदो रहेछ । कतिपय क्षेत्रमा जति पढेलेखेको भयो, उति नै धेरै दाइजो लिने चलन भएको भन्ने सुनिन्छ ।

समग्रमा भन्दा दाइजोको समस्या बहुआयामिक भएकाले समाधान पनि बहुआयामिक चाहिन्छ । सबैभन्दा पहिला त छोरीलाई दाइजो होइन, समान पैतृक सम्पत्ति दिने संविधानको अधिकार सरकारले प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नुपर्छ । समान सम्पत्ति दिएपछि दाइजो आफैं असान्दर्भिक हुनुपर्ने हो ।

त्यसका साथै दाइजो, उपसभामुखले भनेझैं बहिष्करण मात्रै होइन, कुरीतिको रूपमा अपराधीकरण गर्न जरुरी छ । अहिले हाम्रो कानुनले प्रत्यक्ष रूपमा दाइजो माग्नुलाई मात्र अपराध मान्छ । राजीखुसीले लिने-दिने चलनलाई हिन्दु धर्म-संस्कृतिसँग जोडेर यसलाई कानुनी वैधानिकता दिइएको छ (सामाजिक सुधार २०३३ ऐनमा दस हजारसम्म दाइजो दिन पाउने व्यवस्था छ) । जबकि पछिल्ला केही अध्ययनले दाइजो प्रथा हिन्दु धर्मबाट नभएर भारतमा बेलायती उपनिवेशबाट मौलाएको कुरीतिका रूपमा देखाएको छ ।


दाइजोको सामाजिक दबाबले गर्दा प्रत्यक्ष नमागे पनि सबै छोरीका परिवारलाई आफ्नो प्रतिष्ठाका लागि भए पनि दाइजो दिनुपर्ने बाध्यता छ । त्यसैले प्रत्यक्ष दाइजो माग्नेलाई मात्र होइन, राजीखुसी लिने-दिने चलनलाई पनि कुरीतिका रूपमा अपराधीकरण गर्न आवश्यक छ ।

दाइजोको चलन नेपाल सरकारले हस्ताक्षर गरेको मानवअधिकार र महिला अधिकार सम्बन्धित अन्तर्राष्ट्रिय कानुनविरुद्ध पनि छ । कानुनले नै दाइजो दिनेलाई अपराध मानेर कारबाही हुन थालेपछि सामाजिक प्रतिष्ठासँग जोडिएको यसको सामाजिक दबाव पनि स्वतः घट्नेछ ।

हुन त दाइजोका विषय मेरो विज्ञता होइन, सीमित भोगाइको चिन्तन मात्रै हो । अरू थुप्रै विज्ञसँग दाइजो पूर्णरूपले अन्त्य गर्ने अझै राम्रा उपायहरू हुन सक्छन् । तर दाइजो अन्त्य नभएको विज्ञको सुझावको कमी भएर भने होइन, राजनीतिक इच्छा-शक्तिको कमी भएर हो ।

नयाँ उपसभामुखले दाइजोका विषय उठाएपछि मैले सरकारको नेतृत्व गरिरहेका रास्वपाका केही दस्तावेजहरू हेरें । मधेशी मूलका 'देशलाई सुधार्छु' भन्ने एक छोरीका बाबु प्रधानमन्त्री भएकाले दाइजोसम्बन्धी ठोस प्रस्तावहरू होलान् भन्ने लागेको थियो । तर रास्वपाको वाचापत्र, एक सय कार्यसूचीहरू र राष्ट्रिय प्रतिबद्धता, कुनैमा पनि दाइजोको समस्यालाई प्राथमिकता दिएको पाइनँ । दाइजोका कारणबाट छोरीहरूले जल्नुपर्ने अवस्था नेपालमा अन्त्य नभएसम्म के प्रधानमन्त्रीले परिकल्पना गर्नुभएको- 'म नेपाल हाँसेको हेर्न चाहन्छु'- सार्थक हुन्छ होला र ?

# संसद्मा प्रभावकारी प्रतिनिधित्वको राजनीतिक प्रश्न



नवीन पौडेल

(पौडेलले हालसालै हार्वर्ड विश्वविद्यालयबाट अर्थशास्त्र र राजनीतिशास्त्रमा स्नातक अध्ययन पूरा गरेका छन् । उनी संवैधानिक व्यवस्था तथा लोकतान्त्रिक अभ्यासमा पनि रुचि राख्छन्)

नेपालमा सांसद र मन्त्रीलगायतका राजनीतिकर्मीको शैक्षिक योग्यता धेरै चर्चा र वादविवाद हुनेमध्येको एक विषय रहिआएको छ । देशलाई दीर्घकालीन असर पार्ने नीति तथा नियमको निर्माण गर्ने र कार्यान्वयन गर्ने स्थानमा जनताले शिक्षित व्यक्तिको खोजी गर्नु स्वाभाविक नै हो । तर संसद्मा हुने लोकतान्त्रिक प्रतिनिधित्वलाई डिग्री, औपचारिक शिक्षा वा विज्ञताका सीमामा मात्र रहेर हेर्न सकिँदैन । आखिर हामीले कस्ता सांसद खोजेका हौं ? उनीहरूले कसको वा केको प्रतिनिधित्व गर्छन् र कसरी गर्छन् ? यस प्रश्नको जवाफ संविधानले आफ्नै संरचनामार्फत दिने प्रयास गरेको छ । तर व्यवहारमा त्यो परिकल्पना पूर्ण रूपमा कार्यान्वयन भएको देखिएको छैन । त्यसैले मुख्य प्रश्न अब संविधानले कल्पना गरेको प्रतिनिधित्वलाई व्यवहारमा कसरी उतार्ने भन्ने हो ।

शिक्षित र विज्ञ सांसद खोजिनुको पछाडि स्वार्थ वा क्षणिक लाभभन्दा पनि देशको दीर्घकालीन हितलाई ध्यानमा राखेर निर्णय लिने स्वविवेकी सांसद हुन् भन्ने चाहना रहेको बुझ्न सकिन्छ । आम नागरिकलाई संसद्मा छलफल हुने अर्थ, शिक्षा, स्वास्थ्य लगायतका विशिष्टीकृत विषयको ज्ञान नहुन सक्छ तथा भैपरी आइपर्ने विषयमा समेत सांसदले आफ्नो विवेक प्रयोग गरेर तत्काल निर्णय लिनुपर्ने हुन सक्छ । यस्तो अवस्थामा ज्ञान र विज्ञता भएका सांसद खोज्नु स्वाभाविक हो । तर सांसदलाई यसरी स्वविवेकी अधिकार दिने हो भने उनीहरूले असल ठानेका तर अलोकप्रिय वा आफूले प्रतिनिधित्व गर्ने जनचाहनाविपरीतका निर्णय लिन सक्छन् त ? वा, त्यस्ता निर्णय लोकतान्त्रिक मान्न सकिन्छ ? लोकतन्त्रमा जनतासँग आफ्नो चाहना जस्ताको त्यस्तै संसद्मा राख्ने अधिकार हुन्छ, त्यसैले जनप्रतिनिधिले आफ्नो विचारभन्दा पनि जनचाहनालाई प्राथमिकता दिनुपर्छ भन्ने मान्यता पनि उत्तिकै बलियो छ ।

यस दृष्टिकोणमा सांसदहरूले जनताको दूत वा प्रवक्ताको मात्रै भूमिका निभाउँछन् । उनीहरूको मुख्य काम आफ्नो ज्ञान वा विज्ञताभन्दा पनि जनचाहना के छ भन्ने बुझेर संसद्मा प्रस्तुत गर्नु हो । यसका लागि सांसद हुने व्यक्तिमा शिक्षाभन्दा पनि राम्रोसँग सुन्न र बोल्न सक्ने तथा जनतासँग सम्पर्कमा रहन सक्ने क्षमताको आवश्यकता पर्छ । तर सबै जनताको चाहना एउटै हुँदैन र प्रत्येक विषयमा जनचाहना के छ भनेर सहजै र तुरुन्तै बुझ्न पनि सकिँदैन । यस्तो अवस्थामा कसको विचारको प्रतिनिधित्व गर्ने भन्ने अन्योल रहन्छ ।

यदि जनताको इच्छा वा चाहना उनीहरूको लिंग, धर्म वा समुदाय जस्ता विशेषताले निर्धारण गर्छ भनेर मान्ने हो भने संसद् भनेको समाजको लघुरूप वा लघुराष्ट्र बन्न पुग्छ । यस विचारअनुसार संसद्ले समाजको हरेक वर्ग, लिंग, जातजाति, पेसा, धर्म आदिलाई समानुपातिक रूपले प्रतिविम्बित गर्नुपर्छ । यसअनुरूप महिला, दलित वा जनजाति समुदायको चाहना सोही समूहकै सांसदले प्रतिनिधित्व गर्न सक्छन् भन्ने तर्क रहन्छ । तर त्यसरी प्रत्येक समूहका सबै सदस्यका इच्छा एउटै हुन्छन् भन्ने हुँदैन ।

सांसदहरू यसरी स्वविवेकी, दूत वा प्रतिविम्बात्मक भूमिकामा सीमित रहन्छन् भन्ने छैन । अक्सर उनीहरू मिश्रित भूमिकामा पनि देखिन्छन् । कुनै विषयमा आफूलाई निर्वाचित गर्ने जनताको चाहनाको प्रतिनिधित्व गर्ने, अन्य विषयमा आफ्नै विवेक प्रयोग गर्ने र कतिपय अवस्थामा आफ्नो समुदायका मुद्दा अगाडि सार्ने काम पनि उनीहरूले गर्न सक्छन् । कुन अवस्थामा कसको विचार सुन्ने भन्ने विषय नै प्रतिनिधित्वको राजनीतिक प्रश्न बन्न आउँछ ।

यस प्रश्नबारे विभिन्न सिद्धान्त भए पनि नेपालको संसदीय व्यवस्थाको अभ्यास केही फरक छ । पहिलो त सांसदहरू जनतासँग मात्रै होइन, आफू निर्वाचित भएको राजनीतिक दलप्रति पनि जवाफदेही हुन्छन् । जति नै शिक्षित वा विज्ञ सांसद भए पनि प्रायः महत्त्वपूर्ण मुद्दामा उनीहरू आफ्नो दलको ह्विप मान्न नै बाध्य हुन्छन् । नेपालमा सांसदले दलको ह्विपको अवज्ञा गर्दा आफ्नो पद नै गुमाउनुपर्ने जोखिम रहे पनि जनचाहनाको अवज्ञा गर्दा वा गलत निर्णय गर्दा तत्काल कुनै कारबाही हुने व्यवस्था छैन । यसकारण पनि सांसद दलमै आश्रित हुन्छन् ।

अर्कोतर्फ यस किसिमको संसदीय व्यवस्थामा जनताले राजनीतिक दल तथा त्यस दलका सांसदलाई सामूहिक रूपमा जवाफदेही बनाउन सक्छन् । प्रत्येक प्रतिनिधिको कदमप्रति निर्वाचनमा सम्पूर्ण दल नै जवाफदेही हुनुपर्ने हुँदा एक किसिमको सामूहिक अनुशासन भने कायम हुन्छ । हालसालैको निर्वाचनमा समेत राजनीतिक दलहरूले परम्परागत घोषणापत्रभन्दा पर गएर वाचापत्र, नागरिक करार जस्ता दस्तावेजहरू जारी गर्नु भनेको चुनावी प्रतिबद्धतालाई केवल एकतर्फी घोषणाका रूपमा होइन, मतदाताले पछि दललाई राजनीतिक रूपमा जवाफदेही ठहर्‍याउन सक्ने सार्वजनिक करारका रूपमा प्रस्तुत गर्ने प्रयास हो । तर नेपालको संसदीय अभ्यासमा यस किसिमको घोषणापत्र कति कार्यान्वयन भयो वा भएन भनेर नाप्ने औपचारिक व्यवस्था वा घोषणापत्रमा भएका बुँदालाई अक्षरशः कार्यान्वयन गराउने कुनै संयन्त्र भने छैन । त्यस्तै यस्तो प्रतिबद्धतामूलक प्रतिनिधित्व हुने व्यवस्थामा सांसदको व्यक्तिगत क्षमताभन्दा पनि दलले कस्तो घोषणापत्र बनायो, त्यसलाई कसरी प्रस्तुत गर्‍यो भन्ने विषय बढी महत्त्वपूर्ण हुन जान्छ ।

त्यसो भए नेपाललाई कस्ता प्रतिनिधि चाहिएको छ त ? सांसदको शिक्षा र विज्ञता कस्तो अवस्थामा काम लाग्छ र त्यसलाई कसरी प्रयोग गर्न सकिन्छ ?

हाम्रो संसद्मा कस्तो किसिमको प्रतिनिधित्व हुनुपर्छ भन्ने प्रश्नको जवाफ संविधानले नै दिन खोजेको छ । दुई सदनात्मक संघीय संसद्मा प्रतिनिधिसभा र राष्ट्रिय सभा रहेका छन् । दुई सभाका कुल ३३४ सदस्यहरूमध्ये पचास प्रतिशतभन्दा कम अर्थात् १६५ जना सांसद मात्रै प्रत्यक्ष रूपमा जनताबाट चुनिएर आएका हुन्छन् । प्रतिनिधिसभामा बाँकी ११० सदस्य समानुपातिक समावेशी रूपमा निर्वाचित हुन्छन् । यसरी संविधानले नेपालको प्रतिनिधिसभालाई प्रत्यक्ष निर्वाचित जनताका दूतहरूको मात्रै होइन, सम्पूर्ण नेपाललाई नै प्रतिवम्बित गर्ने ऐनाका रूपमा व्यवस्थित गरेको छ । प्रत्यक्ष निर्वाचित सांसदले आफूले प्रतिनिधित्व गर्ने क्षेत्रका जनताको आवाज बोल्न सक्छन् र समानुपातिक रूपमा निर्वाचित सांसदले आफ्नो समुदाय वा सम्पूर्ण देशकै मुद्दाहरू प्रस्तुत गर्न सक्छन् ।

त्यस्तै, राष्ट्रिय सभामा भने प्रदेशगत र समावेशिताका आधारमा ५६ जना सदस्यहरू अप्रत्यक्ष रूपमा जनप्रतिनिधिहरूको निर्वाचन मण्डलद्वारा चुनिन्छन् भने बाँकी तीन राष्ट्रपतिबाट मनोनीत हुन्छन् । भाषण तथा बोलीचालीमा यो सभालाई विज्ञहरूको सभा पनि भनिन्छ । वास्तवमा संविधानमा राष्ट्रिय सभा सदस्यहरूले निर्वाचन र राजनीतिक जोड-घटाउको चिन्ता लिनु नपरोस्, अलोकप्रिय तर दीर्घकालीन हितका निर्णयहरू लिन सकून् र आफ्नो स्वविवेक प्रयोग गर्न सकून् भनेर नै उनीहरूको अप्रत्यक्ष निर्वाचनको व्यवस्था गरिएको हुन सक्छ । त्यस्तै यसरी अप्रत्यक्ष रूपमा निर्वाचित सदनको अधिकार नियन्त्रित गर्ने उद्देश्यले राष्ट्रिय सभालाई कुनै कानुन एकलौटी ढंगले अस्वीकृत गर्ने व्यवस्था गरिएको छैन भने आर्थिक विधेयकमा पनि प्रतिनिधिसभाकै प्रमुख भूमिका रहन्छ ।

भर्खरैको निर्वाचनबाट बनेको प्रतिनिधिसभामा अपेक्षाकृत नयाँ, शिक्षित र व्यावसायिक अनुभव भएका सांसदहरूको उपस्थिति बढेको छ । अबको प्रश्न उनीहरूको उपस्थितिभन्दा पनि उनीहरूको ज्ञान, अनुभव र स्वविवेकलाई संसदीय अभ्यासमा कसरी उपयोग गर्ने भन्ने हो । संसद्को प्रमुख भूमिका विधायिकी हुने भएकाले संविधानतः अर्थ विधेयक मात्र सरकारी विधेयक हुने बाध्यात्मक व्यवस्था भए पनि अपवादबाहेक सबै विधेयक सरकारले नै प्रस्तुत गर्ने गर्छ । यसरी बन्ने कानुनहरूमा जनताका प्रतिनिधिहरूको भन्दा पनि सरकारका केही मन्त्री मात्रै वा अनिर्वाचित कर्मचारीतन्त्रको विचार र स्वार्थ हाबी हुन सक्छ । त्यसैले अब आउने सरकार र संसद्ले कानुन निर्माणमा जनप्रतिनिधिको भूमिका बढाउन सकेमा मात्र जनचाहना र प्रतिनिधिको विज्ञताको उचित प्रयोग हुन्छ । कानुन निर्माणमा रास्वपाले पनि आफ्ना सांसदलाई ह्विपबाट केही स्वतन्त्रता दिनुपर्छ ।

राष्ट्रपतीयभन्दा वेस्टमिनिस्टर संसदीय व्यवस्थामा सरकारी विधेयक नै प्रचलित रहने भए पनि सरकारले संसद्लाई समयमै वार्षिक वा प्रत्येक अधिवेशन अगाडि विधायिकी कार्यसूची प्रदान गरेर सुझाव लिन वा एकअर्काको विधायिकी प्राथमिकता बुझ्न सक्छ । त्यस्तै कुनै विधेयक दर्ता गर्नु अगाडि सरकारले सो विधेयकको पनि मस्यौदा, श्वेतपत्र वा कार्यपत्र संसद्मा दर्ता गराएर पूर्व-विधायन समीक्षा गर्न सक्छ । संसद् आफैंले पनि एक पटक पारित भइसकेका ऐनहरूको समय-समयमा समीक्षा (पोस्ट लेजिस्लेटिभ स्क्रुटनी) गरेर केही परिवर्तन गर्नुपर्ने भए सरकारलाई प्रतिवेदन बुझाएर वा आफैं अग्रसरता लिएर कानुनहरू संशोधन गर्न सक्छ । प्रतिनिधिसभा नियमावलीअनुसार सांसदहरूले विधेयक प्रस्तुत भएको ७२ घण्टाभित्रै संशोधन दर्ता गराइहाल्नुपर्ने नियमले पनि सांसदहरूलाई विधेयकको अर्थपूर्ण अध्ययन गरेर सुझाव प्रस्तुत गर्न समय दिएको छैन । यो विषय संसद्ले आफैं सच्याउन सक्छ ।

त्यस्तै, समानुपातिक निर्वाचनको बन्दसूची तथा राष्ट्रिय सभाको उम्मेदवारीमा पनि सुधार ल्याउन सकिन्छ । विगतमा जस्तो नेताका आफन्त वा राजनीतिक पहुँचका आधारमा हुने मनोनयनहरू यसपालि कम देखिए पनि सामाजिक र आर्थिक पहुँचका आधारमा भएको भनेर विरोध पनि भएको छ । अर्कोतर्फ बहुदलीय व्यवस्था भएको देशमा निर्दलीय राष्ट्रिय सभा सम्भव नभए पनि राजनीतिक दलहरूले त्यहाँ शिक्षण, चिकित्सा, कला, व्यवसाय आदि जीवनका विभिन्न विधाहरूमा योगदान र अनुभव भएका व्यक्तित्वहरूलाई अघि सार्नुपर्छ । यसरी संविधानले कल्पना गरेको समावेशी, जवाफदेही र विवेकपूर्ण प्रतिनिधित्व अभ्यासमा रूपान्तरण भए मात्र नेपालको संसद्मा बलियो प्रतिनिधित्व सम्भव हुन्छ ।


(यो लेख 'द नेपाल डिस्कोर्स' सँगको सहकार्यमा तयार पारिएको विचार शृंखलाअन्तर्गत प्रकाशित गरिएको हो । 'द नेपाल डिस्कोर्स' हार्वर्ड विश्वविद्यालय र एमआईटीमा आयोजित एक कार्यक्रम हो, जुन आगामी दशकका लागि नेपालको रणनीतिक दृष्टिकोण तय गर्ने विषयमा केन्द्रित छ)

# जनसंख्या आयातको प्रतीक्षामा पहाड



चेतन अधिकारी

(अधिकारी जनसंख्या र बसाइँसराइमा विद्यावारिधि गर्दै छन्)



दोलखा कालिञ्चोकको फेदीमा रहेको कुरी बजार ।

तस्बिर : दीपक सापकोटा/कान्तिपुर

उहिल्यै भनिन्थ्यो- पहाड जनसंख्या निर्यात गर्ने प्रदेश हो । अब त्यो समय रहेन । पहाड रित्तियो, उसले पानी र जवानी तराईलाई पठायो । युवा पहाडबाट विदेश र विदेशबाट तराई वा सहरी क्षेत्रमा पलायन भए । पहाडबाट वैदेशिक रोजगारीमा गएका युवाले ल्याएको रेमिट्यान्स तिनले मधेशमै लगानी गरेका छन् । तराईको अर्थशास्त्र उकालो लाग्दै गर्दा पहाडको अर्थशास्त्र ओरालो झर्दै छ ।

रोजगारी, शिक्षा, स्वास्थ्यजस्ता सुविधाको खोजीमा हिमाल र पहाडी क्षेत्रबाट मानिस सहर अनि तराईतिर बसाइँ सर्ने क्रम अब नौलो रहेन । नेपालमा औलो उन्मूलनको चरण विसं २००७ आसपासदेखि पहाड र हिमालबाट मानिसहरू ठूलो संख्यामा तराईतिर अन्नका खोजीमा बसाइँ सर्न थालेका हुन् । कतिपय अवस्थामा सरकारले नै बसाइँसराइका लागि मानिसलाई प्रेरित गरेको पनि देखिन्छ । विसं २००७ तिर चितवनको राप्ती दुनमा पुनर्वास कार्यक्रम लागू गरेर सरकारले गण्डकी पहाडका मानिसलाई बसाइँ सारेको थियो ।

यो राज्य नियन्त्रित बसााइँसराइको सुरुवात थियो । पछि कैलाली, कञ्चनपुर, बर्दिया, नवलपरासी, धनुषा, मोरङ र झापाजस्ता जिल्लामा पनि पुनर्वास कार्यक्रम पुऱ्याइयो । यसअन्तर्गत करिब ४ लाख मानिसलाई पहाडबाट तराईमा बसाइँ झारियो । त्यसबेला बसोबासको मूल थलो पहाड थियो । तराई औलो र घना जंगली क्षेत्र थियो । पुनर्वाससँगै औलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिए पनि मानिसहरू तराई झर्न धेरै इच्छुक थिएनन् । त्यसैले २०२८ सम्म हिमाल-पहाडमा कुल जनसंख्याको ६२.६ प्रतिशत मानिसको बसोबास थियो । तराईमा मुस्किलले ३७.६ प्रतिशत मानिस बस्थे ।

### यसरी रित्तिए पहाड

माओवादी सशस्त्र युद्धको चरम समयमा पहाड आक्रान्त भए । नौजवानहरू कि माओवादी सेनामा भर्ना हुनुपर्ने कि विदेश लाग्नुपर्ने बाध्यतामा परे । र, युवाको ठूलो संख्या विदेश पुग्यो । तिनका बाबुआमा, श्रीमती, छोराछोरी तराई अनि सहरतिर झर्न थाले । त्यसबेला उच्च विन्दुमा पुगेको मधेश झर्ने लर्को अब क्रमशः छोटो हुँदै छ । २०५८ मा पहाडी जनसंख्याको हिस्सा घटेर ४४.३ प्रतिशत पुग्यो भने तराईको द्रुत गतिमा बढेर ४८.४ प्रतिशत पुग्यो । सन् १९७९ तिर पहाडबाट तराईतिर भइरहेको घना बसाइँसराइ देखेर अमेरिकी अनुसन्धानकर्ता फ्रेडिक एच गेजले भनेका थिए, 'पहाड जनसंख्या निर्यात गर्ने प्रदेश हो ।' अब गेजले भनेजस्तो समय रहेन । पहाड रित्तियो । पहाडले पानी र जवानी तराईलाई पठायो । युवाहरू पहाडबाट विदेश र विदेशबाट तराई वा सहरी क्षेत्रमा पलायन भए । पहाडबाट वैदेशिक रोजगारीमा गएका युवाले ल्याएको रेमिट्यान्स तिनले मधेशमै लगानी गरेका छन् । त्यसैले तराईको अर्थशास्त्र उकालो लाग्दै गर्दा पहाडको अर्थशास्त्र ओरालो झर्दै छ । पहाडी प्रदेशमा काठमाडौं उपत्यका, पोखरा र सुर्खेतको वीरेन्द्रनगरजस्ता घना जनसंख्या र स्रोत भएका सहर पनि पर्छन् । यी सहरले पनि पहाडी जनसंख्याको ठूलो हिस्सा तानेकाले गाउँ रित्ता भएका हुन् ।

त्यसैले अब गेजले अध्ययन गरेको समय रहेन । उतिबेला जनसंख्या निर्यात गर्ने पहाडले अब जनसंख्या निर्यात गर्न सक्दैन । पहाडमा सन्तान उत्पादनको क्रम न्यून भइसकेको छ । पहाडमा जन्मिएका बच्चाबच्ची हुर्कंदा अन्तै पुगिसकेका हुन्छन्- चाहे शिक्षाका लागि होस् वा स्वास्थ्यका लागि अथवा रोजगारीका लागि नै किन नहोस् । त्यसैले अब पहाड जनसंख्या निर्यात होइन, आयात गर्ने समयको प्रतीक्षामा छ । पहाड कसरी रित्तियो भने २०६८ को जनगणनामा २७ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक देखियो । त्यसबेला पहाडी जनसंख्याको हिस्सा घटेर ४३ प्रतिशतमा झरिसकेको थियो, तराईको चाहिँ बढेर ५०.३ प्रतिशत पुगेको थियो । त्यसको अर्को दशक अर्थात् २०७८ मा थप सात वटा पहाडी र हिमाली जिल्लाको जनसंख्या घटेर ३४ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक भयो । यो जनगणनाले पहाडी जनसंख्याको हिस्सा ४०.३ देखायो, तराईको ५३.६ प्रतिशत । हिमाली जनसंख्या ६.१ मा सीमित भयो । त्यसैले पहाडले अब जनसंख्या निर्यातको अवसर गुमाइसकेको छ । बरु यो भूगोल ठूलो जनसंख्यालाई स्वागत गर्न पर्खेर बसेको छ । करिब ६७ लाख घर भएको नेपालमा झन्डै ५ लाख बस्न योग्य घरहरू खाली छन् । तीमध्ये अधिकांश घर पहाडमै छन् । पहाड ती घरहरू भरिभराउ हुने समयको प्रतीक्षामा छ । पहाडमा घर मात्रै होइन, घरबारी र फाँटहरू पनि खाली छन् । खेतीपाती गर्ने जनशक्ति छैन । त्यसैले ती हराभरा फाँटले पनि पौरखी पाखुरी पर्खेर बसेका छन् । पहाडका फाँट बाँझै हुने अनि तराईका फाँटमा घरैघर हुने ! यो अवस्थामा नेपालले भारत र तेस्रो देशबाट अन्न किनेर ल्याउने क्रम वर्षौंपिच्छे बढ्दो अवस्थामा छ ।

### सम्भव छ रिभर्स माइग्रेसन ?

२०६८ को जनगणनापछि सुरु भयो- मानिसलाई थातथलो फर्काउने बहस अर्थात् 'रिभर्स माइग्रेसन' । त्यो थियो- नेपालमा संविधानसभाले बनाउने संघीयतासहितको नयाँ संविधानको प्रतीक्षाको समय । आम मानिसलाई लागेको थियो- संघीयतासहितको संविधान बनेपछि आफूलाई चाहिने शिक्षा, स्वास्थ्य, रोजगारी, विकासजस्ता आधारभूत विषय आफू बसेकै ठाउँमा पुग्नेछ ।

संविधान पनि बन्यो । संघीयता पनि आयो । गाउँ-गाउँमा सिंहदरबार पनि पुगे । तर, ती अमूर्त उपलब्धिले जनताको चाहना सम्बोधन गरेनन् । यिनले न गाउँमा रोजगारी बढाए, न भनेजस्तो शिक्षा नै लिएर गए, न सोचेजस्तो प्रशासनिक कामका लागि काठमाडौं आउनुपर्ने बाध्यता घटाए । र, केही समय 'गाउँमै केही हुन्छ कि ?' भनी पर्खिएका मानिसको धीरताको बाँध फुट्यो । ती झन् ठूलो मात्रामा बसाइँ हिँड्न थाले । गाउँ रित्तिने क्रम 'दिन दुगुना रात चौगुना' भयो ।

२०७४ मा स्थानीय निकायबाट 'स्थानीय सरकार' भएका ४६० वटा गाउँपालिकामध्ये २६० वटाको जनसंख्या वृद्धिदर ऋणात्मक देखियो । २९३ वटा नगरपालिकामध्ये ६९ वटाको वृद्धिदर ऋणात्मक देखियो । यो आँकडाले तीनै तहका सरकार, विकास विज्ञ र जनसंख्या विज्ञ चिन्तित छन् । तर, सरकारले यस प्रकारको बसाइँसराइलाई अझै मूल मुद्दा नबनाउँदा यो समस्या सल्टिने देखिएको छैन । संघीय र प्रदेश सरकारले रिभर्स माइग्रेसनमा उस्तो चासो राखेका छैनन् । तर, स्थानीय सरकार भने आफ्नो गाउँ रित्तिएको, बाँदर आतंक बढेकामा चिन्तित छन् । उनीहरूले आफ्नो तहबाट रिभर्स माइग्रेसनका लागि अनेक कोसिस गरेका छन् । गाउँमा बसाइँ सरेर आउनेलाई कसैले दुहुनो गाई र घर बनाइदिने योजना ल्याए । मकवानपुरको राक्सिराङ गाउँपालिकाले 'सुन्दर समाज हाम्रो सार, बसाइँ सरी आउनेलाई घर उपहार' कार्यक्रम ल्यायो । पर्वतको महाशिला गापाले रिभर्स माइग्रेसन गर्नेलाई १ लाख रुपैयाँ नगद र ६ महिना खान पुग्ने अन्न दिन थाल्यो । बसाइँसराइले आक्रान्त बनेको तेह्रथुमको छथर गाउँपालिकाले रिभर्स माइग्रेसनको आह्वान गर्दै ५ लाखसम्म व्यावसायिक अनुदान दिने कार्यक्रम ल्याएको छ । रिभर्सवालामध्ये कसैले बाख्रा पालेका छन्, कसैले तरकारी फलाएका छन्, कसैले होटल र पसल सञ्चालन गरेका छन् ।

### रिभर्स माइग्रेसन : विदेशी अभ्यास

जनसांख्यिक संक्रमणको चरणमा रहेको नेपालमा घट्दो प्रजनन दर र बढ्दो बाह्य बसाइँसराइले जनसांख्यिक वितरणमा एकाएक असन्तुलन सिर्जना गरेको छ । जनसंख्या घट्नु वा बढ्नु भनेको केवल एउटा व्यक्ति थपिनु वा घट्नु होइन । यसले कुनै पनि ठाउँको समाजशास्त्र र अर्थशास्त्रमा व्यापक असर गर्छ ।

नेपालमा दम्पतीले मुस्किलले मात्र दुई जना बच्चा जन्माइरहेका छन् । जनसंख्याको वार्षिक वृद्धिदर एकभन्दा कम अर्थात् ०.९३ प्रतिशतमा सीमित छ । नेपालको बसोबास योग्य ठूलो भूगोल खाली छ । सानो क्षेत्रफलमा ठूलो जनसंख्या केन्द्रित छ । यस्तो समस्या विश्वका समृद्ध देशले दशकौंअघि भोगेका थिए- गाउँ खाली भए र सहरहरू भरिए । अनि कृषि उत्पादनमा ठूलो ह्रास आयो । यसको सम्बोधनका लागि जापानले सन् १९८० को दशकदेखि नै आकर्षक प्याकेजसहित रिभर्स माइग्रेसन नीति लागू गऱ्यो । रिभर्स माइग्रेसनमा सहभागीलाई कर छुट, घर छुट, स्टार्टअपमा लगानीजस्ता कार्यक्रम ल्यायो, जुन निकै प्रभावकारी देखियो । जापानले रिभर्स माइग्रेसनमा दुई वटा मोडल अपनायो- 'यू टर्न' र 'आई टर्न' । पहिलो मोडेलमा गाउँबाट उच्च शिक्षा वा अन्य सीपका लागि सहर पसेको व्यक्तिलाई अध्ययन पूरा गरेर वा सीप सिकेपछि गाउँतिरै थातथलोमै फर्काउने । दोस्रो नयाँ ठाउँको मानिसलाई गाउँमा ल्याएर बसोबास गराउने । ती दुवै विधि अहिले पनि जापानले अभ्यास गरिरहेको छ, जसले रित्तिँदा गाउँलाई राहत दिएको छ ।

दक्षिण कोरियाले पनि मानिसहरू राजधानी सिओलमा केन्द्रित हुन थालेपछि सन् १९९० तिर 'रिटर्न टु फार्म/रिटर्न टु भिलेज' कार्यक्रम आह्वान गऱ्यो- गाउँ फर्किनेलाई जमिन, कृषिदेखि अन्य व्यावसायिक तालिम र अनुदान दियो । इन्टरनेट सुविधा, सडक र बजार सुनिश्चित गऱ्यो । कार्यक्रम लागू भएको करिब दुई दशकमा हजारौं मानिस रिभर्स माइग्रेसनमा सहभागी भइरहेका छन् ।

चीनमा पनि गाउँ र सहरको आयस्तरमा ठूलो अन्तर देखिएपछि सन् २०१७ मा रिभर्स माइग्रेसन अभियान आह्वान गऱ्यो । उसले 'रुरल रिभाइटलाइजेसन स्ट्राटेजी' (आरआरएस) अन्तर्गत गाउँमा पूर्वाधार, इन्टरनेट, अनुदान र बजार सुविधा पाएपछि सहर पसेका कैयौं आप्रवासी गाउँ फर्किए ।

नेपालमा के गर्ने ?

रिभर्स माइग्रेसनका लागि पहिले जनसंख्या र बसाइँसराइ नै राजनीतिको मूल मुद्दा हुनुपर्छ । जब सरकार वा राजनीतिक दलले बाह्य बसाइँसराइका कारण करदाता घटेको, कार्यकर्ता घटेको, मतदाता घटेको महसुस गर्छन् तब यो समस्याप्रति गम्भीर हुन्छन् । बाँदर आतंकका विषयमा सदन र सरकारमा बेलाबेला छलफल हुने गरेको छ । बाँदर आतंक पनि बसाइँसराइको 'बाइप्रोडक्ट' नै हो । जब बस्तीहरू खाली र खेतबारी बाँझा भए तब बाँदर आहाराको खोजीमा गाउँ पसेका हुन् । जब रित्ता घरमा मानिस पुग्छन् तब बाँदर आफ्नै थातबास फर्किन्छन् ।

रिभर्स माइग्रेसन भावनासँग गाँसिएको विषय हो । पुर्खाको जन्मथलोसँग मानिसको भावनात्मक सम्बन्ध हुन्छ । त्यसैले जापानले अभ्यास गरेजस्तो 'यू टर्न' रिभर्स माइग्रेसन सहज छ । तर कोरिया, जापान वा चीनले अभ्यास गरेजस्तै घर छुट, कर छुट, रोजगारी, कृषि अनुदान, बजार प्रबन्धको सुनिश्चितता हुनैपर्छ । स्थानीय सरकारले गरिरहेका प्रयासलाई प्रदेश र संघीय सरकारले भरथेग गर्नुपर्छ ।

राष्ट्रिय जनसंख्या नीति, २०८२ ले पनि गाउँबाट भइरहेको अति बसाइँसराइलाई व्यवस्थित गर्ने उद्देश्य राखेको छ । त्यो नीतिमा असन्तुलित आन्तरिक बसाइँसराइले ग्रामीण क्षेत्रको घट्दो आर्थिक क्रियाकलाप, अव्यवस्थित सहरीकरण र बढ्दो सहरी गरिबी सिर्जना भएको उल्लेख गरेको थियो । यो अवस्था अन्त्यका लागि ग्रामीण क्षेत्रमा रोजगारी, सेवा तथा आर्थिक क्रियाकलाप वृद्धि गर्नुपर्ने सुझाव जनसंख्या नीतिमा उल्लेख छ ।

रिभर्स माइग्रेसनबारे ग्रामीण क्षेत्रका मानिसको सर्त छ- भौतिक पूर्वाधार, रोजगारी, इन्टरनेटको पहुँच, दक्ष स्वास्थ्यकर्मीसहित मोबाइल अस्पताल, गाउँ जानेलाई सवारी भाडामा छुट, साना विद्यालय मर्ज गरी सुविधा सम्पन्न र आवासीय विद्यालय निर्माण आदि । गाउँको सार्वजनिक सेवा प्रवाह पूर्ण डिजिटल बनाउने हो भने मानिस बिस्तारै रिभर्स माइग्रेसनतर्फ आकर्षित हुन्छन् । यसले देशको सन्तुलित विकासलाई ठूलो सहयोग पुग्छ ।

# लोकप्रियतावादको एकात्मवादी वालेन्द्र-शासन शैली



विनय मिश्र

(मिश्र त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक हुन्)

असामान्य परिस्थितिमा सम्पन्न २०८२ फागुन २१ को प्रतिनिधिसभा चुनावपछि करिब दुईतिहाइको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारी निर्णय पनि सामान्य लाग्दैन- चाहे त्यो विवादित कार्की आयोगको सिफारिससम्बन्धी चयनात्मक कार्यान्वयन होस् वा नेता एवं पदाधिकारीको सम्पत्ति जाँचबुझ गर्न अस्थायी न्यायिक आयोग गठनको निर्णय । यी निर्णय दृश्यात्मक परिवर्तन र दण्डात्मक कारबाहीबाट प्रेरित होइन भन्न कठिन छ । त्यस्तै, पेसागत संगठनमाथिको बन्देज, परीक्षारहित प्राथमिक शिक्षा र सीमावर्ती क्षेत्रमा गरिएको नियन्त्रणजस्ता निर्णय ।

लोकतन्त्रमा व्यापक छलफल, विमर्श, विधि एवं प्रक्रियाका माध्यमले जसरी निर्णय अनुमोदित हुनुपर्ने हो- त्यो नभई आवेगात्मक र सुधारात्मक ढाँचाबाहिर गएर बुलेट ट्रेनको रफ्तारमा यो सरकारले किन निर्णय गरिरहेको छ ?

जेन-जी आन्दोलन दमनसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन भएको थियो । त्यो आयोगले तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखकलगायत सुरक्षा प्रशासनका पनि केही पदाधिकारीमाथि फौजदारी मुद्दा चलाउन सिफारिस गरेको थियो । तर, सिफारिसमध्ये वालेन्द्र शाह सरकारको पहिलो क्याबिनेटले 'केही मात्रै कार्यान्वयन गर्ने' चयनात्मक निर्णय गऱ्यो । तत्कालीन गृहमन्त्री सुधन गुरुङले सरकार गठन भएको र आफू मन्त्री नियुक्त भएकै राति प्रहरी मुख्यालय गई ओली-लेखकको गिरफ्तारीको तारतम्य मिलाए र पक्राउ पुर्जी काटे । त्यसअनुसारै बिहानै ती नेतालाई प्रहरी जाँचबुझका लागि भन्दै गिरफ्तार गरियो । सरकारको यो चयनात्मक निर्णय र आवेगात्मक शैलीको आशय बुझ्नु आवश्यक छ । ओली-लेखकमाथि सर्वोच्च अदालतले गरेको आदेशले त्यो गिरफ्तारी कति प्रदर्शनमुखी अनि दण्डात्मक थियो भने शंका गर्ने ठोस आधार दिन्छ ।

त्यस्तै पूर्वमन्त्री-प्रधानमन्त्रीहरूको सम्पत्तिसम्बन्धी उच्चस्तरीय न्यायिक अनुसन्धान आयोग गठन गर्ने कार्यकारी निर्णय पनि संस्थागत सुधारतिर लक्षित लाग्दैन । बरु सरकारले संस्थाहरूको उपेक्षा गरेको हो भन्दा अतिशयोक्ति नहोला । नभए, विभिन्न कानुनी, प्रशासनिक एवं स्रोतसाधनसम्बन्धी समस्याबाट गुज्रिरहेका स्वायत संस्था (अख्तियार दुरुपयोग अनुसन्धान आयोग) लाई अझै प्रभावकारी कसरी बनाउने भन्नेतिर सरकार केन्द्रित हुन्थ्यो । गहिरो जरा बनाई फैलिएको भ्रष्टाचार नियन्त्रणका लागि दिगो रणनीति एवं स्थायी कानुनी र संस्थागत सुधीकरण चाहिन्छ । तर, सरकारको प्राथमिकतामा अस्थायी र पटके



फाइल तस्बिर : कान्तिपुर

प्रकृतिको आयोग परेको छ । स्पष्ट कानुनी ढाँचा, प्रक्रिया र दायित्व निर्धारणबिनाको फगत राजनीतिक उपक्रमको परिणाम कार्की आयोगका विवादित सिफारिसको दृष्टान्तबाटै स्पष्ट हुन्छ ।

अर्को, व्यापक बहसबिनै विभिन्न श्रमिक, पेसागत र विद्यार्थी संगठनमाथि बन्देजको निर्णय पनि संस्थागत सुधारभन्दा राजनीतिक नियन्त्रणबाट निर्देशित भएको बुझ्न सकिन्छ । संविधानप्रदत्त मौलिक हक, श्रमिक अधिकार, सामाजिक न्याय र राज्यको अन्तर्राष्ट्रिय श्रमिक संगठनसम्बन्धी प्रतिबद्धता जस्ता विषयमा गहन विमर्श र व्यापक छलफल अपरिहार्य छ । खासमा ट्रेड युनियनको विद्यमान विकृत अभ्यासमा संस्थागत र नीतिगत सुधार आवश्यक छ ।

प्राथमिक तहका परीक्षा पूर्णरूपमा हटाउने निर्णय पनि विद्यार्थीमैत्री देखिन्छ । तर, यसमा सिकाइ मापन, उत्तरदायित्व र गुणस्तर सुनिश्चितता कमजोर बनाउने जोखिम छ । आवश्यक पूर्वाधार, शिक्षक क्षमता र निरन्तरको विश्वसनीय मूल्यांकन प्रणालीको पूर्वतयारीबिना यो कदमले नीतिगत रिक्तता सिर्जना गर्न सक्छ ।

दक्षिणी सीमावर्ती क्षेत्रमा पारिबाट रु. १०० भन्दा बढी मूल्यका सामानमा भन्सार शुल्क लाग्ने सरकारको निर्णयले 'चुपचाप घण्टी छाप' र 'अबकी बार बालेन सरकार' जस्ता नारा लगाउने मधेशी जनतालाई गिज्याइरहेको छ । यो निर्णय प्रतिगामी मात्रै होइन, राजनीतिक रूपमा प्रत्युत्पादक हुन पनि बेर लाग्दैन । यस्ता खुद्रे किनमेलका वस्तु आयातबाट उठ्ने राजस्व र यसले थप्न सक्ने प्रशासनिक खर्चको अनुपात कति तर्कसंगत देखिन्छ ? अत्यधिक नियन्त्रणले अवैध तरिका, तस्करी र फितलो अनुपालनजस्ता समस्या ल्याउन सक्दैन ? पारिबाट सस्तोमा कृषिजन्य मलखादको जोहो गर्ने सीमावर्ती किसानलाई विद्यमान वैश्विक परिदृश्यमा प्रतिवर्ष सात प्रतिशतको अपत्यारिलो आर्थिक वृद्धि दरको लक्ष्यसँग कुनै साइनो छैन । मधेशी जनताको सीमापारिसँगको पारिवारिक, सामाजिक अन्तर्सम्बन्ध, आर्थिक दैनिकीजस्ता धरातलीय विषय काठमाडौंमा हुर्केका प्रधानमन्त्रीले बुझ्न नसक्नु अस्वाभाविक होइन ।

विभिन्न देशको अनुभव हेर्दा लोकप्रियतावादी राजनीतिले स्थापित राजनीतिक अभिजात वर्गलाई चुनौती दिएर र सिस्टमविरोधी अपिलद्वारा नै चुनावी वैधता प्राप्त गरेका छन् । चुनावी वैधता प्राप्तिपछि ती दल र नेताको शैली र कार्यसंस्कृतिमा माथि चर्चा गरेजस्तै तीन विशेषता हुन्छन्- दण्डात्मक लोकप्रियता, संस्थाहरूको उपेक्षा र चयनात्मक कार्यान्वयन' । यस सन्दर्भमा सन् २००४ मा डच मूलका राजनीतिशास्त्री कास मुडेको एक चर्चित लेख चाखलाग्दो छ । लेख भन्छ- लोकप्रियतावादी नेता 'नैतिकतावादी अभिनेता' हुन्छन् । उनको तर्क छ- लोकप्रियतावादी नेता संस्थापन वा सिस्टमविरोधी हुँदैनन् बरु सम्पूर्ण समाजलाई असल र नैतिकवान् जनता एवं भ्रष्ट अभिजात वर्गमा ध्रुवीकृत गर्न सक्ने चमत्कारी हुन्छन् । त्यस्ता नेता जनआकांक्षामा 'बहुलता होइन, एकरूपता' र समाजमा 'नैतिक एकात्मवाद' का एकमात्रै प्रतिनिधिका रूपमा आफू र दललाई स्थापित गर्ने प्रयास गर्छन् ।

पुराना भनिएका दलहरूको समर्थकलाई 'झोले' भनेर अन्यीकरण गरेका 'फरक' भन्ने पात्रहरूले अल्गोरिदम संस्कृतिको त्यही 'एकात्मवादी नैतिकता' को नयाँ राजनीतिक चेतना निर्माण गर्दै छन् । प्रधानमन्त्री वालेन्द्र शाहले काठमाडौंको मेयर हुँदाकै कार्यशैली पछ्याउने हो भने उनमा सिस्टमविरोधी, विधि-प्रक्रियामा कमै विश्वास भएको, जनताको नजरमा विरोधी राजनीतिलाई खलनायकीकरण गर्ने र प्रदर्शनमुखी कार्यशैली नै हाबी हुनेछ । उनले निजी भवन, व्यापारिक परिसर वा टुकुचा खोला उत्खननमा बुल्डोजर प्रयोग गरी सार्वजनिक सम्पत्तिका संरक्षक एवं प्रत्यक्ष कारबाही गर्न सक्ने विद्रोही व्यक्तित्व बनाउन कुनै कसर बाँकी राखेका थिएनन् ।

हुन त, नेपाली राजनीतिमा यस्ता लोकरिझ्याइँ संस्कृति भित्र्याउने प्रतिलिपि अधिकार पूर्वप्रधानमन्त्री केपी ओलीलाई नै दिनुपर्छ । नेपाली झन्डा भएको पानी जहाजदेखि ठोरीमा रामसम्म पत्ता लगाउने ओलीले पनि युग बदल्ने राष्ट्रवादी छवि बनाएका थिए । उनको राष्ट्रवादमा पनि अनेक खलनायक थिए । उनको एकात्मवादी राष्ट्रवादमा धेरैलाई विश्वास थियो । जनआकांक्षालाई लिएर ओली पनि बहुलतावादी होइन, एकरूपतामै विश्वास गर्थे । र, चुनावहरूमा लगातार जनअनुमोदित पनि हुन्थे । तर, यो सधैं टिकाउ हुँदैन । बालेनविरुद्ध ओलीलाई ५० हजार मतले पराजित गर्नेमा अस्तिसम्म 'के. पी. बा आई लव यु' जस्ता नारा लगाउने उनका समर्पित समर्थक पनि पक्कै थिए । त्यसकारण, लोकतन्त्रमा आवेगात्मक र लोकरिझ्याइँ शैलीका निर्णयबाट स्थायी लोकप्रियता प्राप्त हुँदैन । स्थायित्व त ती निर्णय प्रक्रियामा व्यापक जनसहभागिता, सघन विमर्श, वैकल्पिक विचारप्रति सहिष्णुता र सार्वजनिक संस्थाको सुदृढीकरणमा लक्षित थियो कि थिएन ? त्यसैले निर्धारण गर्छ ।

# निजी क्षेत्रको विकास : समृद्ध नेपालको आधार



सागर ढकाल

(ढकाल नेपाल स्टक ब्रोकर्स एसोसिएसनका अध्यक्ष हुन्)

नेपालको आर्थिक विकास सपना कुनै अमूर्त कल्पना होइन । हाम्रा अपार स्रोत एवम् सम्भावनाले भरिएका हिमाल, पहाड र तराईलाई उद्योग, कलकारखाना अनि उद्यम व्यवसायले गुञ्जायमान बनाउने मूर्त सपना हो ।

स्वदेशमै लाखौं युवालाई रोजगारी दिने, उत्पादन र उत्पादकत्व बढाउने, आयात कम गर्ने, विश्वबजारमा निर्यातको झन्डा फहराउने र प्रशस्त विदेशी मुद्रा आर्जन गर्ने सपना हो नेपालको । अन्ततः एउटा समृद्ध, शान्त र गौरवशाली नेपाल निर्माण गर्ने सपना पनि हो ।

तर, यो सपना पूरा गर्ने मार्गमा एउटा यथार्थलाई हामीले हृदयंगम गर्नैपर्छ । निजी क्षेत्रको सशक्त र सक्रिय भूमिकाबिना यो सपना अधुरो-अपूरो रहन्छ । यो केवल एउटा धारणा होइन, विश्व इतिहासको प्रमाणित यथार्थ हो ।

विश्वभरै निजी क्षेत्रलाई राष्ट्रिय विकासको मुख्य इन्जिन मानिन्छ । नेपालमा पनि निजी क्षेत्रले अर्थतन्त्रको मेरुदण्डको भूमिका निर्वाह गरिरहेको छ । तर, हामी प्रायः निजी क्षेत्रलाई संकीर्ण र पुरातन चस्माबाट हेर्छौं, यिनीहरू केवल नाफाका भोका व्यापारी हुन् भनेर ।

यस्तो दृष्टिकोण नितान्त गलत छ । उद्यमी व्यवसायी केवल व्यापारी होइनन्, जनताका सेवक हुन्, रोजगारस्रष्टा हुन्, पूर्वाधार निर्माणकर्ता हुन्, उत्पादनकर्ता, सेवा प्रवाहक र नवप्रवर्तनका वाहक हुन् ।

सबै व्यवसायले लगानीकर्तालाई नाफा दिन्छन् । तर, नाफा कमाउनुभन्दा अघि यिनले आमउपभोक्ताको जीवन सहज बनाउँछन्, स्वदेशमै रोजगारी सिर्जना गर्छन्, राज्यलाई कर अनि राजस्व बुझाउँछन्, पूर्वाधार निर्माणमा ठूलो योगदान गर्छन् र नवीन प्रविधि एवम् विचार भित्र्याउँछन् ।

नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा निजी क्षेत्रको योगदान ८१ प्रतिशतभन्दा बढी छ । रोजगारी सिर्जनामा ८६ प्रतिशतभन्दा बढी योगदान यसले गरिरहेको छ । कर तथा राजस्व संकलनमा पनि ८० प्रतिशतभन्दा बढी हिस्सा निजी क्षेत्रकै छ ।

विश्व बैंकको नेपाल विकास अपडेट २०२५ अनुसार, आर्थिक वर्ष २०२५ मा नेपालको आर्थिक वृद्धिदर ४.६ प्रतिशत छ, जसमा निजी क्षेत्रको योगदान प्रमुख छ । एसियाली विकास बैंक (एडीबी) को म्याक्रो इकोनोमिक अपडेटले पनि निजी क्षेत्रको सक्रियताबिना यो वृद्धि सम्भव नहुने प्रस्ट्याइसकेको छ ।

तर दुःखको कुरा, समाजमा नकारात्मक धारणा यति गहिरो गरी जरा गाडेर बसेको छ कि निजी क्षेत्रलाई सधैं नाफाखोर व्यापारीको समूहका रूपमा मात्रै हेरिन्छ । सामाजिक सञ्जाल र मिडियामा समेत व्यवसायीको उछितो काढेर लेखेको पाइन्छ । कुनै एकाध व्यवसायीको बदमासी र गल्तीको भारी सम्पूर्ण उद्यमी व्यवसायी एवं निजी क्षेत्रलाई यसरी भिराइन्छ, मानौं, उद्यम व्यवसाय गर्नु नै अपराध हो । नाफा आर्जन गर्नु महापाप हो ।

हरेक राजनीतिक आन्दोलन र परिवर्तनको आँधीमा निजी क्षेत्र नै पहिलो सिकार बन्छ । विगतका आन्दोलनमा कति उद्योग तोडफोड भए, कति कलकारखाना जलाइए, कति व्यवसाय ध्वस्त पारिए, कति निजी सम्पत्तिमा क्षति पुऱ्याइयो- त्यसको कुनै लेखाजोखा छैन । निजी क्षेत्रका उद्यम व्यवसायको क्षति व्यक्तिगत वा संस्थागत होइन, राष्ट्रकै क्षति हो । यसबाट आमउपभोक्ताले पाउने सेवा अवरुद्ध हुन्छ । उत्पादन र सेवा प्रवाहमा ठूलो व्यवधान आउँछ । साना किसान एवम् लगानीकर्ताको आम्दानीमा संकट आउँछ । बजारचक्रमा प्रहार हुन्छ । रोजगारी गुम्छ । राजस्व घट्छ । र, बाधा पुग्छ समग्र विकासमा ।

तर, यस्तो पीडादायी चक्र अब बारम्बार दोहोरिनु हुँदैन । निजी क्षेत्र कमजोर भयो भने समृद्ध नेपालको सपना कसरी साकार हुन्छ ? यो प्रश्नमाथि सरकार, राजनीतिक दल, युवा पुस्ता र नागरिक समाज गम्भीर भएर विमर्श गर्नैपर्छ ।

विश्वका अनुभवले हामीलाई ठूलो सन्देश दिएका छन् । सन् १९६० को दशकमा दक्षिण कोरिया नेपाल जस्तै गरिब मुलुक थियो । तर कोरियाली सरकारले विकासको मुख्य इन्जिन मानेर राजनीतिक प्रतिबद्धता, लगानीमैत्री नीति र आर्थिक आधुनिकीकरणमार्फत निजी क्षेत्रलाई बलियो बनायो । परिणामस्वरूप, सन् १९६० मा जम्मा १.६ बिलियन डलर रहेको दक्षिण कोरियाको जीडीपी आज १.८ ट्रिलियन डलर पुगेको छ ।

सिंगापुरले करछुट, विश्वस्तरीय पूर्वाधार र नीतिगत सहजीकरणमार्फत विदेशी लगानी (एफडीआई) भित्र्यायो । आज सिंगापुर एसियाको आर्थिक हब मात्रै होइन, प्रतिव्यक्ति आय ९५ हजार डलरभन्दा माथि भएको समृद्ध राष्ट्र हो । हाम्रै छिमेकी चीनले सन् १९७८ मा खुला अर्थनीति अपनाएपछि विशेष आर्थिक क्षेत्रहरू स्थापना गरेर निजी क्षेत्रलाई प्रोत्साहन दिएको थियो, त्यहाँ एफडीआईको ओइरो लाग्यो र आज ऊ विश्वको दोस्रो ठूलो अर्थतन्त्र बनेको छ । चीनको जीडीपी १९ ट्रिलियन डलरभन्दा बढी छ । यहाँ निजी क्षेत्रले ९० प्रतिशत बढी रोजगारी दिइरहेको छ ।

भारतले सन् १९९१ को आर्थिक सुधारमार्फत लाइसेन्सराज अन्त्य गरेर निजी क्षेत्रलाई खुला गऱ्यो । एफडीआईलाई स्वागत गऱ्यो । आज भारतको जीडीपी ४ ट्रिलियन डलर नजिक छ, जसमा निजी क्षेत्रको योगदान ७० प्रतिशतभन्दा बढी छ । अमेरिकामा निजी क्षेत्रले नै झन्डै ९० प्रतिशत रोजगारी सिर्जना गर्छ ।

यी सबै उदाहरणले एउटै सन्देश दिन्छन्- निजी क्षेत्रलाई सुरक्षा, सम्मान, संवर्द्धन र प्रवर्द्धन दिए आर्थिक विकास सम्भव छ । र, नेपालमा पनि यो सम्भव छ । तर, त्यसका लागि केही परिवर्तन आवश्यक छ- सोचाइमा, काम गर्ने पद्धतिमा ।

राजनीतिक दलहरूले निजी क्षेत्रलाई शत्रु होइन, विकासको साझेदार मानेर काम गर्नुपर्छ । स्थिर र लगानीमैत्री नीति, आधुनिक कर प्रणाली, वैदेशिक लगानी आकर्षित र सार्वजनिक-निजी साझेदारी मोडललाई बलियो बनाउनुपर्छ । सडक, बिजुली, स्वास्थ्य, शिक्षा र अन्य ठूला पूर्वाधारमा सार्वजनिक-निजी साझेदारी मोडलमार्फत लगानी बढाउन सकिन्छ ।

यसले रोजगारी वृद्धि गर्छ । उत्पादन बढाउँछ र समृद्धिको ढोका खोल्छ । जेन-जीहरूको ऊर्जा र नवीन सोचलाई प्रोत्साहन र सुरक्षित वातावरण दिनुपर्छ । उनीहरूका स्टार्टअप, डिजिटल उद्यम र नयाँ विचारलाई पखेटा दिन निजी क्षेत्र तयार छ । नयाँ सरकार र राजनीतिक दलहरूले पनि यो पुस्तालाई विश्वास गर्नुपर्छ । निजी क्षेत्रको सुरक्षा, संवर्द्धन र प्रवर्द्धनमा हामी सबै एकजुट होऔं । किनकि निजी क्षेत्रको विकासबिना समृद्ध नेपाल असम्भव छ ।

# हर्मुजमा अमेरिकी नाकाबन्दी हटे वार्तामा बस्ने इरानको प्रस्ताव

**११ र १२ अप्रिलमा अमेरिका-इरानबीच इस्लामाबादमा झन्डै २१ घण्टा चलेको वार्तामा सहमति जुटेन, त्यसयता हर्मुज जलमार्गमा अमेरिकी नाकाबन्दी कायम छ ।**



एपी (कायरो)- अमेरिकाले आफ्ना बन्दरगाहमाथि लगाएको नाकाबन्दी हटाए, दीर्घकालीन वा स्थायी युद्धविराम गरे वार्तामा बस्ने इरानले प्रस्ताव गरेको छ । अमेरिकाका दुई अधिकारीले इरानबाट यस्तो प्रस्ताव आएको सोमबार दाबी गरेका हुन् ।

ती अधिकारीहरूका अनुसार हर्मुजको अवरोध खुलेपछि युद्ध अन्त्य र आणविक कार्यक्रमलगायतका विषयमा छलफल गर्न दोस्रो चरणको वार्तामा बस्ने प्रस्ताव इरानले अघि सारेको छ । तर, इरानको यो प्रस्तावमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सकारात्मक हुने सम्भावना कम छ । उनले स्थायी युद्धविरामका लागि इरानको आणविक कार्यक्रम पूर्णतः समाप्त हुनुपर्ने माग राख्दै आएका छन् ।

यसअघि गत शनिबार इस्लामाबादमा पाकिस्तानी प्रधानमन्त्री सहवाज सरिफ र सेनापति असिम मुनिरसँग इरानी विदेशमन्त्री अब्बास अराग्चीले भेट गरेका थिए । उनले त्यसबेला पनि अमेरिकाले हर्मुज जलघाटीमा लगाएको नाकाबन्दी हटाएपछि मात्रै सिधा वार्ता गर्न सकिने प्रस्ताव गरेका थिए ।

अमेरिकाले पश्चिम एसिया हेर्ने दूत स्टिफ विटकफ र राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जरेद कुस्नरलाई गत शनिबार वार्ताका लागि इस्लामाबाद पठाउने तयारी गरेको थियो । तर, इरानले सिधा संवाद गर्न रुचि देखाएन । त्यसपछि अमेरिकाले विटकफ र कुस्नरको भ्रमण रोकेको थियो ।

इरानी विदेशमन्त्री अराग्ची पनि पाकिस्तानी अधिकारीहरूसँग भेट गरेर फर्किएका थिए । इरानी टोली प्रत्यक्ष वार्ता नगर्ने अडानसहित फर्किएपछि ट्रम्पले अमेरिकी वार्ता टोलीको इस्लामाबाद भ्रमण अन्तिम समयमा स्थगित गरेका थिए । उनले १८ घण्टाको उडान गरेर इस्लामाबाद जानु व्यर्थ हुने सुझाव दिएका थिए । 'हामीसँग सबै कार्ड्स छ । उनीहरूलाई छलफल गर्न मन भए हामीलाई सम्पर्क गर्न सक्छन्,' ट्रम्पले भनेका थिए ।

विदेशमन्त्री अराग्ची सोमबार फेरि इस्लामाबाद पुगेका छन् । त्यहाँबाट उनी सोमबारै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटका लागि मस्को पुगेका छन् । उनले यसबीच ओमान भ्रमण पनि गरे । यस्तै, उनले आइतबार कतार र साउदी अरेबियाका विदेशमन्त्रीसँग फोनमा कुराकानी गरेका थिए । युद्धका विषयमा रुससँग कुराकानी गर्न पाउनु एउटा राम्रो अवसर रहेको उनले बताएका छन् । 'हाम्रा रुसी साथीहरूसँग युद्धसँग सम्बन्धित रहेर परामर्श गर्न पाउनु राम्रो अवसर हो,' अराग्चीले इरानी सरकारी सञ्चारमाध्यम आईआरएनएसँगको भिडियो कुराकानीमा भने ।

११ र १२ अप्रिलमा अमेरिका-इरानबीच इस्लामाबादमा झन्डै २१ घण्टा वार्ता चले पनि सहमतिमा पुग्न सकेको थिएन । त्यसको केही समयमै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो जलसेनालाई हर्मुजमा नाकाबन्दी गर्न आदेश दिएका थिए । अमेरिकाले इरानका बन्दरगाहहरूमा तेल लिन आउने ट्यांकरहरूलाई आक्रमण गरिने चेतावनीसमेत दिएको थियो । त्यसयता इरानको तेल व्यापार ठप्पजस्तै छ ।

यसबीच, पाकिस्तानले वार्ता जारी राख्न निरन्तर प्रयास गरिरहेको छ । तर, इरानले सिधा वार्ताभन्दा पनि पाकिस्तानमार्फत अप्रत्यक्ष वार्ता गर्न रुचि देखाएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले पनि फोनमार्फत नै वार्ता गर्न सकिने बताउँदै आएका छन् । इरानी विदेशमन्त्री अराग्चीले भने अमेरिकाका कारण सहमतिमा पुग्न ढिला भइरहेको आरोप लगाउँदै आएका छन् । 'अघिल्लो वार्तामा धेरै प्रगति भएको थियो तर अमेरिकाको अत्यधिक मागका कारण लक्ष्य हासिल हुन सकेन,' उनले भनेका छन् ।

ट्रम्पले भने इरानको सत्तामा रहेका फरक-फरक मानिसले फरक कुरा गर्ने भएकाले सहमतिमा पुग्न नसकेको आरोप लगाएका छन् । उनले भनेका छन्, 'अहिले इरानमा कसले सत्ता चलाइरहेको छ भन्ने स्पष्ट छैन । त्यही कारण सहमतिमा पुग्न कठिन भइरहेको छ ।'

### हर्मुजबारे ओमानमा छलफल

विश्वको झन्डै २० प्रतिशत कच्चा तेल तथा ग्यास निकासा हुने जलमार्ग हर्मुजमा भएको दोहोरो नाकाबन्दीले समग्र विश्वलाई असर गरेको छ । युद्ध सुरु हुनुअघि ७२ डलर प्रतिब्यारेल हाराहारीमा बिक्री भइरहेको 'ब्रेन्ट क्रुड' सोमबार १०७ डलर प्रतिब्यारेलमा कारोबार भएको छ । अवरोधका कारण पर्सियन खाडीमा तेल बोकेका जहाजहरू अलपत्र परेका छन् ।

युद्ध सुरु भएको दुई महिना नबित्दै विश्व अर्थतन्त्रमा गहिरो असर देखिएको छ । एलएनजी ग्यास, रासायनिक मल र अन्य सामग्रीको आपूर्ति पश्चिम एसियाबाट हुन पाएको छैन ।

इरानले हर्मुज हुँदै बाहिरिने जहाजसँग जलमार्ग प्रयोग गरेबापत कर उठाउने नीति बनाएको छ । त्यसका लागि विशेष संयन्त्र बनाउन इरानले प्रयास गरिरहेको छ । संयन्त्र निर्माणमा उसले ओमानको समर्थन खोजेको एक क्षेत्रीय अधिकारीले नाम नछाप्ने सर्तमा एपीलाई बताएका छन् । किनकि, हर्मुज जलघाटीको एकातर्फ इरान र अर्कोतर्फ ओमान पर्छ । ओमानले भेटका विषयमा भने कुनै प्रतिक्रिया दिएको छैन ।

वार्ताको मध्यस्थता गरिरहेका एक अधिकारीले पाकिस्तानमा अर्को चरणको वार्ता सुरु हुनुअघि अमेरिकी नाकाबन्दी अन्त्य हुनुपर्ने विषय ओमान भ्रमणका क्रममा इरानी विदेशमन्त्री अराग्चीले उठाएको बताएका छन् । यसअघि ७ अप्रिलमा दुई देशबीच दुई साता लामो युद्धविराम भएको थियो । उक्त युद्धविराम समाप्तिपछि गत साता ट्रम्पले फेरि अनिश्चितकालीन युद्धविरामको घोषणा गरेका थिए ।

अहिलेसम्मका सबै वार्तामा इरानले आणविक हतियारको महत्त्वाकांक्षा त्याग्नुपर्ने अमेरिकाको प्रस्ताव रहँदै आएको छ । इरानले आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण रहेको दाबी गरिरहेको छ । यस्तै, इरानले युरेनियम संवर्द्धन कम गर्नसमेत तयार रहेको बताउँदै आएको छ । तर, अमेरिकाले तेहरानको सम्पूर्ण युरेनियम भण्डार रित्याउनुपर्ने प्रस्ताव गर्दै आएको छ । उक्त युरेनियम आणविक हतियार बनाउन प्रयोग हुन सक्ने अमेरिकाको आशंका छ । युद्ध सुरु भएयता इरानमा कम्तीमा ३ हजार ३ सय ७२ जनाले ज्यान गुमाइसकेका छन् । लेबनानमा कम्तीमा २ हजार ५ सय ९ जनाको मृत्यु भइसकेको छ ।

युद्धका कारण इजरायलमा कम्तीमा २३ जनाको ज्यान गइसकेको छ भने खाडी राष्ट्रहरूमा १२ जनाभन्दा धेरैले ज्यान गुमाइसकेका छन् ।

१३ जना अमेरिकी सैनिक र संयुक्त राष्ट्रसंघ शान्ति मिसनमा खटिएका ६ सैनिकले समेत ज्यान गुमाइसकेका छन् ।

# मोदी सिक्किममा, ४ हजार करोडभन्दा बढीका परियोजना उद्घाटन र शिलान्यास गर्दै



**पर्वत पोर्तेल** (विराटनगर)

पश्चिम बंगाल विधानसभा निर्वाचनको पूर्वसन्ध्यामा गत ११ अप्रिलमा नेपाली सीमा नजिकको सिलिगुडीमा चुनावी सभामा सहभागी बनेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सोमबार सिक्किम पुगेका छन् । सेनाको हेलिकोप्टरबाट मोदी अपराह्न ३ बजेतिर गान्तोकस्थित लिबिङ हेलिप्याडमा ओर्लिएका थिए । पाल्जोर रंगशालामा मंगलबार हुने कार्यक्रममा प्रधानमन्त्री मोदी सहभागी हुनेछन् । उक्त अवसरमा उनले ४ हजार करोड रुपैयाँभन्दा बढीका विभिन्न आयोजनाको उद्घाटन र शिलान्यास गर्ने कार्यक्रम रहेको मुख्यमन्त्री प्रेम सिंह तामाङ (गोले) का प्रेस सल्लाहकार वीरेन्द्र ताम्लिङले जनाए । उनले भने, 'पाल्जोर रंगशालाबाट प्रधानमन्त्रीले विशेष सम्बोधन गर्ने कार्यक्रमसमेत तय भएको छ ।' क

मोदीले पूर्वाधार, यातायात, स्वास्थ्य, शिक्षा, ऊर्जा, सहरी विकास, वातावरण संरक्षण, पर्यटन तथा कृषि क्षेत्रका परियोजनाहरू शिल्यान्यास र उद्घाटन गर्नेछन् । उनले नाम्ची जिल्लाको याङगाङमा १०० शय्याको आयुर्वेद अस्पताल, राष्ट्रिय प्राविधिक प्रतिष्ठान, ३० शय्याको 'सोवा रिग्पा' अस्पताल उद्घाटन गर्नेछन् । त्यस्तै सिक्किम विश्वविद्यालयको स्थायी क्याम्पस, चाकुङमा नेताजी सुभाषचन्द्र बोस युनिभर्सिटी अफ एक्सिलेन्सको प्रशासनिक भवन, गान्तोकको सोचेगाङमा हेलन लेप्चा मेडिकल कलेज तथा ग्याल्सिङको देन्तामममा प्रोफेसनल कलेज उद्घाटन गर्ने कार्यक्रमसमेत छ । यसैगरी मंगान जिल्लाको माङ्सिलामा स्नातकोत्तर नयाँ कलेज, ही-ग्याथाङमा मोडल आवासीय विद्यालय र नाम्चीको बुम्तार गुम्बामा छात्रावाससहित भवन उद्घाटनका साथै सिक्किमका १६० विद्यालयमा सूचना-प्रविधिमा आधारित शैक्षिक पूर्वाधार विस्तार कार्यक्रम पनि सुरु हुने ताम्लिङले बताए ।

यातायाततर्फ टिस्टा नदीमाथि सिरवानी र तल्लो साम्दोङमा दुईवटा डबल लेन स्टिल आर्क पुलको शिलान्यासका साथै बिर्धाङ-नाम्ची सडक स्तरोन्नति परियोजनाको पनि मोदीले उद्घाटन गर्नेछन् । ऊर्जातर्फ भने मोदीले गान्तोकको ट्रान्समिसन तथा वितरण प्रणाली सुधार र विस्तार परियोजना उद्घाटन गर्ने कार्यक्रम छ । 'यी आयोजनाहरूबाट सिक्किमको समग्र र समावेशी विकासलाई तीव्रता दिने अपेक्षा गरिएको छ,' मुख्यमन्त्री तामाङका प्रेस सल्लाहकार ताम्लिङले भने ।

# अभियुक्तको निसानामा ट्रम्प हुन सक्ने देखियो : अनुसन्धानकर्ता

वासिङ्टन डीसी (एजेन्सी)– वासिङ्टन डीसीस्थित हिल्टन होटलमा ह्वाइटहाउस संवाददाता संघले आयोजना गरेको डिनरमा गोली प्रहार गरेको अभियोगमा पक्राउ परेका व्यक्तिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि निसाना साध्ने योजना बनाएको हुन सक्ने अनुसन्धानकर्ताले बताएका छन् ।

अमेरिकाका कार्यवाहक महान्यायाधिवक्ता टोड ब्लान्चेले राष्ट्रपति ट्रम्प र मन्त्रिपरिषद्का सदस्यहरू निसानामा रहेको संकेत अनुसन्धानकर्तालाई मिलेको बताए ।

यी व्यक्ति क्यालिफोर्नियाबाट ट्रेन चढेर सिकागो हुँदै वासिङ्टन आएको देखिएको बताए । शनिबार डिनर चलिरहँदा गोली प्रहार भएको थियो । जसक्रममा एक सुरक्षाकर्मीलाई गोली लाग्यो । तर 'बुलेट प्रुफ भेस्ट' लगाएकाले उनी बाँच्न सफल भए ।

घटनास्थलबाटै आक्रमणको अभियोगमा ३१ वर्षीय कोल टोमस एलन पक्राउ परेका थिए । न्युयोर्क टाइम्सका अनुसार अनुसन्धानकर्ताहरूले एलनले लेखेको १ हजार शब्द लामो नोट पनि फेला पारेका छन् ।

यो नोट एलनले आफ्ना साथीभाइ तथा आफन्तलाई पठाएका थिए । नोटमा ट्रम्पको नाम उल्लेख नभए पनि माथिल्लो ओहदाका मानिसहरू पहिले निसानामा पर्ने उल्लेख छ । 'राष्ट्रघातीले गरेको अपराधबाट मेरो हात रंग्याउने अनुमति दिन म सक्दिनँ,' उनले नोटमा लेखेका थिए ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — समय आफू अनुकूल बन्दै जानेछ । आर्थिक पक्ष सुदृढ रहनेछ । प्रतियोगितात्मक कार्यमा सफलता मिल्नेछ ।

**वृष** — कतै निम्तालु बनी जानुपर्ला । घरमा कुनै कुरामा हेरफेर हुन सक्छ । समयावस्था विचारी कुनै कुनै कामलाई पछि सारिएला ।

**मिथुन** — कुनै कुराले यत्तिकै अलमलाउन सक्छ । सकेसम्म आफ्नै सुझबुझले काम गर्न खोजिनेछ । झिनामसिना कुरालाई वास्ता नगर्नु नै राम्रो रहनेछ ।

**कर्कट** — पारिवारिक मेलमिलाप बढ्नेछ । आर्थिक पक्ष सुदृढ रहनेछ । प्रायः सबै काम आफ्नै अनुकूलतामा सम्पन्न गरिनेछन् ।

**सिंह** — तपाईंको मनको कुरा बुझ्ने प्रयास हुनेछ । अपेक्षित व्यक्तिबाट भनेजस्तो सहयोग प्राप्त हुनेछ । आर्थिक क्रियाकलापका काममा भने सजग रहनुपर्नेछ ।

**कन्या** — समयले सोचेअनुरूप साथ दिँदै जानेछ । सबै कुराहरु टक्क टक्क रूपमा मिल्दै जानेछन् । कतै जाने प्रबन्ध मिल्न सक्छ ।

**तुला** — कसैको कुनै कुराले मनमा खट्किन सक्छ । कुनै कुरामा पनि हतारिएर प्रतिक्रिया नजनाउनुहोला । समयावस्था विचारेर अघि बढ्नु नै बुद्धिमानी हुनेछ ।

**वृश्चिक** — कुनै कुरालाई लिएर छलफल हुन सक्छ । कुनै साथीसित कतै भेटघाट हुन सक्छ । कुनै कुराको आकस्मिक लाभ हुन सक्छ ।

**धनु** — मनमा आत्मविश्वास बढ्नुका साथै काम गर्ने जाँगर बढ्नेछ । क्रमशः सबै कुराहरु मिल्दै जानेछन् । कुनै कुराले गर्दा मन प्रसन्न रहला ।

**मकर** — नयाँ कामको जिम्मेवारी आइलाग्न सक्छ । सकेसम्म सबै कुरा मिलाउँदै गइनेछ । पेटका बिरामीले खानपानमा ध्यान दिनुपर्ने बेला छ ।

**कुम्भ** — कुनै कुराले मनमा दोमन हुन सक्छ । काम गर्दागर्दै झर्को लाग्न सक्छ । सकेसम्म शान्त र तटस्थ रही विनम्रतापूर्वक काम गर्नुपर्ने बेला छ ।

**मीन** — कतैको सानेतिनो घुमघाम गर्ने योजना बन्न सक्छ । समयलाई आफू अनुकूल चलाउन खोजिनेछ । सम्बन्धित व्यक्तिबाट काममा अपेक्षित सहयोग पाइनेछ ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

ललितपुर प्लटिंगको लागि जग्गा ९७०००५९७९५

ललितपुर बागडोल, रिङ्गरोड नजिकै १६ फुटे बाटोमा ०-४-०-० आनामा बनेको २.५ तल्लाको आकर्षक घर बिक्रीमा सम्पर्क नं. ९७१३७६२५७९ (दलालले कष्ट नगर्नुहोला)

**लाजिम्पाट** १४ आना ४५०००००/- ९७०००५९७९५

धुम्बाराही एरियामा 0-7-1-1 जग्गा, घरसहित बिक्रिमा 9851045841

चितवन, हेटौडा आसपासमा, सिमरा, कोल्बि तथा अन्य ठाउमा बाटो काटेको तर बेच्न नसकी रहनुभएको बिकसित सस्तो घडेरिहरु छन्भने सम्पर्क गर्नहोस् 9814794608

**सम्पर्क**

सस्तोमा CASHDEPOSIT, धितो फुकुवा, बैंकलोन 9851154609

**विविध बिक्रीमा**

भक्तपुर कटुन्जेमा राम्रो घर, ९८६२४३५९०२

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढल मंगाल जामखोल्ने 9841050858

सेफ्टीट्याङ्की सफाई ठुलोगाडीमा मेसिनबाट ९८५१०२४३६४

ढलटवाइलेट मंगल जामखोल्ने सस्तो मा 9843999386

**चाहियो**

डेलिभरिब्वाई मार्केटर आवश्यक बाईकलाईसेन्स भएको ९८४००५७४२६

ममसीस्त्री- १८०००, खानेबस्ने सुबीधा, 9813851133

जमल डेलिसियसमा अनुभबीकुक १ ३०,००० नेवारीकुक १ ३०,००० वेटर २ १८,००० ममबनाउने २ १८,००० ९८१३८३५४४१, ५३१५६७७

क्यानटिनकोलागि अलराउन्डर कुक-२५००० हेल्फर-१४००० ९८१३३५७८९३

English, Nepali, Science, Math, Social, Secondary Level Teacher चाहियो 014964778 बसुन्धारा

गङ्गबुस्थित रेष्टुरेन्टकोलागि अनुभवि अलराउन्डर कुक २जना तुआवश्यकता 9851027935 खानबस्नको व्यवस्था

पोल्ट्री फार्मको लागी कामदार चाहियो , ९८१३३१७४२४

Hotel Garden Flower, कालो पुलमा उत्साही र मेहनती कर्मचारी तुरुन्तै आवश्यक, कुक-२ जना, वेटर-२ आवश्यक राम्रो तलब तथा सुविधा, खानेबस्ने व्यवस्थाछ, अनुभव भएकालाई प्राथमिकता दिइनेछ सम्पर्क गर्नुहोस: ९८५१४१७७७६ ९८१००३०१४

नयाँसेटअप गर्नसक्ने दक्ष/कुक, म:म:मेकर, वेटरचाहियो 9863-337103

काठमाण्डौको क्याफेमा इन्डो चाइनिज बनाउने कुकचाहियो 9851124514

चित्लाङ्गमा रिसोर्टकोलागी मेनेजर कुक वेटर चाहियो ९७०८६०३५६०

गेष्टहाउसमा स्टाप चाहियो कलंकी 9841311649

नयाँबानेश्वरमा आउनेजाने गार्ड चाहियो ९८५१२१९२८८

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिङ | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

* म.अ.क. वाहक

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १५१.१० |
| युरो | १७७.०७ |
| पाउन्ड स्टर्लिङ | २०४.४८ |
| अस्ट्रेलियन डलर | १०८.०८ |
| कतारी रियाल | ४१.४५ |

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,००,५००
चाँदी रू. ५,०४५

## सरकारको आर्थिक स्थितिपत्र सार्वजनिक

# 'नीतिगत भ्रष्टाचार, लेनदेन र आसेपासे पुँजीवादले अर्थतन्त्र अनुत्पादक चक्रमा'

### अर्थतन्त्र पुनःसंरचना र स्तरोन्नतिको चरणमा, सात वर्षभित्र प्रतिव्यक्ति ३ हजार डलर र सय खर्बको अर्थतन्त्र निर्माण गर्ने सरकारको लक्ष्य

**यज्ञ बञ्जाडे** (काठमाडौं)

मुलुकमा नीतिगत भ्रष्टाचार, लेनदेन र आसेपासे पुँजीवादले अर्थतन्त्र अनुत्पादक चक्रमा फसेको सरकारले औंल्याएको छ। उद्यमशीलता, प्रतिस्पर्धा र नवप्रवर्तनमार्फत आर्थिक वृद्धि हुनुको सट्टा, लाइसेन्स, ठेक्का र नियमनमार्फत हुने असुलीधन्दा राज्य-बजार सम्बन्धको विशेषता बन्न पुग्दा अर्थतन्त्र अहिलेको अवस्थामा पुगेको अर्थमन्त्री स्वर्णिम वाग्लेले सोमबार जारी गरेको आर्थिक स्थितिपत्रमा उल्लेख छ।

यसले सक्षम उद्यमी र नयाँ प्रवेशकर्तालाई निरुत्साहित गर्दै अर्थतन्त्रलाई मूल्य सिर्जनाभन्दा पहुँच आधारित संरचनातर्फ उन्मुख गराएको अर्थमन्त्री वाग्लेको दाबी छ। अर्थमन्त्री वाग्लेले १३ चैतमा पद बहाली गर्दै 'आर्थिक स्थितिपत्र' तत्काल तयार गर्ने निर्णय गरेका थिए। सोहीअनुरूप अहिले आर्थिक स्थितिपत्र तयार गरी सार्वजनिक गरिएको हो।

'नेपालको अर्थराजनीतिक संकटको जरो विकृत प्रोत्साहन संरचनामा निहित छ। महँगो चुनाव, अपारदर्शी चन्दा संकलन र बोझिलो दलीय संरचनाले राजनीतिलाई सेवा होइन, पेसा र लगानीको माध्यममा रूपान्तरण गरेको थियो,' स्थितिपत्रमा भनिएको छ, 'राज्य र बजारको भूमिकाबारे गहिरो वैचारिक अन्योल कायम रह्यो। कहिले सर्वशक्तिमान राज्यको भ्रम, कहिले बजारप्रति अति विश्वास। यी दुई चरमबीच नीतिगत अस्थिरता देखियो।' बजारलाई स्वःनियमित मान्ने दृष्टिकोणका कारण प्रतिस्पर्धा नीति, उपभोक्ता संरक्षण, पर्यावरणीय नियमन र सामाजिक सुरक्षाजस्ता आवश्यक संस्थागत संरचना सुदृढ हुन नसकेको सरकारको निष्कर्ष छ।

अर्कोतर्फ निजी क्षेत्रप्रति अविश्वास र वितरणमुखी अतिवादले उत्पादन, लगानी र उत्पादकत्व वृद्धिलाई प्राथमिकतामा राख्न नसकेको स्थितिपत्रमा उल्लेख छ। 'परिणामतः न बजार गतिशील बन्यो, न त राज्य संरचना उत्तरदायी बन्न सक्यो। सक्षम, नियममा आधारित र पूर्वानुमेय वातावरणको अभावमा निजी क्षेत्रले सुरक्षित र विश्वसनीय आधार पाउन सकेन,' स्थितिपत्रमा भनिएको छ, 'निजी सम्पत्तिको सुरक्षा, करार कार्यान्वयन र नियामकीय स्थिरता सुनिश्चित गर्न राज्य असफल हुँदा लगानी आकर्षित हुन सकेन र अर्थतन्त्र अनुत्पादक चक्रमा फस्यो।'

नेपाल स्रोत, सम्भावना र सदिच्छामा समृद्ध भएर पनि सोच, संकल्प र शासकीय सदाचारको संकटले गर्दा समुन्नत हुन नसकेको सरकरको निष्कर्ष छ। 'नेपालले राजनीतिक क्रान्तिका कैयौं चरण त पार गयो। तर समग्र अर्थराजनीतिक संरचनाका साथै रूपान्तरणको मार्ग भने अपूर्ण रह्यो,' स्थितिपत्रमा भनिएको छ, 'सामाजिक विभेद, दुर्बल शासन र शासकीय अस्थिरताका कारण मुलुकले अपेक्षित गति लिन सकेन। फलतः जनसांख्यिक दृष्टिले प्रचुर सम्भावना रहेको समयमा नवयुवा पुस्तामा असन्तुष्टि, क्षोभ र रोष अदम्य विद्रोहमा परिणत भयो।'

त्यसैगरी सामाजिक सुरक्षा तथा वितरणमुखी कार्यक्रम दीर्घकालीन वित्तीय दायित्वको यथार्थ मूल्यांकनबिना विस्तार गरिँदा अन्तरपुस्ता समतामा चुनौती थपिएको सरकारको निष्कर्ष छ। 'समता सुनिश्चित गर्ने नाममा प्रभावकारी कार्यान्वयनबिना गरिएका प्रयासले न असमानता घटाए, न उत्पादन क्षमता विस्तार गर्न सके। जनसांख्यिक लाभांशको प्रभावकारी उपयोग हुन नसक्दा वैदेशिक रोजगारी, रेमिट्यान्स-निर्भरता र सीमित घरेलु रोजगारी सिर्जना अर्थतन्त्रको चरित्र बनेको छ,' स्थितिपत्रमा भनिएको छ।

नेपालको मुख्य चुनौती स्रोतको अभाव मात्र होइन, अवधारणागत अस्पष्टता, संस्थागत कमजोरी र फितलो कार्यान्वयनसमेत हो। निजी उद्यमशीलताको अभाव होइन, बरु उद्यमशीलतालाई दण्डित गर्ने नीतिगत तथा संस्थागत संरचना नै बाधक बनेको सरकारको निष्कर्ष छ।

यस्तो अवस्थाबाट बाहिर निस्कन निरपेक्ष उदारीकरण पर्याप्त छैन। यसका लागि बृहत् संरचनात्मक सुधार जसले प्रतिस्पर्धा प्रवर्द्धन गर्छ, नवप्रवर्तन र प्रविधि आत्मसात् गर्छ, नयाँ उद्यमीलाई प्रवेशको अवसर दिन्छ र अर्थतन्त्रलाई 'रेन्ट-सिकिङ' बाट उन्नत रोजगारीकेन्द्रित दिगो वृद्धितर्फ



फाइल तस्बिर : कान्तिपुर

रूपान्तरण गर्छ त्यो आवश्यक रहेको बताइएको छ।

मुलुकको अर्थतन्त्र पुनःसंरचना र स्तरोन्नतिको चरणमा प्रवेश गरेको सरकारको दाबी छ। नेपालको अर्थराजनीतिले नयाँ मोड लिँदै गर्दा नीतिगत सुधार, सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय परिवर्तन, आर्थिक पारदर्शिता तथा सुशासनलाई उच्च प्राथमिकता दिइएको छ। दशकौंदेखि जकडिएका संरचनात्मक कमजोरीलाई चिर्दै सुसंस्कृत र समृद्ध समाज निर्माण दृढताका साथ गरिने स्थितिपत्रमा उल्लेख छ।

सरकारको आर्थिक स्थितिपत्र अपेक्षाकृत नभएर कामचलाउ ढंगको मात्र आएको अर्थविद् डिल्लीराज खनालले बताए। 'रास्वपाको वाचापत्र र सरकारको सयबुँदे कार्यसूचीअनुसार अर्थतन्त्रको विद्यमान अवस्था र त्यसका कारण स्थितिपत्रमा आएनन्। सामान्य कामचलाउ खालको मात्र छ,' उनले भने, 'जसरी वाचापत्रमा अर्थतन्त्रका विषयवस्तुको ठोस र गहन ढंगले उठाइएको थियो। त्यसअनुसारको स्थितिपत्र आएन। कारणहरू ठोस ढंगले नभएर सतही ढंगले उठान गरिएको छ।'

रास्वपाको वाचापत्रलाई आफूले निकै सकारात्मक ढंगले हेरेको, अध्ययन गरेको र बोल्दै आएकामा स्थितिपत्र आफ्नो अपेक्षाअनुसारको नभएको खनालले बताए। आगामी आर्थिक वर्षदेखि औसत ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्दै पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय न्यूनतम तीन हजार अमेरिकी डलर र अर्थतन्त्रको आकार एक सय खर्ब (सय अर्ब अमेरिकी डलर) नजिक पुर्‍याउने आधार तयार रहेको सरकारको दाबी छ। स्थितिपत्रमा उल्लिखित प्रतिबद्धता एवं लक्ष्य प्राप्तिसँगै पाँचदेखि सात वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बनाउने लक्ष्य तय गरिएको छ। यसका लागि अर्थमन्त्री वाग्लेले आर्थिक रूपान्तरणका मुख्य चार संवाहक क्षेत्र चयन गरेका छन्।

विद्युत् उत्पादनमा कुल जडित क्षमता आगामी ५ वर्षभित्र १५ हजार मेगावाटसम्म पुर्‍याउने, राष्ट्रिय गौरवका महत्त्वपूर्ण आयोजनाको निर्माण कार्य आगामी दुई वर्षभित्र सम्पन्न गर्ने, रणनीतिक महत्त्वका नयाँ आयोजना विकास गर्नेलगायत पूर्वाधार विकासबाट निजी लगानीसमेत आकर्षित भई


### यी हुन् अर्थतन्त्रका चार संवाहक क्षेत्र

१. विद्युत् उत्पादनमा कुल जडित क्षमता ५ वर्षभित्र १५ हजार मेगावाटसम्म पुर्‍याइने, राष्ट्रिय गौरवका महत्त्वपूर्ण आयोजना निर्माण आगामी दुई वर्षभित्र सम्पन्न गर्ने, रणनीतिक महत्त्वका नयाँ आयोजना विकास गर्नेलगायत पूर्वाधार विकासबाट निजी लगानीसमेत आकर्षित भई आर्थिक वृद्धिमा तीव्रता आउने

२. कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्दै उद्योग र पर्यटनसँग दरिलो अन्तरआबद्धतामार्फत उत्पादनमूलक रोजगारी अभिवृद्धि हुने

३. पर्यटन क्षेत्रमा गुणस्तरीय पूर्वाधार विकास र पर्यटकीय सेवा तथा आवागमनमा सहजतामार्फत रोजगारी र आय अभिवृद्धि हुने

४. कृत्रिम बौद्धिकता उपयोगसहितको सूचना तथा प्रविधिको उपयोग र डिजिटल अर्थतन्त्र निर्माणबाट उत्पादन, उत्पादकत्व, रोजगारी र निर्यात अभिवृद्धि हुने




आर्थिक वृद्धिमा तीव्रता आउने अर्थमन्त्री वाग्लेको दाबी छ।

'कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्दै उद्योग र पर्यटनसँग दरिलो अन्तरआबद्धतामार्फत उत्पादनमूलक रोजगारी अभिवृद्धि हुनेछ,' स्थितिपत्रमा भनिएको छ, 'पर्यटन क्षेत्रमा गुणस्तरीय पूर्वाधार विकास र पर्यटकीय सेवा र आवागमनमा सहजतामार्फत रोजगारी र आय अभिवृद्धि हुनेछ।' कृत्रिम बौद्धिकता उपयोगसहितको सूचना तथा प्रविधिको उपयोग र डिजिटल अर्थतन्त्र निर्माणबाट उत्पादन, उत्पादकत्व, रोजगारी र निर्यात अभिवृद्धि गरिने अर्थमन्त्री वाग्लेको भनाइ छ।

स्थितिपत्रमा मुलुकको आर्थिक वृद्धि तुलनात्मक रूपमा न्यून र अस्थिर रहेको उल्लेख छ। पछिल्लो एक दशकमा वार्षिक औसत आर्थिक वृद्धि ४.२ प्रतिशत छ। यस अवधिमा नेपालको अर्थतन्त्र न्यूनतम २.४ प्रतिशतको संकुचनदेखि अधिकतम ९ प्रतिशतसम्म विस्तार भएको छ। 'पछिल्ला वर्षमा आर्थिक गतिविधि शिथिल रहँदा आर्थिक वर्ष २०८१/८२ मा ४.६१ प्रतिशतले विस्तार भएको अर्थतन्त्र आर्थिक वर्ष २०८२/८३ मा ३.५ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ,' स्थितिपत्रमा भनिएको छ। मुलुकको अर्थतन्त्र कृषिबाट औद्योगिकीकरण नहुँदै सेवा क्षेत्रतर्फ विस्तार भएको स्थितिपत्रमा जनाइएको छ। 'अर्थतन्त्रमा उद्योग र कृषि क्षेत्रको योगदान खुम्चिँदै जाँदा सेवा क्षेत्रको योगदान विस्तार हुँदै गएको छ,' स्थितिपत्रमा उल्लेख छ।

उत्पादनमूलक उद्योगको अवस्था कमजोर रहेको समेत बताइएको छ। एक दशकमा कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक औद्योगिक क्षेत्रको योगदान औसत ५.४ प्रतिशत मात्रै छ। यो अवधिमा समग्र अर्थतन्त्र औसत ४.२ प्रतिशतले विस्तार हुँदा उत्पादनमूलक उद्योगको विस्तार औसत २.९ प्रतिशत मात्रै छ।

लगानीको अपर्याप्तता, आयातित कच्चा पदार्थमाथिको उच्च निर्भरता, नवप्रवर्तन तथा उन्नत प्रविधिको न्यून अवलम्बन र उच्च उत्पादन लागतलगायत कारणले प्रतिस्पर्धात्मक क्षमता कमजोर भई मुलुकको औद्योगिकीकरण अवस्था कमजोर रहेको समेत उक्त पत्रमा उल्लेख छ। वर्तमान अवसर र चुनौतीहरूको स्पष्ट पहिचान गर्दै नीतिगत सुधार, सुशासन सुदृढीकरण तथा दिगो आर्थिक रूपान्तरणका लागि आवश्यक मार्गचित्र कोर्न बलियो आधार प्रदान गर्नेसमेत बताइएको छ।

सरकारले वैदेशिक रोजगारीमाथिको निर्भरता बढ्दो रहेको जनाएको छ। मुलुकभित्र मर्यादित रोजगारीका अवसर सिर्जना नहुँदा वैदेशिक रोजगारीमा निर्भरता बढेको छ। पछिल्ला एक दशकमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या वार्षिक औसत २८.६ प्रतिशत वृद्धि भएको स्थितिपत्रमा उल्लेख छ।

रोजगारीका लागि विदेशिनेको संख्या उच्च हुँदा उनीहरूले पठाउने विप्रेषणले बाह्य क्षेत्र सन्तुलन, गरिबी निवारण, आन्तरिक माग तथा सामाजिक क्षेत्रमा अल्पकालीन राहत दिएको छ। यद्यपि मुलुकमा दक्ष तथा अर्धदक्ष जनशक्तिको अभाव र समष्टिगत मागमा कमीसँगै दीर्घकालमा मानव पुँजीको ह्रास हुने जोखिमसमेत बढेको आर्थिक स्थितिपत्रमा उल्लेख छ।

अनेक चुनौतीका बाबजुद पनि अर्थतन्त्रमा बहुआयामिक अवसर उपलब्ध रहेको स्थितिपत्रमा जनाइएको छ। यी अवसरलाई ११ बुँदामा समेटिएको छ। 'स्थिर सरकारको जगमा सुशासन कायम गर्दै लगानीमैत्री नीतिगत वातावरणमार्फत निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्न सकिनेछ। यसबाट अर्थतन्त्रमा स्वदेशी तथा विदेशी पुँजी र प्रविधि भित्र्याउँदै उत्पादनमूलक क्षेत्रको विस्तार र रोजगारी सिर्जना गर्न सकिने सम्भावना छ,' स्थितिपत्रमा भनिएको छ, 'जलविद्युत्को विशाल सम्भावनालाई सस्तो र भरपर्दो ऊर्जाका रूपमा उपयोग गर्दै औद्योगिकीकरण, सेवा क्षेत्र विस्तार र ऊर्जा निर्यातमार्फत स्थिर वैदेशिक आम्दानी सिर्जना गर्न सकिने अवसर छ। क्षेत्रीय विद्युत् व्यापार विस्तारले हरित ऊर्जा बजारमा नेपालको स्थान सुदृढ गर्ने देखिन्छ।'

प्राकृतिक तथा सांस्कृतिक सम्पदाले उच्च मूल्यमा आधारित पर्यटन विकासको बलियो आधार प्रदान गरेको छ। हिमाली, सांस्कृतिक र समुदायमा आधारित पर्यटनको एकीकृत विकासमार्फत ग्रामीण क्षेत्रमा रोजगारी र आय सिर्जना विस्तार गर्न सकिने सरकरको दाबी छ। पर्यटन पूर्वाधार, सेवा गुणस्तर र गन्तव्य व्यवस्थापन सुधारले अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्न सहयोग पुयाउने स्थितिपत्रमा उल्लेख छ।

'कृत्रिम बौद्धिकता र रोबोटिक्सको उपयोग तथा डिजिटल प्रविधिको विस्तारसँगै सेवा निर्यात र ज्ञानमा आधारित अर्थतन्त्र विकासको अवसर बढ्दो छ,' स्थितिपत्रमा भनिएको छ, 'सूचना प्रविधि सेवा, बिजनेस प्रोसेस आउटसोर्सिङ तथा डिजिटल उद्यमशीलतामार्फत न्यून पुँजीमा उच्च मूल्य अभिवृद्धि गर्ने आर्थिक गतिविधि विस्तार गर्दै युवाशक्ति र साना उद्यमलाई विश्व बजारसँग जोडिने सम्भावना उच्च छ।'

कृषि क्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन, आय र निर्यात विस्तारको सम्भावना छ। उच्च मूल्यका बाली, पशुपालन, बगैंचा तथा कृषि प्रशोधन उद्योगमा लगानीमार्फत उत्पादकत्व वृद्धि र आयात प्रतिस्थापन गर्न सकिन्छ। बाँकी पृष्ठ ८

# पश्चिम एसिया तनावले आर्थिक संकुचन र वित्तीय स्थायित्वको जोखिम : राष्ट्र बैंक

### इन्धनको मूल्यवृद्धि र आपूर्ति शृंखलामा परेको अवरोधले नेपालको कृषि, पर्यटन र उद्योग क्षेत्रमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम रहेको गभर्नरको स्पष्टोक्ति

**यज्ञ बञ्जाडे** (काठमाडौं)

पश्चिम एसियाको भूराजनीतिक तनावका कारण इन्धनको मूल्यवृद्धि भएको र आपूर्ति शृङ्खलामा अवरोध पुगेकाले कृषि, पर्यटन, उद्योग जस्ता क्षेत्रमा गतिविधि संकुचित भई अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्ने नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलले बताएका छन्। यसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा वित्तीय स्थायित्वमा असर पर्ने सम्भावना रहेको उनको भनाइ छ।

अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपणतर्फ लक्ष्य गर्दै गभर्नर पौडेलले विश्व अर्थतन्त्रमा केही सुस्तता आउन सक्ने अनुमानसमेत गरे। विश्व अर्थतन्त्र सन् २०२६ मा ३.१ प्रतिशत र २०२७ मा ३.२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। पश्चिम एसियाको भूराजनीतिक तनाव, इन्धनको मूल्यवृद्धि र आपूर्ति शृंखलामा परेको अवरोधले नेपालको कृषि, पर्यटन र उद्योग क्षेत्रमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम रहेको उनको भनाइ छ।




**काठमाडौंमा सोमबार आयोजित नेपाल राष्ट्र बैंकको ७१ औं वार्षिकोत्सव समारोह।**

हालको अप्रत्याशित मूल्य प्रभावको बाबजुद चालु आर्थिक वर्षमा औसत मुद्रास्फीति लक्ष्यभन्दा न्यून रहने अनुमान रहेको राष्ट्र बैंकको ७१ औं वार्षिकोत्सवको अवसरमा सोमबार केन्द्रीय कार्यालय बालुवाटारमा आयोजित कार्यक्रममा गभर्नर पौडेलले जनाए। मुलुकका आर्थिक सूचक सन्तोषजनक रहेको उनले बताए। उपभोक्ता मुद्रास्फीति मौद्रिक नीतिको लक्ष्यको सीमाभित्रै रहेको उनको भनाइ छ। आर्थिक वर्ष २०८२/८३ को आठ महिनासम्मको औसत उपभोक्ता मुद्रास्फीति २.१ प्रतिशत छ, जुन अघिल्लो वर्ष ४.७ प्रतिशत थियो। शोधनान्तर स्थिति: शोधनान्तर बचत थप सुदृढ हुँदै गएको छ।

पूर्वअर्थमन्त्री युवराज खतिवडाले भने वर्तमान अर्थतन्त्र बाह्य सूचक हेर्दा केही सुधारिएको देखिए पनि वास्तविक रूपमा अझै अस्वस्थ रहेको बताए। अहिले बाह्य क्षेत्र सन्तुलित देखिएको, मूल्यवृद्धि नियन्त्रणमा रहेको र आर्थिक वृद्धि करिब २-३ प्रतिशत हाराहारीमा रहेको भए पनि त्यो त्यति सकारात्मक नरहेको उनको भनाइ छ। 'अहिलेका समस्याको समाधान ससाना 'फिजियोथेरापी' जस्ता मौद्रिक उपायले सम्भव छैन, ठूला संरचनात्मक सुधार अर्थात् 'सर्जरी' आवश्यक छ,' उनले भने। सरकारले लगानीमैत्री वातावरण बनाउन सकेन भने ब्याजदर घटाएर मात्रै कर्जा प्रवाह नबढ्ने उनले जनाए। बाँकी पृष्ठ ८

# साल्ट ट्रेडिङले भित्र्यायो वीरगन्ज नाकाबाट १० हजार टन डीएपी

**शंकर आचार्य** (पर्सा)

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले प्रादेशिक कार्यालय वीरगन्जमा १० हजार टन डीएपी मल भित्र्याएको छ। सातायता यो परिमाणमा डीएपी मल वीरगन्जस्थित कर्पोरेसनको गोदाममा भित्र्याइएको कार्यालयका सूचना अधिकृत सञ्जय गुप्ताले जनाए।

साल्टले ग्लोबल टेन्डरबाट उक्त मल ल्याएको हो। भारतको इन्डियन पोटास लिमिटेड (आईपीएल) ले तेस्रो मुलुकबाट उक्त मल खरिद गरेर ल्याएको गुप्ताको भनाइ छ। वीरगन्ज नाकाबाट भित्रिएको यो मल सिर्सिया सुक्खा बन्दरगाह र सीमापारि भारतीय रेलवे स्टेसन रक्सौल हुँदै आएको थियो।

भित्रिएको मलको कोटा निर्धारणका लागि कार्यालयले मधेश प्रदेश सरकारको कृषि मन्त्रालयलाई पत्राचार गरिसकेको गुप्ताले जनाए। मन्त्रालयले नै प्रदेशभरका जिल्लाअनुसार सबै पालिकाको मलको कोटा निर्धारण गर्ने उनले बताए। बाँकी पृष्ठ ८



तस्बिर : कान्तिपुर

COMMERCIAL SPACE
FOR RENT
NAXAL, NAGPOKHARI
In Front of Kathmandu Marriott Hotel
IDEAL FOR
BANK / FINANCIAL INSTITUTION
Ground Floor Space
1,100 Sq. Ft.
Already Set Up with Bank Counters, Office Partitions, Desks, and Safe Vault
Perfect for Bank / Financial Institution
FOR MORE INFORMATION CONTACT :
9851101224

## अर्थ संक्षेप

### भिसाको भारत तथा दक्षिण एसिया ग्रुप कन्ट्री म्यानेजरमा सुरेश सेठी



काठमाडौं (कास)- डिजिटल भुक्तानी क्षेत्रमा अग्रणी भिसाले भारत तथा दक्षिण एसियाका लागि ग्रुप कन्ट्री म्यानेजरमा नियुक्त गरेको छ । यस भूमिकामा उनले भारत, बंगलादेश, श्रीलंका, नेपाल, माल्दिभ्स र भुटानमा भिसाको रणनीति तथा सञ्चालनको नेतृत्व गर्ने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । भारत तथा दक्षिण एसिया भिसाका लागि अत्यन्त गतिशील र रणनीतिक रूपमा महत्त्वपूर्ण बजार भएको उल्लेख गर्दै सेठीको अनुभव र ज्ञानले डिजिटल भुक्तानीलाई थप तीव्रता दिने कम्पनीको विश्वास रहेको विज्ञप्तिमा जनाइएको छ । नवनियुक्त सेठीले भारत र दक्षिण एसियामा डिजिटल भुक्तानीको महत्त्वपूर्ण चरणमा भिसामा आबद्ध हुन पाएकामा खुसी व्यक्त गरे । आगामी वृद्धि विस्तार, विश्वास र नवप्रवर्तनद्वारा सञ्चालित हुने उल्लेख गर्दै उनले सुरक्षित, समावेशी तथा प्रभावकारी भुक्तानी समाधान विकासमा जोड दिए । सेठीले आफ्नो जागिरे जीवनमा वित्तीय क्षेत्रमा नवप्रवर्तन र प्रणालीगत वृद्धि प्रवर्द्धन गर्ने विभिन्न वरिष्ठ नेतृत्व भूमिका निर्वाह गरेका छन् । अफ्रिका, ल्याटिन अमेरिका, अमेरिका, बेलायतसहित विभिन्न अन्तर्राष्ट्रिय बजारमा काम गरेको अनुभव सेठीसँग रहेको विज्ञप्तिमा जनाइएको छ ।

### प्रोटोनको 'सेल्स एन्ड एक्सचेन्ज एक्सिलेन्स' योजना



काठमाडौं (कास)- नेपालमा प्रोटोन गाडीको आधिकारिक वितरक जगदम्बा मोटर्सले सेल्स एन्ड एक्सचेन्ज एक्सिलेन्स योजना सार्वजनिक गरेको छ । यो विशेष योजना १३ वैशाखदेखि १५ सम्म नेपालभर रहेका सबै प्रोटोन सोरुममा सञ्चालनमा रहेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यस योजनाअन्तर्गत ग्राहकले आफ्नो पुरानो गाडी साटेर नयाँ प्रोटोन ई मास सेबेनलगायत प्रोटोनका विभिन्न मोडल आकर्षक सुविधासहित खरिद गर्न सक्नेछन् । यस योजनाअन्तर्गत ग्राहकले आकर्षक नगद छुट, पुरानो गाडीको उत्कृष्ट एक्सचेन्ज मूल्य, १ वर्षको निःशुल्क बिमा, एक वर्षको रोड ट्याक्स, सात किलोवाटको चार्जर तथा आठ वर्षसम्मको वारेन्टी सुविधा प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ । ग्राहकलाई सहज, भरपर्दो र थप मूल्ययुक्त सवारी खरिद गर्न सजिलो होस् भन्ने उद्देश्यले यो योजना ल्याइएको कम्पनीको भनाइ छ । विशेषगरी विद्युतीय सवारीप्रति बढ्दो आकर्षणलाई ध्यानमा राख्दै ग्राहकलाई आधुनिक, सुरक्षित र वातावरणमैत्री सवारी रोज्न प्रेरित गर्ने कम्पनीको विश्वास छ । नेपालभर रहेका सबै प्रोटोन सोरुममा लागू हुने यस योजनाबाट ग्राहकले सीमित अवधिसम्म विशेष लाभ लिन सक्ने कम्पनीको दाबी छ ।

### सानिमा बैंक र फिनतारा सोलुसन्सको सहकार्यमा शून्य प्रतिशत ब्याजमा ईएमआई सुविधा




काठमाडौं (कास)- सानिमा बैंकले क्रेडिट कार्ड प्रयोगकर्ताका लागि सहज र आकर्षक शून्य प्रतिशत ब्याजमा ईएमआई सुविधा प्रदान गर्ने उद्देश्यले फिनतारा सोलुसन्स प्रालिसँग सहकार्य गरेको छ । सहकार्यअन्तर्गत बैंकका ग्राहकले फिन्तारासँग आबद्ध मर्चेन्ट स्टोरमा सानिमा बैंकको क्रेडिट कार्ड प्रयोग गरी सामान खरिद गर्दा अधिकतम १२ महिनासम्म शून्य प्रतिशत ब्याजमा ईएमआई सुविधा उपभोग गर्न सक्ने बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यो सुविधा इलेक्ट्रोनिक्स, मोबाइल सेट, ल्यापटप, फर्निचर, माउन्टेन बाइक, घरेलु उपकरण आदि खरिद गर्दा उपभोग गर्न सकिनेछ । यस पहलले उच्च मूल्यका सामग्रीलाई थप सहज र पहुँचयोग्य बनाउँदै ग्राहकलाई बिनाब्याज किस्ताबन्दीमार्फत भुक्तानी गर्ने सुविधा प्रदान गर्ने बैंकको दाबी छ । सानिमा बैंकले हाल देशका सातै प्रदेशमा १ सय ३४ शाखा कार्यालय तथा १ सय २७ एटीएममार्फत सेवा प्रदान गर्दै आएको बताएको छ ।

# दोधारा–चाँदनी सुक्खा बन्दरगाहको काम धमाधम

## प्रशासनिक भवन, गोदाम, भन्सार, सुरक्षा, क्वारेन्टिन घर र लोडअनलोड सेडलगायतको निर्माण जारी

**भवानी भट्ट** (कञ्चनपुर)



दोधारा–चाँदनीस्थित सुक्खा बन्दरगाह निर्माणस्थल । तस्बिर : भवानी/कान्तिपुर

महाकाली नदीपारिको दोधारा-चाँदनी नगरपालिका-१ स्थित सुक्खा बन्दरगाह निर्माण स्थलमा यतिबेला निकै चहलपहल छ । सुक्खा बन्दरगाहका विभिन्न संरचना निर्माणको काम धमाधम चलिरहेकाले उक्त क्षेत्रमा ढुवानीका साधनको ओहोरदोहोरदेखि कामदारको व्यस्तताले चहलपहल बढाएको हो ।

वैशाखको चर्को घाममा समेत सुक्खा बन्दरगाहको काम धमाधम भइरहेको छ । घेरबार लगाउनेदेखि बन्दरगाहका अन्य संरचना निर्माण कार्य चलिरहेको छ । अहिले उक्त क्षेत्रमा प्रशासनिक भवन, गोदाम, भन्सार, सुरक्षा, क्वारेन्टिन घर र लोडअनलोड सेडलगायतको निर्माण कार्य एकसाथ चलिरहेको छ ।

'अहिले भरानदेखि भौतिक संरचना निर्माणको काम सँगै चलिरहेको छ,' सुक्खा बन्दरगाह निर्माणको ठेक्का पाएको भारतीय कम्पनी कम्प्ट कन्स्ट्रक्सनका प्रतिनिधि तेजबहादुर चन्दले भने, 'तीन महिनादेखि नियमित रूपमा सुक्खा बन्दरगाहको काम चलिरहेको छ ।' उनका अनुसार निर्माण कम्पनीले २४ महिनाभित्र निर्माण सक्ने लक्ष्यसाथ अहिले तीव्र गतिमा काम गरिरहेको छ ।

भारत सरकारको सहयोगमा निर्माण हुन लागेको सुक्खा बन्दरगाहका लागि भारतकै निर्माण कम्पनी कम्प्ट कन्स्ट्रक्सनले २ अर्ब ४० करोड भारुमा ठेक्का पाएको छ । तीन वर्षभित्र काम सक्ने गरी गत साउनमा ठेक्का सम्झौता भएको हो । इन्टरमोडल यातायात विकास समितिले निर्माणका लागि गत साउनमै साइड हस्तान्तरण गरेको थियो । त्यति बेलादेखि नै उक्त क्षेत्र सफा गर्ने र सम्याउने काम सुरु गरिएको हो ।

'अहिले सुक्खा बन्दरगाहको काम तीव्र गतिमा भइरहेको छ,' इन्टरमोडल यातायात विकास समितिका इन्जिनियर अनिश केसीले भने, 'पर्खाल, आवास क्षेत्रदेखि आवश्यक भौतिक संरचनालगायतको काम चलिरहेको छ ।' अहिले मलेरिया नालामा पुल निर्माणको काम पनि भइरहेको छ । सुक्खा बन्दरगाह निर्माणको भौतिक प्रगति ८ प्रतिशत नाघेको छ । निर्माण कार्य अनुगमनको काम भारतकै राइट्स लिमिटेडले गरिरहेको छ । इन्टरमोडल यातायात विकास समितिले सहजीकरणको काम गरिरहेको छ ।

बन्दरगाह निर्माणका लागि कम्पनीले निर्माण सामग्रीदेखि उपकरण सबै भारतबाटै ल्याएको छ । सुक्खा बन्दरगाह निर्माणका लागि दोधारा-चाँदनी नगरपालिका-१ मा रहेको गौरीशंकर सामुदायिक वनको ४२ दशमलव ३६ हेक्टर जमिन खाली गरिएको हो । उक्त वनमा रहेका १ हजार ७ सय २ रुख कटान गरिएको थियो । अहिले २५ दशमलव ३ हेक्टरमा मात्रै संरचना निर्माण भइरहेका हुन् ।

सुक्खा बन्दरगाह निर्माणकै लागि महाकाली नदीमा चार लेनको पक्की पुल र पूर्वपश्चिम राजमार्गको अन्तिम विन्दु गड्डाचौकीदेखि मलेरिया नालासम्म ८ किलोमिटर बढी ६ लेनको पहुँच मार्ग निर्माण भइसकेको छ । बन्दरगाह निर्माण भएपछि यस क्षेत्रमा व्यावसायिक गतिविधि बढ्ने अपेक्षा गरिएको छ । भारततर्फ पनि राष्ट्रिय राजमार्गको जोगबुडा क्षेत्रबाट सुक्खा बन्दरगाहसम्मको पहुँच मार्ग निर्माण भइरहेको छ ।


# हार्दिक समवेदना



**जन्म:**
१९४८/१२/२५

**स्वर्गारोहण:**
२०२६/०४/१६

## स्व. शान्ति चड्ढा

**महिला उद्यमी महासंघ नेपालकी संस्थापक अध्यक्ष, दक्षिण एसियाली महिला विकास मञ्चकी संस्थापक सदस्य तथा पूर्वउपाध्यक्ष, नेपाल महिला उद्यमी संघ ललितपुरकी पूर्वअध्यक्ष तथा विन बहुउद्देश्यीय सहकारी संस्थाकी पूर्वअध्यक्ष अत्यन्त आदरणीय व्यक्तित्व स्वर्गीय शान्ति चड्ढाज्यूको तेह्रौं दिनको पुण्यतिथिको अवसरमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । उहाँको निधनले महिला उद्यमशीलताको विकासमा अपूरणीय क्षति पुगेको छ ।**

**महिला उद्यमशीलताको प्रवर्द्धनका लागि उहाँले पुऱ्याउनुभएको योगदान प्रेरणादायी र सधैं स्मरणीय रहनेछ । उहाँको दूरदर्शी सोच र स्पष्ट दृष्टिकोणले राष्ट्रिय तथा क्षेत्रीय स्तरमा महिला उद्यमशीलताको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ । चार दशकअघिको कठिन परिस्थितिहरूबीच पनि उहाँले देखाउनुभएको अटुट साहस, नेतृत्वदायी क्षमता र समर्पणले हजारौं महिला उद्यमीलाई आत्मनिर्भरता र आत्मविश्वासको मार्गमा अघि बढ्न प्रेरित गरेको छ । उहाँ केवल एक नेतृत्वकर्ता मात्र नभई महिला उद्यमशीलताको अभियानलाई दिशा दिने एक दूरदर्शी व्यक्तित्व हुनुहुन्थ्यो । यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दछौं । साथै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं ।**

FWEAN
WORKING TOGETHER FOR SOCIO ECONOMIC TRANSFORMATION

**दर्शना श्रेष्ठ**
अध्यक्ष तथा
कार्यसमिति सदस्यहरू

SAWDF
Equality Begins with Economic Empowerment

**प्रमिला आचार्य रिजाल**
अध्यक्ष तथा कार्यसमिति
सदस्यहरू, दक्षिण एसियाली महिला विकास मञ्च

WEAN

**रेखा अर्याल**
अध्यक्ष तथा
कार्यसमिति सदस्यहरू ललितपुर

विन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
WEAN MULTIPURPOSE CO-OPERATIVE LTD.
A Women Producers' Marketing Cooperative

**रत्नेश्वरी कुमारी गोर्खाली श्रेष्ठ**
अध्यक्ष तथा कार्यसमिति सदस्यहरू,
विन बहुउद्देश्यीय सहकारी संस्था लि.

**पूर्व अध्यक्ष - WEAN बहुउद्देश्यीय सहकारी लिमिटेड/**
**संस्थापक सदस्य - WEAN, ललितपुर**
**म्यागी शाह**

**महिला उद्यमी महासंघ नेपाल:**

**संस्थापक सदस्यहरू/पूर्वअध्यक्षहरू**
माननीय याङ्किला शेर्पा
माननीय छाया शर्मा
प्रमिला आचार्य रिजाल
रीता भण्डारी
भवानी राणा
नीरु रायमाझी खत्री

**पूर्वअध्यक्षहरू**
शारदा रिजाल
रीता सिंहा

**संस्थापक सदस्यहरू:**
श्याम बदन श्रेष्ठ
डा. आनन्द शोभा ताम्राकार
रेणु स्थापित
रम्भा श्रेष्ठ
सिर्जना राणा


## 'नीतिगत भ्रष्टाचार, लेनदेन...

भौगोलिक विविधताको उपयोगले क्षेत्रविशेष उत्पादन र ग्रामीण उद्योग विकासलाई टेवा पुऱ्याउन सक्ने सरकारको दाबी छ ।

'औद्योगिक विकास र आपूर्ति शृंखला सुदृढीकरणमार्फत निर्यातउन्मुख उत्पादन विस्तार गर्ने सम्भावना छ । विशेष आर्थिक क्षेत्र, औद्योगिक क्लस्टर र व्यापार सहजीकरणका उपायमार्फत उत्पादन लागत घटाउँदै प्रतिस्पर्धात्मक क्षमता बढाउन सकिन्छ,' स्थितिपत्रमा उल्लेख छ, 'भौगोलिक अवस्थाको लाभ उठाउँदै क्षेत्रीय ट्रान्जिट ट्रेड हब बन्ने सम्भावना पनि उत्तिकै छ ।'

व्यवस्थित सहरीकरण र पूर्वाधार विकासले लगानी आकर्षण र रोजगारी सिर्जनामा सकारात्मक योगदान पुऱ्याउन सक्छ । यातायात, ऊर्जा, सिँचाइ तथा डिजिटल पूर्वाधार विस्तारले उत्पादन र सेवा क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने र सार्वजनिक-निजी साझेदारीमार्फत ठूला आयोजना कार्यान्वयन गर्ने अवसर पनि प्रबल रहेको सरकारको दाबी छ ।

रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा रूपान्तरण गर्ने सम्भावना छ । वैदेशिक आम्दानीलाई उद्यमशीलता, सीप विकास र लगानीतर्फ मोड्न सके घरेलु अर्थतन्त्रमा गुणात्मक परिवर्तन ल्याउन सकिने सरकारको भनाइ छ । प्रवासी नेपाली एवं वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको सीप र अनुभवलाई स्वदेशी उत्पादन तथा सेवा क्षेत्रमा उपयोग गर्न सकिने अवस्था रहेको सरकारले जनाएको छ ।

'वित्तीय क्षेत्र सुदृढीकरणले लगानी विस्तार र आर्थिक विविधीकरणलाई टेवा दिन सक्छ । वित्तीय समावेशीकरण, डिजिटल वित्तीय सेवा र दीर्घकालीन लगानीका उपकरणहरूको प्रयोगले उपलब्ध बचतलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न सहयोग पुऱ्याउँछ,' स्थितिपत्रमा भनिएको छ, 'जैविक र पर्यावरणीय सन्तुलन कायम गर्दै मुलुकभित्र उपलब्ध खनिज, जल, जमिन, जंगलको उपयोगमार्फत आय, उत्पादन र रोजगारी बढाउने अवसर छ ।'

सुशासन र संस्थागत सुदृढीकरण आर्थिक रूपान्तरणको आधार हो । सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, सेवा प्रवाह अभिवृद्धि तथा संघीय संरचनाको प्रभावकारी कार्यान्वयनमार्फत विकास परिणाम सुधार गर्न सकिने स्थितिपत्रमा उल्लेख छ ।

## पश्चिम एसिया तनावले...

'अर्थतन्त्रको जुन स्वस्थता हामीले भन्छौं, त्यो स्वाभाविक स्वस्थतामा अर्थतन्त्र छैन । समस्याका चाङ छन् । व्यावसायिक वातावरण हामीले बनाउन सकेका छैनौं । व्यावसायिक वातावरण बनाएर लगानीकर्तालाई प्रोत्साहित गर्ने र लगानी सुरक्षित हुन्छ भन्ने वातावरण नबनाउन्जेलसम्म राष्ट्र बैंकले दिएका सानातिना फिजियोथेरापीले काम गर्नेवाला छैन । फिजियोथेरापीले धेरै काम गर्ने छैन, सर्जरी गर्नुपर्ने अवस्था छ । अलि ठूलै अपरेसन गर्नुपर्ने अवस्था छ,' खतिवडाले भने ।

विगतमा व्यवसायीमाथि भएको धरपकड र असुरक्षाले लगानी वातावरण बिग्रिएको उल्लेख गर्दै त्यसको सुधार नगरेसम्म आर्थिक गतिविधि नबढ्ने खतिवडाले बताए । खतिवडाका अनुसार कर्जाको गुणस्तर र उत्पादक उपयोगलाई ठूलो चुनौती छ ।

विगतमा कर्जा २५ प्रतिशतले बढ्दा पनि आर्थिक वृद्धि २-४ प्रतिशतमा सीमित भएको उदाहरण दिँदै उनले कर्जाको प्रभावकारिता कमजोर रहेको उल्लेख गरे । वर्किङ क्यापिटल, टीआर लोन, विपन्न वर्ग कर्जा तथा निर्देशित कर्जा कार्यक्रमलगायत सबैको पुनरावलोकन आवश्यक रहेको उनको भनाइ छ । निर्देशित कर्जा कार्यक्रमलाई सानो-सानो खण्डमा विभाजन गर्नुको सट्टा उत्पादनशील क्षेत्रहरूमा समग्र 'प्याकेजिङ' गरेर कर्जा प्रवाह गर्न खतिवडाले सुझाए ।

वित्तीय प्रणालीतर्फ निक्षेप र कर्जाबीचको भारित औसत ब्याजदर अन्तर न्यूनतम बिन्दुमा छ, जसले निजी क्षेत्र र सरकारलाई सस्तो ब्याजदरमा वित्तीय साधन परिचालन गर्ने अवसर दिएको छ । आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमासमा कुल गार्हस्थ्य उत्पादन ४.१ प्रतिशतले वृद्धि भएको राष्ट्र बैंकको प्रारम्भिक अनुमान छ ।

## साल्ट ट्रेडिङले भित्र्यायो...

हाल डीएपीको माग नरहे पनि बर्खे धान बाली लगाउने सिजनको सुरुमै आवश्यक पर्ने भएकाले यो लटको मल अत्यन्त उपयोगी हुने गुप्ताको भनाइ छ ।

हाल सीमापारिबाट १ सय रुपैयाँभन्दा बढीको मालवस्तु ल्याउँदा भन्सार शुल्क तिर्नुपर्ने नियम कडाइसाथ लागू गरिएपछि सीमावर्ती भेगका किसानले भारतबाट रासायनिक मल ल्याउन नपाएकाले पनि हाल भित्रिएको डीएपी अत्यन्त उपयोगी हुनेछ । अन्न उत्पादनको भण्डार मानिने मधेशमा किसानले केही वर्षयता रासायनिक मल, सिँचाइ र बीउबिजनको अभाव झेलिरहेका छन् । यसले प्रदेशमै धानको उत्पादन कम हुँदै गएको किसान बताउँछन् ।

## सोमबार ४ अर्ब ७४ करोडको कारोबार

### १४ वैशाख २०८२ को नेप्से परिसूचक

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| युनिलिभर नेपाल लिमिटेड | ४६२२० | ४६८९० | २९ | ६७० |
| राष्ट्रिय बिमा कम्पनी लिमिटेड | १५३५० | १५४०० | १६० | ५० |
| राष्ट्रिय बिमा कम्पनी लिमिटेड प्रमोटर सेयर | ११९०१ | ११९०० | ११० | -१ |
| बोटलर्स नेपाल (तराई) लिमिटेड | ११७९० | ११८०० | ४१ | १० |
| आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि. | ६२८२ | ६२८२ | १६४ | 0 |
| साल्ट ट्रेडिङ कर्पोरेसन | ५७७० | ५९५८ | ४५२२ | १८८ |
| विशाल बजार कम्पनी लिमिटेड | ४८८९ | ४७९९ | ३७२ | -९0 |
| रिलायन्स स्पिनिङ मिल्स लिमिटेड | ४२२0 | ४२३९ | ७२१८७ | १९ |
| उपकार लघुवित्त वित्तीय संस्था लि. | ३0५५ | ३0१५ | १२५६ | -४0 |
| स्वस्तिक लघुवित्त संस्था लि. | २५५0 | २५५0 | ७0५ | 0 |
| कर्पोरेट डेभलपमेन्ट बैंक लि. | २४0७ | २७६८ | ५६१५६ | ३६१ |
| सीईडीबी होल्डिङ लिमिटेड | २३00 | २३१५ | ११३१७ | १५ |
| सागर डिष्टिलरी लिमिटेड | १८0७ | १८0९ | १२४६६ | २ |
| महिला लघुवित्त वित्तीय संस्था लि. | १८00 | १८१४ | १२४३ | १४ |
| गुँरास लघुवित्त वित्तीय संस्था लि. | १७९३ | १८१५ | ९५३ | २२ |
| सिटिजन्स इन्भेस्टमेन्ट ट्रस्ट | १७७२ | १७७0 | ६१२१ | -२ |
| सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था | १७५0 | १७५२ | ९१३ | २ |
| स्वाभिमान लघुवित्त वित्तीय संस्था लि. | १६८0 | १६९0 | २१0 | १0 |
| सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १६३५ | १५७0 | १८६00 | -६५ |
| कुथेली बुखरी स्मल हाइड्रोपावर लि. | १६३0 | १६00 | ८१ | -३0 |
| झापा इनर्जी लिमिटेड | १६00 | १७५१ | ६४७0४ | १५१ |
| एसवाई प्यानल नेपाल लिमिटेड | १५७९ | १५८८ | ३७४९८ | ९ |
| नेस्डो समृद्धि लघुवित्त वित्तीय संस्था लि. | १५३८ | १५७0 | ५४५ | ३२ |
| सिर्जनशील लघुवित्त वित्तीय सस्था लि. | १५0५ | १५१0 | १८0 | ५ |
| विन नेपाल लघुवित्त वित्तीय संस्था लि. | १५00 | १५00 | २४७ | 0 |
| सालपा विकास बैंक लिमिटेड | १४९९ | १४९0 | २८३६0 | -९ |
| सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्था | १४९२ | १४९७ | ११0२ | ५ |
| एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि. | १४९0 | १४८0 | ५७१४४ | -१0 |
| युनिक नेपाल लघुवित्त वित्तीय संस्था | १४७९ | १४७५ | २३७ | (४ |
| गणपती लघुवित्त वित्तीय संस्था लि. | १३८0 | १३६८ | १११ | -१२ |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स | १३७५ | १३७0 | ३७४१ | -५ |
| मानुषी लघुवित्त वित्तीय संस्था लि. | १३४१ | १३२७ | ७१४ | -१४ |
| उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था | १३३0 | १३४0 | ६९९ | १0 |
| रिज लाइन इनर्जी लिमिटेड | १३२१ | १२७६ | ४३८५६ | -४५ |
| मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १३२0 | १३३0 | १२६१ | १0 |
| धौलागिरी लघुवित्त वित्तीय संस्था लि. | १३00 | १२९0 | २0८ | -१0 |
| सेन्चुरी डेबेन्चर २०८८ | १२७८ | १२४१ | २५ | -३७ |
| जीवन विकास लघुवित्त वित्तीय संस्था लि. | १२७३ | १२७८ | २१९२ | ५ |
| सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | १२७३ | १२३५ | ६५२ | -३८ |
| माहुली लघुवित्त वित्तीय संस्था लि. | १२६९ | १२९८ | ३१४५ | २९ |
| मिथिला लघुवित्त वित्तीय संस्था लि. | १२४५ | १२३२ | १00५ | -१३ |
| नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १२३६ | १२११ | १२७१५ | -२५ |
| श्रीनगर एग्रीटेक इन्डष्ट्रिज् लिमिटेड | १२१८ | ११९0 | ४४९१३ | -२८ |
| सिभिल बैंक डेबेन्चर २०८८ | १२१0 | ११५५ | ५ | -५५ |
| निफ्रा ग्रीन इनर्जी डेबेन्चर ६% - २०८८/८९ | १२00 | १0३२ | ३२९ | -१६८ |
| होटेल फोरेष्ट इन लिमिटेड | ११९५ | ११४८ | १0५३५९ | -४७ |
| क्रेस्ट माइक्रो लाईफ इन्स्योरेन्स कम्पनी लि. | ११९२ | ११९0 | ६९९७ | -२ |
| ओम मेघाश्री फमास्युटिकल्स लिमिटेड | ११९0 | ११८२ | ६८0१ | -८ |
| सांग्रिला डेभलोपमेन्ट बैंक डेबेन्चर २०८७ | ११७६ | ११४२ | २५ | -३४ |
| हिमालयन डिस्टिलरी लिमिटेड | ११४६ | ११४९ | ३४५७२ | ३ |
| भुजुङ्ग हाइड्रोपावर लिमिटेड | ११४२ | ११0८ | १९७५५ | -३४ |
| हिमालयन बैंक लिमिटेड बोण्ड | ११४0 | ११00 | ५५00 | -४0 |
| साइन रेसुङ्गा डेबेन्चर | ११४0 | ११0६ | ५0 | -३४ |
| एभरेष्ट बैंक लिमिटेड डेबेन्चर | ११३७ | ११३७ | ७९८९९ | 0 |
| आशा लघुवित्त वित्तीय संस्था लि. | ११२९ | ११३0 | ३४९६0 | १ |
| सुपर खुडी हाइड्रोपावर लिमिटेड | ११२४ | १0७0 | २९६३३ | -५४ |
| जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था | १११७ | ११२८ | २१ | ११ |
| फोर्डवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय | १११५ | ११३0 | ४५३३ | १५ |
| ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लि. | १११४ | १११३ | १0१९ | -१ |
| एनएमवी डेबेन्चर ८.५0% - २०८७/८८ | ११0३ | १0७४ | २५ | -२९ |
| नेशनल लघुवित्त वित्तीय संस्था लि. | १0९८ | ११0५ | ४८५३ | ७ |
| अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १0९0 | १0९४ | ३१२४ | ४ |
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. | १0७८ | १0९९ | ४000 | २१ |
| गरिमा डेबेन्चर | १0७२ | १0७२ | २६७९८ | 0 |
| एभरेष्ट बैंक लिमिटेड डेबेन्चर २०९१ | १0६७ | १0७५ | १६५ | ८ |
| नविल डेबेन्चर २०८५ | १0५६ | १0५३ | १0 | -२ |
| ग्रिन डेभलपमेन्ट बैंक लि. | १0४७ | १११९ | ६२६७४ | ७२ |
| आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. | ९७४ | ९८0 | १७0३ | ६ |
| पाल्पा सिमेन्ट इण्डट्रीज लिमिटेड | ९७१ | १११७ | ७९८९0 | १४६ |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | ९६४ | ९४५ | ११९२ | -१९ |
| इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. | ९५७ | ९६६ | ८९९६ | ९ |
| मातृभूमि लघुवित्त वित्तीय संस्था लि. | ९३0 | ९३५ | १0५४ | ५ |
| शिखर पावर डेभलपमेन्ट लिमिटेड | ९२0 | १0५८ | ४३८0 | १३८ |
| नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड | ९१७ | ९00 | ३४१५२ | -१७ |
| पियोर इनर्जी लिमिटेड | ९१७ | ९३९ | २४६0८ | २२ |
| कालिका लघुवित्त वित्तीय संस्था लि. | ९१५ | ९00 | ७0९२ | -१६ |
| हिमालयन लघुवित्त वित्तीय संस्था लि. | ९00 | ८८0 | ३५५५ | -२0 |
| छिमेकी लघुवित्त वित्तीय संस्था लिमिटेड | ८९८ | ९१0 | १0१९५ | १२ |
| इमर्जिङ नेपाल लिमिटेड | ८९८ | ८९८ | ३५0 | 0 |
| हिम स्टार उर्जा कम्पनी लिमिटेड | ८९३ | ८९८ | ३६८३ | ५ |
| नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८७0 | ८७१ | १५१४५ | १ |
| सम्पदा लघुवित्त वित्तीय संस्था लि. | ८५३ | ८४५ | ५७२५ | -८ |
| कालिञ्चोक दर्शन लिमिटेड | ८५३ | ८४७ | २५४७ | -६ |
| बन्दीपुर केबलकार एण्ड टुरिजम लि. | ८४९ | ८४५ | ११८८ | -४ |
| सर्वोत्तम सिमेन्ट लिमिटेड | ८४३ | ८४७ | ३५९२७ | ४ |
| डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. | ८४१ | ८४४ | ८७५३ | ३ |
| लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लि. | ८२६ | ८३0 | ६२३२ | ४ |
| सोलु हाइड्रोपावर लिमिटेड | ८२0 | ८१५ | ४७५२ | -५ |
| चन्द्रागिरी हिल्स लिमिटेड | ८१५ | ७९९ | २९५१२२ | -१६ |
| मन्डु हाइड्रोपावर लिमिटेड | ८१३ | ८१५ | ७१३५ | २ |
| ट्रेड टावर लिमिटेड | ८१0 | ८२३ | ९७३ | १३ |
| स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. | ८१0 | ८२३ | १३७९९ | १३ |
| सप्तकोशी डेभलपमेन्ट बैंक लि. | ८१0 | ८१३ | ४२0७ | ३ |
| फर्स्ट माईक्रो फाईनान्स लघुवित्त वित्तीय संस्था | ८0३ | ८३८ | ६८३00 | ३५ |
| नेपाल वेयरहाउस कम्पनी लिमिटेड | ८00 | ८0६ | ४१0८ | ६ |
| राधि जलविद्युत कम्पनी लि. | ७९९ | ८0२ | ५१५ | ३ |
| मञ्जुश्री फाइनान्स लिमिटेड | ७९0 | ७८९ | १२९0८ | -१ |
| समता घरेलु लघुवित्त वित्तीय संस्था लि. | ७७४ | ७८१ | ४२४९१ | ७ |
| नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ७७२ | ७७७ | ४९१६ | ५ |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था | ७७0 | ७७१ | १२८७६ | १ |
| नाडेप लघुवित्ति वित्तीय संस्था लि. | ७६९ | ७६९ | २९७४ | 0 |
| ग्रामिन विकास लघुवित्त वित्तीय संस्था लि. | ७६६ | ७६९ | ३0७ | ३ |
| तारागाउँ रिजेन्सी होटेल लिमिटेड | ७६२ | ७६८ | १३२८ | ६ |
| भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | ७५२ | ७४८ | १४८५ | -४ |
| सिन्धु विकास बैंक लिमिटेड | ७३५ | ७४0 | ८0४ | ५ |
| विजय लघुवित्त वित्तीय संस्था लि. | ७३५ | ७५0 | २९६६२ | १५ |
| मिड सोलु हाइड्रोपावर लिमिटेड | ७३५ | ७३६ | १0५३७ | १ |
| स्वाबलम्बन लघुवित्त वित्तीय संस्था लि. | ७३0 | ७२३ | ५५८ | -७ |
| मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. | ७३0 | ७३0 | ३५९७ | 0 |
| माई खोला हाइड्रोपावर लिमिटेड | ७२६ | ७२८ | ३३२३ | २ |
| शुभम पावर लिमिटेड | ७२५ | ६५२ | १५६४२ | -७३ |
| सान्भि इनर्जी लिमिटेड | ७१0 | ७३४ | १२४४९ | २४ |

**कुल कारोबार मूल्य** : ४,७४८,८0९,१२७।७६ **कारोबार संख्या** : ८१,00६

**सेयर संख्या** : १0,९२८,६१७ **नेप्से** : २,७९६।४३ (७।७३)

# केयू विद्यार्थी काउन्सिल निर्वाचन प्रक्रियामा विद्यार्थीकै असहमति

## कक्षा प्रतिनिधि (सीआर) को सट्टा प्रत्यक्ष निर्वाचित पद्धतिबाट विद्यार्थी कल्याण परिषद् (काउन्सिल) गठन गर्न माग

**सुदीप कैनी** (काठमाडौं)

काठमाडौं विश्वविद्यालय (केयू) ले घोषणा गरेको विद्यार्थी कल्याण परिषद् (काउन्सिल) को निर्वाचन प्रक्रियामा विद्यार्थीले असहमति जनाएका छन् । केयूले कक्षा प्रतिनिधि (सीआर) प्रणालीमार्फत चुनाव गराउने तयारी अगाडि बढाएको छ । तर, अध्ययरत विद्यार्थीले त्यसप्रति असहमति जनाउँदै प्रत्यक्ष निर्वाचित प्रणालीबाट काउन्सिल गठनको माग राखेका छन् । प्रत्यक्ष र समावेशिताका आधारमा विद्यार्थी कल्याण परिषद् निर्वाचनको माग राख्दै विद्यार्थीले सोमबार धुलिखेलस्थित विश्वविद्यालयमा प्रदर्शन गरेका छन् । विश्वविद्यालय प्रशासन कार्यालयमा भेला भएका विद्यार्थीहरूले कक्षा प्रतिनिधि प्रणाली खारेज गरी र प्रत्यक्ष निर्वाचित व्यवस्थाको सुनिश्चितताको माग गर्दै नाराबाजी गरे । विश्वविद्यालयको निर्णयको विरोधमा भइरहेको प्रदर्शनमा सहभागीमध्येका एक विद्यार्थी सुमित मैनालीले प्रत्यक्ष निर्वाचित पद्धतिबाट निर्वाचन गरिनुपर्ने बताए । 'कक्षा प्रतिनिधि चुनेर विद्यार्थी कल्याण परिषद् गठन गर्ने घोषणा केयूले गरेको छ । प्रजातान्त्रिक तरिकाबाट प्रत्यक्ष निर्वाचित प्रणालीबाट आफ्नो प्रतिनिधि चुन्न पाउनुपर्ने विद्यार्थीको माग हो,' उनले भने ।

केयूले २५ वैशाखमा इन्जिनियरिङ र विज्ञान संकायमा काउन्सिल निर्वाचनको घोषणा गरेको छ । विद्यार्थीले भने एक सातादेखि सामाजिक सञ्जालबाट त्यसको विरोध गरिरहेका छन् । केयू विद्यार्थीको नाममा फेसबुक पेजहरूबाट समेत उनीहरूले असहमति जनाएका छन् । 'कक्षा प्रतिनिधिबाट परिषद् गठन गर्दा विद्यार्थीले आफ्नो प्रतिनिधिलाई चिनेका पनि हुँदैनन् । विद्यार्थीले आफ्नो प्रतिनिधि प्रत्यक्ष रूपमा आफूले भोट हालेर छान्न पाउनुपर्छ । सबैभन्दा लोकतान्त्रिक विधि पनि यही हो,' मैनालीले भने । विश्वविद्यालयले मागको सुनुवाइ नगरेपछि विद्यार्थी आन्दोलनमा उत्रेको उनले जनाए । कक्षा प्रणाली खारेज गरी प्रत्यक्ष मतदानको व्यवस्था नभएसम्म आन्दोलन जारी राख्ने विद्यार्थीहरूको भनाइ छ ।

सरकारले ६० दिनभित्र विश्वविद्यालयबाट राजनीतिक दल आबद्ध विद्यार्थी संगठनको संरचना हटाउने र ९० दिनभित्र गैरराजनीतिक विद्यार्थी काउन्सिल गठन गर्ने घोषणा गरेको छ । सरकारको घोषणापछि प्रधानमन्त्री वालेन्द्र शाह र शिक्षामन्त्री सस्मित पोखरेलले विश्वविद्यालयका उपकुलपतिहरूलाई डाकेर सरकारको घोषणा कार्यान्वयन गर्न निर्देशन दिएका थिए । निर्देशनपछि केयूले विद्यार्थी परिषद्को निर्वाचन घोषणा गरेको हो । केयूले विद्यार्थी कल्याण परिषद् सञ्चालन निर्देशिका २०६५ अनुसार विद्यार्थी परिषद् गठन गर्न लागेको जनाएको छ । 'प्रत्येक वर्षको अनुकूल समयमा प्रत्येक तहबाट प्रत्येक विषयको प्रत्येक समूहबाट कक्षाका विद्यार्थीहरूले आफूमध्येबाट सर्वसम्मतिमा कक्षा प्रतिनिधि छान्नेछन्,' निर्देशिकामा भनिएको छ, 'कक्षा प्रतिनिधिहरूले आफूमध्येबाट ५ देखि ११ सदस्यीय विद्यार्थी परिषद् गठन गर्नेछन् ।' विद्यार्थी परिषद्मा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य रहने व्यवस्था गरिएको छ ।

केयूका रजिस्ट्रार राजीव श्रेष्ठले कक्षा प्रतिनिधि चयनकै आधारमा केयूमा विद्यार्थी परिषद् बन्दै आएको र त्यसैलाई निरन्तरता दिन लागिएको बताए । '५ वटा संकायमा कक्षा प्रतिनिधि छानिइसकेका छन् । इन्जिनियरिङ र विज्ञान स्कुलमा पनि त्यही पद्धति लागू गर्न खोजिएको हो,' उनले भने । विद्यार्थीको मागअनुसार प्रत्यक्ष निर्वाचितको व्यवस्था गर्न निर्देशिका नै परिवर्तन गर्नुपर्ने उनले बताए । 'केही विद्यार्थी कक्षा प्रतिनिधिबाटै चुनिने विधिमा सन्तुष्ट छन् । केहीले भने प्रत्यक्ष चाहियो भनेका छन्,' उनले भने, 'डिनहरूलाई विद्यार्थीहरूसँग छलफल गरी समाधान खोज्न भनेको छु ।' विश्वविद्यालयले सबैको सहमति हुने गरी मात्रै विद्यार्थी काउन्सिल बनाउने उनले जनाए । 'विद्यार्थीको हकहितका लागि काउन्सिल बनाउने हो । उनीहरूकै सहमतिअनुसार हुन्छ,' उनले भने । विद्यार्थीले भने कक्षा प्रतिनिधि छनोट प्रशासनले चाहेअनुसार हुने गरेको आरोपसमेत लगाएका छन् । राजनीतिक दलनिकट विद्यार्थी संगठनले पनि केयूको निर्देशिकाको विषयमा असन्तुष्टि जनाएका छन् । प्रत्यक्ष निर्वाचित र समानुपातिक (मिश्रित) पद्धतिबाट पनि विद्यार्थी परिषद् गठन हुनुपर्ने उनीहरूको माग छ । त्रिभुवन विश्वविद्यालयले पनि मिश्रित पद्धतिबाटै स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन गर्दै आएको छ ।

२१ वैशाख २०८० मा केयूले प्रत्यक्ष निर्वाचित पद्धतिबाट निर्वाचन गर्ने निर्णय गरेको थियो । गतवर्ष विद्यार्थी कल्याण निर्देशनालयका प्रमुख गोकुल केसीले प्रत्यक्ष निर्वाचन गर्ने सहमति गरेका थिए । सर्वपक्षीय विद्यार्थी भेलाबाट उक्त निर्णय गरेको भए पनि अहिले विश्वविद्यालय पछि हटेका कारण विद्यार्थीहरू आन्दोलनमा उत्रेको पूर्वविद्यार्थी सन्दीप थापाले बताए । 'आफ्नो प्रतिनिधि अमूक प्रतिनिधिले नभई स्वयं आफैंले नै चुन्न पाउनुपर्ने लोकतान्त्रिक अधिकारमा विश्वविद्यालय प्रशासनले रोक लगाउन खोजेको छ,' उनले भने, 'प्रत्यक्ष निर्वाचन प्रणालीले मात्र आमविद्यार्थीको वास्तविक अभिमतलाई प्रतिनिधित्व गर्ने र नेतृत्वलाई उत्तरदायी बनाउँछ ।' विद्यार्थीहरूले स्वत:स्फूर्त रूपमा आन्दोलन गरेको र उनीहरूको मागमा राजनीतिक दल सम्बद्ध नेविसंघ, अनेरास्ववियु, अखिल क्रान्तिकारीलगायत विद्यार्थी संगठनको समर्थन मात्र रहेको दाबी गरेका छन् ।



> केही विद्यार्थी कक्षा प्रतिनिधिबाटै चुनिने विधिमा सन्तुष्ट छन् । केहीले भने प्रत्यक्ष चाहियो भनेका छन् । विद्यार्थीको हकहितका लागि काउन्सिल बनाउने हो, त्यसैले उनीहरूकै सहमतिअनुसार हुन्छ
>
> **राजीव श्रेष्ठ**, रजिस्ट्रार, काठमाडौं विश्वविद्यालय

# पूर्वविशिष्ट पदाधिकारीको विदेशमा उपचार खर्च अब सरकारले बेहोर्न नपर्ने

**दुर्गा दुलाल** (काठमाडौं)

पूर्वपदाधिकारीहरूले विदेशमा गर्ने उपचार खर्च राज्यकोषबाट पाउने कानुनी व्यवस्था सर्वोच्च अदालतले खारेज गरिदिएको छ ।

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधिमा रहेको पूर्वविशिष्ट व्यक्तिहरूले विदेशमा गराएको उपचारको खर्च सरकारले बेहोर्ने व्यवस्थालाई संवैधानिक इजलासले खारेज गरिदिएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले बताए ।

अधिवक्ता रादिका चम्लागाईं र भद्रप्रसाद नेपालले २०८० मा दायर गरेको रिटमा सुनुवाइ गर्दै कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, मनोजकुमार शर्मा, सारंगा सुवेदी र अब्दुल अजिज मुसलमानको इजलासले कार्यविधिको उक्त व्यवस्था खारेज गरिदिएको हो । पूर्वविशिष्ट व्यक्तिहरूमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, पूर्वप्रधानन्यायाधीश, पूर्वउपसभामुख, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसहायकमन्त्री, पूर्वसांसद र संवैधानिक निकायका पूर्वपदाधिकारी पर्छन् ।

खारेज गरिएको व्यवस्थामा मुटु, मिर्गौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी, कलेजो, अप्लास्टिक एनिमिया, थालिसिमिया, मस्तिष्क आघात, सिकलसेल एनिमियालगायतका गम्भीर रोगहरूको उपचार समेटिएको थियो ।

यसअनुसार पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश तथा पूर्वसभामुखलाई अधिकतम १५ लाख रुपैयाँसम्म, पूर्वउपसभामुख, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसांसद तथा संवैधानिक निकायका पदाधिकारीलाई अधिकतम १० लाख रुपैयाँसम्म र शिक्षा, कला, साहित्य, सञ्चार, खेलकुदलगायतका क्षेत्रमा उल्लेखनीय योगदान दिएका व्यक्तिहरूलाई अधिकतम ७ लाख रुपैयाँसम्म उपचार खर्च दिने व्यवस्था थियो ।

## बिटुमिन अभावले देशभर...

नागढुंगा-मुग्लिन सडकको स्तरोन्नति विश्व बैंकको सहुलियतपूर्ण ऋणमा थालिएको हो ।

०६५/६६ बाट निर्माण थालिएको कोशी करिडोरको कुल दूरी १ सय ६२ किमि छ । तेह्रथुमको वसन्तपुरदेखि उत्तरी सिमाना किमाथांका जोड्ने गरी यसको निर्माण थालिएको हो । २०८०/८१ मा आयोजना सकिने भनिएको थियो । उक्त समयमा काम नसकिएपछि २०८५/८६ सम्म समय थपिएको छ । प्रगति ४६ प्रतिशत मात्र छ । यसको सुरु लागत अनुमान ११ अर्ब ९३ करोड रुपैयाँ रहेकामा संशोधन गरेर १६ अर्ब २० करोड पुऱ्याइएको छ । अहिलेसम्म ६ अर्ब ८५ करोड रुपैयाँ खर्च भइसकेको छ । यस सडकमा पनि अहिले कालोपत्रलगायतको काम रोकिएको छ ।

गौरवकै आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको काम अझै सकिएको छैन । नवलपरासीको गैंडाकोटदेखि पर्वतको मालढुंगा बेनी-जोमसोम-कोरलासम्म यसले जोड्छ । यसको कुल दूरी ४ सय ९५ किमि छ । जसमा ८७ किमि ग्राभेल र ४ सय ८ किमि सडक कालोपत्र गर्ने लक्ष्य हो । ८५ वटा पुल निर्माण गर्नुपर्नेछ । समग्र आयोजनाको निर्माण आर्थिक वर्ष २०६६/६७ बाट सुरु भएको हो । निर्माण प्रगति ८२.०५ प्रतिशत छ । अहिले बिटुमिन अभावका कारण कालोपत्रको काम गर्न नसकिएको उत्तर-दक्षिण व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालयका आयोजना निर्देशक धर्मेन्द्रकुमार झाले बताए । 'कालोपत्रको काम हुँदै थियो,' उनले भने, 'बिटुमिन अभावमा रोकिएको छ ।'

२०६५/६६ बाट निर्माण सुरु गरिएको कर्णाली करिडोरमा पनि डिजेलमा भएको मूल्यवृद्धिको असर परेको छ । अहिलेसम्म यसको समग्र निर्माण प्रगति २०.५ प्रतिशत छ । आयोजना सुरु गर्दा २०७० भित्र सक्ने भनिएको थियो । पछि समय थपेर २०७९/८० पुऱ्याइयो । अहिले फेरि २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यो सडकको सुरु लागत अनुमान ४ अर्ब १० करोड रुपैयाँ रहेकामा संशोधन गरेर १८ अर्ब ६६ करोड पुऱ्याइएको छ । 'तमोर करिडोर, सालझन्डी-सन्धिखर्क र कान्ति राजमार्गमा कालोपत्रको काम हुँदै थियो,' निर्देशक झाले भने, 'त्यसको पनि काम रोकिएको छ, अहिले अवस्थाले गर्दा लक्ष्य भेटाउन सकिने अवस्था छैन ।'

राष्ट्रिय गौरवका रूपमा रहेको मध्यपहाडी राजमार्ग निर्माण थालेको दुई दशक पुग्न लाग्यो । अहिलेसम्म काम सकिएको छैन । निर्माण प्रगति ८२ प्रतिशत छ । मध्यपहाडी राजमार्ग आयोजनाअन्तर्गत १ हजार ८ सय ७९ किमि सडक निर्माण गर्नुपर्नेमा ४ सय ६२ किमि अन्य आयोजना, डिभिजनअन्तर्गत निर्माण भएको छ । मध्यपहाडी आयोजनाअन्तर्गत १ हजार ६७ दशमलव ६ किमि सडक कालोपत्र भएको छ । १ सय १४ वटा पुलको निर्माण सकिएको छ ।

आयोजनाको सुरु लागत अनुमान ३३ अर्ब ३६ करोड रहेकामा संशोधन गरेर ८४ अर्ब ३३ करोड पुऱ्याइएको छ । अहिलेसम्म ७१ अर्ब ९१ करोड रुपैयाँ खर्च भइसकेको छ । आयोजना सम्पन्न भएपछि १ करोड जनता लाभान्वित हुने अनुमान छ । अहिले कालोपत्र गर्ने उपयुक्त समय (सिजन) भए पनि बिटुमिन अभावमा काम प्रभावित बनेको मध्यपहाडी राजमार्ग आयोजना निर्देशनालयका आयोजना निर्देशक बुद्धरत्न तुलाधरले बताए । 'यसरी काम हुन नपाउँदा आयोजना निर्माणको काम झन् पछि धकेलिने भएको छ,' उनले भने, 'चालु आर्थिक वर्षमा ७५ किमि कालोपत्र गर्ने लक्ष्य राखिएकामा २३ किमि मात्र भएको छ ।' समग्र आयोजनाको प्रगतिमै यसले असर पुऱ्याउने उनले सुनाए ।

लक्ष्यअनुसार कालोपत्र सडक निर्माणको काम भए पनि थप कालोपत्र गर्न बिटुमिन अभाव भएको मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयका निर्देशक दीप बाराहीले बताए । बिटुमिन अभाव र डिजेलको मूल्यवृद्धिका कारण कामको गति घटेको उनको भनाइ छ । अहिले सुर्खेत, गुल्मी र दमकमा कालोपत्र गर्ने काम रोकिएको उनले सुनाए । 'थप १० किमि सडक कालोपत्र चालु वर्षमा गर्न सकिन्थ्यो,' उनले भने, 'मौज्दात बिटुमिनबाट मात्र काम भइरहेको छ, थप ल्याउन सकिएको छैन ।'

६ जेठ २०७५ मा मन्त्रिपरिषद्बाट निर्णय भएसँगै यो राजमार्गको निर्माण थालिएको हो । जसअनुसार समग्र आयोजना २०८४/८५ भित्र सक्ने लक्ष्य रहेकामा अहिलेसम्म निर्माण प्रगति ५८ प्रतिशत छ । यसको लागत अनुमान ७५ अर्ब रुपैयाँ छ । अहिलेसम्म ४२ अर्ब खर्च भइसकेको छ । यसले झापाको बाहुनडाँगीदेखि डडेलधुराको रूपाल जोड्नेछ । यसको दूरी १ हजार ३ सय ९० किलोमिटर छ । यसमध्ये ७ सय ४० किमि मात्र निर्देशनालयको कार्यक्षेत्रभित्र पर्छ । बाँकी ६ सय ५० किमि सडक विभागअन्तर्गतकै अन्य आयोजनाअन्तर्गत छ ।

ठेक्का भएका आयोजनाहरूमा कालोपत्रको काम रोकिएको हुलाकी राजमार्ग निर्देशनालयका निर्देशक कुवेर नेपालीले जनाए । 'बिटुमिन अभाव छ, जसले गर्दा कालोपत्रको काम हुन सकेको छैन,' उनले भने, 'निर्माण सामग्रीको मूल्य बढेका कारण ढलानको काम पनि प्रभावित बनेको छ ।' उनका अनुसार चालु आर्थिक वर्षमा ७६ किमि कालोपत्र गर्ने लक्ष्य रहेकामा ५० किमिभन्दा बढी गर्न सक्ने अवस्था छैन । 'बिटुमिन आपूर्ति सहज नहुँदासम्म लक्ष्य भेटाउन गाह्रो छ' उनले भने ।

यसको निर्माण थालेको १६ वर्ष भयो तर काम सकिएको छैन । अहिलेसम्म निर्माण प्रगति ७५ प्रतिशत मात्र छ । झापाको केचनाकवलदेखि पश्चिममा कञ्चनपुरको दोधारा चाँदनीसम्मको भूभागलाई जोड्ने अवधारणाअनुसार आर्थिक वर्ष २०६६/६७ बाट राजमार्ग निर्माण अघि बढाइएको हो । तराई-मधेशका २१ जिल्लाका करिब एक करोड जनता लाभान्वित हुने गरी निर्माण थालिएको आयोजना कहिले बजेटका कारण त कहिले नीतिगत निर्णयमा ढिलाइ हुँदा अघि बढेको छैन ।

कतिपय ठाउँमा ठेक्का नहुँदा निर्माणको काम अघि बढ्न सकेको छैन । समग्रमा यस आयोजनाको दूरी १ हजार ८ सय ५७ किलोमिटर छ । अहिलेसम्म १ हजार ३ सय ८० किलोमिटर कालोपत्र भएको छ । ३ सय वटा पुल निर्माण गर्नुपर्नेमा १ सय ५३ वटाको मात्र निर्माण सकिएको छ । १ सय ५० दशमलव ९० किमि सडक र ६९ वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी छ ।

हुलाकी राजमार्गअन्तर्गत पूर्व-पश्चिमको ९ सय ७५ किमि र उत्तर-दक्षिण जोडिने सडकको दूरी ८ सय ८२ किमि छ । आयोजना सुरु गर्दै गर्दा सम्पन्न हुने समय आर्थिक वर्ष २०७४/७५ तोकिएको थियो । अहिले समय संशोधन गरेर २०८३/८४ पुऱ्याइएको छ । यसको लागत संशोधन गरेर १ खर्ब १ अर्ब ९३ करोड रुपैयाँ बनाइएको छ । बजेट अभाव झेलिरहेको आयोजनामा अहिले फेरि बिटुमिन अभावको समस्या थपिएको हो । 'धनगढी, कञ्चनपुर, चितवनको माडी, मोरङ, सिरहालगायत जिल्लामा कालोपत्रको काम रोकिएको छ,' निर्देशक नेपालीले भने ।

नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) मा चालु आर्थिक वर्षमा ६ किलोमिटर कालोपत्र सडक निर्माण गर्ने लक्ष्य थियो । तर बिटुमिन अभावले उक्त काम प्रभावित बनेको नेपाली सेनाले जनाएको छ । यसको कुल दूरी ७०.९७७ किमि छ । अन्य काममा पनि निर्माण सामग्रीमा भएको मूल्यवृद्धिको प्रभाव परेको सेनाको भनाइ छ । एसियाली विकास बैंक (एडीबी) को सहुलियतपूर्ण ऋणमा सञ्चालित सडक विस्तारको काम पनि प्रभावित बनेको छ । सबैभन्दा बढी समस्या भएको कमला-कञ्चनपुर खण्डमा पनि निर्माण प्रगति सोचेअनुरूप छैन । अहिलेसम्म यस खण्डमा समग्र भौतिक प्रगति ६७ प्रतिशत छ ।

पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले गर्दा काँकडभिट्टा-लौकही सडकको पश्चिम खण्डको काम रोकिएको आयोजना निर्देशनालय (एडीबी) का आयोजना निर्देशक चूडाराज ढकालले बताए । 'कमला-कञ्चनपुरमा काम भइरहेको थियो, डिजेलको मूल्यवृद्धिले गर्दा कामको गति घटेको छ,' उनले भने, 'यसको असर जामुने-पोखरा, नारायणगढ-बुटवल सडक विस्तारमा पनि परेको छ ।' बिटुमिन अभाव, यसमा मूल्यवृद्धि र निर्माण सामग्रीको मूल्यवृद्धिले निर्माण व्यवसायीले निर्माणको गति घटाउँदै लगेको सम्बन्धित आयोजना कार्यालयहरूको भनाइ छ ।

बिटुमिन अभावले ठूला आयोजनाको काम प्रभावित बनेको र कतिपय आयोजनामा कालोपत्रको काम हुन नसकेको सडक विभागका महानिर्देशक विजय जैसीले बताए । 'बजारमा बिटुमिन अभाव छ, निर्माण सामग्रीको मूल्य पनि बढेको छ, जसले गर्दा समग्र आयोजनाहरूमा यसको ठूलो असर परेको छ,' उनले भने, 'यसको समाधान कसरी गर्न सकिन्छ भनेर विभाग र मन्त्रालयमा छलफल भइरहेको छ, छिट्टै नै केही न केही निकास निकाल्छौं ।'

निर्माण सामग्रीको मूल्य अचाक्ली बढ्दा पनि सरकारले समायोजनमा ध्यान नदिएकाले काम गर्न सक्ने अवस्था नभएको नेपाल निर्माण व्यवसायी महासंघका महासचिव शिवहरि घिमिरेले बताए । 'भौतिक मन्त्रीले मूल्य समायोजन हुन्छ तपाईंहरू काम गर्नुस् भने पनि लामो समय बित्यो, निर्णय हुन सकेन,' उनले भने, 'अहिले निर्माणको गति घट्दै गएको छ । बिटुमिन अभाव छ । डिजेल, सिमेन्ट, डन्डीको मूल्य बढेको छ । घाटा सहेर काम गर्न सक्ने अवस्था छैन ।'

निर्माण सामग्रीमा मूल्य समायोजन गरे मात्र काम गर्न सकिने नभए बिस्तारै मूल्यवृद्धि धान्न नसकेर निर्माणका काम ठप्प बन्दै जाने उनले बताए । महासंघका अनुसार अहिले देशभर करिब ८ खर्बका आयोजना चालु छन् । यी सबै आयोजनामा अहिले निर्माणको काम प्रभावित बनेको छ । निर्माण क्षेत्रमा प्रत्यक्ष/अप्रत्यक्ष गरेर २० लाख रोजगार छन् । अहिले रोजगारदाताको संख्या घटाउन थालिएको उनले सुनाए ।

## पुन:स्थापनाका लागि सुकुमवासी...

थापाथलीपछि नगर प्रहरीसँगै नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको उपस्थितिमा तीनकुनेको गैरीगाउँमा समेत बस्ती खाली गराइएको थियो । विगतमा सुकुमवासी बस्ती खाली गराउने क्रममा झडप हुने गरेको भए पनि यसपालि कुनै अप्रिय घटना भएन । यद्यपि, ठूलो सुरक्षा उपस्थितिका कारण पीडित त्रसित थिए ।

विगतको पृष्ठभूमिलाई ध्यान दिएर प्रहरीले सुरक्षा व्यवस्था कडा बनाएको थियो । नेपाल प्रहरीका प्रवक्ता डीआईजी अविनारायण काफ्ले सरकारको अभियानमा सुरक्षाकर्मीले सहयोग गरेको बताउँछन् । 'नागरिकस्तरबाट पनि यसलाई सहयोग गर्ने काम भयो, कुनै अप्रिय गतिविधि भएन,' उनले भने, 'एकदमै सहज र शान्तपूर्वक काम भयो ।'

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले २०७९ मा तयार पारेको प्रतिवेदनअनुसार उपत्यकाका नदी किनारमा ३ हजार ४ सय ९६ घरधुरी अव्यवस्थित बसोबासी छन । तीमध्ये काठमाडौं महानगरभित्र २ हजार २ सय ४५, कागेश्वरी नगरपालिकामा ९०, बूढानीलकण्ठमा १ सय ५६, ललितपुर महानगरभित्र १७ र भक्तपुर नगरपालिकामा ७ सय ७३ परिवार छन् ।

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना प्रमुख मचाकाजी महर्जनका अनुसार, स्क्रिनिङबाट छानिएकाका लागि नागार्जुन नगरपालिकाको इचंगुमा रहेको अपार्टमेन्टमा बस्ने व्यवस्था गरिएको छ । 'त्यो संरचनामा अहिले ४५ जना बस्न मिल्ने अवस्था छ,' उनले भने, 'आश्रमले प्रयोग गर्दै आएको केही संरचना पनि छन्, त्यो पनि उहाँहरूले बस्न चाहँदा व्यवस्थापन गर्न सकिन्छ ।' उपत्यकाका नदी किनार आसपासमा बस्ती भएकाले बाढीका बेला सधैं डर हुने गरेको भन्दै उनी भन्छन्, 'बर्खामा सधैं हटाउने प्रयास हुँदै आएको थियो, तर सम्भव हुन सकेको थिएन ।'

प्रधानमन्त्री वालेन्द्र शाहले काठमाडौंको मेयर छँदा नै सुकुमवासी बस्ती हटाउन खोजेका थिए । तर संघीय सरकारले उनलाई साथ दिएको थिएन । काठमाडौंका प्रमुख जिल्ला अधिकारी पौडेल सुकुमवासी बस्ती खाली गराउने काम अझै जारी रहेको बताउँछन् । 'बस्ती खाली गराउने कामसँगै उहाँहरूको पुन:स्थापनाको काम पनि हुन्छ,' उनले भने ।

प्रधानमन्त्री शाहले बुधबार बेलुकी सुरक्षा प्रमुखहरूलाई बोलाएर सुकुमवासी बस्ती खाली गराउने तयारी थाल्न निर्देशन दिएका थिए । त्यसपछि सहरी विकास मन्त्रालयले समेत तयारी थालेको थियो । मानवअधिकारवादी संस्था, नागरिक अगुवा, सुकुमवासी मोर्चालगायतले चाहिँ वैकल्पिक व्यवस्थापनबिना बल प्रयोग नगर्न सरकारलाई आग्रह गरेका थिए । विगतमा अदालतले समेत पहिले प्रमाणीकरण गरेर मात्र सुकुमवासी बस्ती खाली गर्न आदेश दिएको थियो । यस पटक पनि सर्वोच्च अदालतमा सुकुमवासी बस्ती खाली गर्ने सरकारको निर्णयविरुद्ध रिट परेको छ । त्यसमा छलफल गर्न अदालतले सोमबार सरकारलाई बोलाएको छ ।



तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

**सुकुमवासी बस्तीमा डोजर लगाएर हटाइएपछि कीर्तिपुरस्थित राधास्वामी सत्संग भवनमा विस्थापित ।**

## सशस्त्रको आईजीपीमा पौड्याल...

सशस्त्रमा केही दिनभित्रै रिक्त हुने आईजीपीमा बढुवासहित विभिन्न निर्णयका लागि सोमबार दिउँसो मन्त्रिपरिषद् बैठक डाकिएको थियो । प्रधानमन्त्री वालेन्द्र शाह नै गृह मन्त्रालयको पनि विभागीय नेतृत्वमा छन् । उनकै प्रस्तावमा पौड्याललाई बढुवा गरिएको हो । माओवादीका सशस्त्र एवं हिंसात्मक गतिविधि बढ्दै गएपछि तत्कालीन सरकारले अध्यादेशबाट आदेश जारी गरी माघ २०५७ मा अर्धसैनिक संगठनका रूपमा सशस्त्र प्रहरी बल गठन गरेको थियो ।

९ माघ २०५७ मा सशस्त्र प्रहरी बल स्थापनासम्बन्धी पहिलो अध्यादेश जारी भएको थियो । २३ माघमा हाल नेपाल प्रहरीको राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा रहेको संरचनामै सशस्त्र प्रहरी बल मुख्यालय स्थापना भएको थियो । त्यही वर्षको ३० चैतमा सशस्त्र प्रहरीसम्बन्धी दोस्रो अध्यादेश जारी भयो । त्यसको साढे ४ महिनापछि तत्कालीन राजा ज्ञानेन्द्रले सशस्त्र प्रहरी बलसम्बन्धी कानुनमा लालमोहर लगाएका थिए । त्यसको अर्को महिना ५ असोजमा महाराजगन्जबाट नेपाल प्रहरीको हल्चोकस्थित तत्कालीन संरचनामा सशस्त्र प्रहरी स्थानान्तरण भएको थियो ।

सोही वर्ष ७ कात्तिकमा तत्कालीन राजा ज्ञानेन्द्रले सशस्त्र प्रहरीको कुलदेवीका रूपमा बंगलामुखी भगवतीको निसाना प्रदान गरेकामा करिब डेढ वर्षपछि सेवा, सर्त र परिचालन तथा प्रशासनिक कामसम्बन्धी व्यवस्था समेटेर सशस्त्र प्रहरी नियमावली संशोधन गरियो । ३ पुस २०६० मा हल्चोकमा नयाँ भवन बनेकामा तत्कालीन राजा ज्ञानेन्द्रले उद्घाटन गरी विधिवत् नयाँ संरचनाबाट अहिलेको सशस्त्र प्रहरी बल सञ्चालनमा छ । सशस्त्र प्रहरी स्थापना गर्ने निर्णय भएसँगै २०५७ देखि नै नेपाली सेना र प्रहरीबाट जनशक्ति स्थानान्तरण भएर संगठनमा जनशक्ति व्यवस्थापन गरिएको थियो । प्रहरीबाट स्थानान्तरण भएका एआईजी कृष्णमोहन श्रेष्ठलाई तत्कालीन सरकारले संस्थापक महानिरीक्षकका रूपमा बढुवा गरेको थियो ।

संस्थापक महानिरीक्षक श्रेष्ठ, पत्नी नुडुप र उनका अंगरक्षक सई सूर्यप्रसाद रेग्मीको १२ माघ २०५९ मा तत्कालीन विद्रोही माओवादीले गोली हानी ललितपुरको बागडोलमा हत्या गरेको थियो । कृष्णमोहनपछि सशस्त्रमा सहवीर थापा, बासुदेव ओली, सनतकुमार बस्नेत, किशोरकुमार लामा, शैलेन्द्रकमार श्रेष्ठ, कोषराज वन्त, दुर्जकुमार राई, सिंहबहादुर श्रेष्ठ, शैलेन्द्र खनाल, पुष्पराम केसी र राजु अर्याल महानिरीक्षक बनेकामा १३ औं नेतृत्वमा पौड्याल पुगेका हुन् ।

आन्तरिक सुरक्षा जिम्माका अलावा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा पनि सशस्त्र प्रहरी बल अग्रणी सुरक्षा संगठन हो । २५ वर्षअघि बनेको कानुनका भरमा यो संगठन सञ्चालनमा छ । करिब ३७ हजार जनशक्ति कार्यरत सशस्त्र प्रहरीले भारत र चीनतर्फ अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सशस्त्रका करिब १५ हजार संख्यामा फौज तैनाथ गराएको छ । तर, परिवर्तित परिस्थितिअनुसार सशस्त्रको भूमिका र जिम्मेवारी पुनरावलोकन तथा परिचालनमा भने सरकारले ठोस निर्णय लिएको छैन । मन्त्रिपरिषद्बाट पटके निर्णय गराएर जिम्मेवारी थप्दै आए पनि यसलाई ऐनमै समेटेर व्यवस्थित गर्न सरकारले सकेको छैन ।

सशस्त्र प्रहरी ऐन २०५८ अनुसार नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष, सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि, आतंककारी गतिविधि तथा दंगा नियन्त्रण, नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउने, नेपालको कुनै नागरिक वा अरू कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण, नेपालको सीमा सुरक्षा गर्न, बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्ने जिम्मेवारीका साथै सरकारले तोकेको सार्वजनिक महत्त्वका भवन-संरचना र अन्य स्थलको सुरक्षामा पनि सशस्त्रको बलको तैनाथी छ ।

सरकारले सुरक्षा दिनुपर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्ने जिम्मेवारी पनि सशस्त्र प्रहरीलाई ऐनमै सुनिश्चित कार्यक्षेत्र र जिम्मेवारीमा राखिएको छ । ११ असोज २०६९ को मन्त्रिपरिषद् बैठकले सशस्त्र प्रहरीलाई राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा तथा १५ पुस २०७७ को मन्त्रिपरिषद्बाटै रेलवे सुरक्षाको जिम्मा पनि दिएको छ ।

तर २५ वर्षअघिको ऐन संशोधन गर्ने तथा जिम्मेवारी र कार्यक्षेत्रलाई स्पष्ट व्याख्या गरेर फौज परिचालनमा गर्नेतर्फ भने सरकारको ध्यान गएको छैन । २५ वर्ष पुरानो ऐन संशोधन गर्न गत वर्ष विधेयक संसद्मा पुगे पनि बीचमै प्रतिनिधिसभा विघटन भएर अलपत्र अवस्थामा छ ।

पछिल्लो पटक रास्वपा वरिष्ठ नेता वालेन्द्र शाह १३ चैतमा प्रधानमन्त्री बनेपछि सरकारले सय बुँदामा शासकीय सुधारसम्बन्धी खाका सार्वजनिक गरेकामा अधुरा र आवश्यक विधेयकलाई पुन: अघि बढाउने प्रतिबद्धता जनाएको छ । सशस्त्र प्रहरीसम्बन्धी पुरानो ऐन संशोधन गरेर कानुन तर्जुमा गरी संरचनागत र नीतिगत सुधारका निर्णय कहिले हुन्छ भन्ने अन्योल भने कायमै छ ।

भारततर्फ खुला सिमाना, चीनतर्फ भौगोलिक विकटता र स्रोतसाधनको अभावलाई चिरेर सशस्त्रलाई तोकिएका जिम्मेवारी प्रभावकारी रूपमा पूरा गराउन अबको नेतृत्वका लागि प्रमुख चुनौती रहनेछ । हालका महानिरीक्षक अर्यालका पालामा आन्तरिक वृत्तिविकास र स्रोतसाधन बलियो बनाउन कतिपय सुधारका प्रयास र निर्णय भए पनि सरकारबाट त्यसअनुसार बजेटको जोहो नहुँदा काम अघि बढ्न सकेका छैनन् ।

कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटिएको नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा आएपछि सीमा क्षेत्रमा सशस्त्र प्रहरीको उपस्थिति थप बढाउँदै लगिए पनि सीमामा खटिने फौजका लागि सुरक्षित पूर्वाधार व्यवस्थापनदेखि प्रविधिमैत्री सुरक्षा प्रणालीका योजनामा मागअनुसार बजेट विनियोजन भएको छैन ।

भएकै जनशक्तिलाई सीमामा बढाइएकामा जनशक्ति थप्न सरकारले बजेट अभाव देखाउँदै आएको छ । यो पृष्ठभूमिमा सशस्त्र र नेपाल प्रहरीको कार्यक्षेत्र विवाद, फिल्डमा परिचालनको अस्पष्ट नीति तथा सत्ता-शक्तिमा रहेकाबाट निरन्तर रूपमा हुने हस्तक्षेप मात्रै होइन, व्यापारी र बिचौलियाको चंगुलमा हुने गरेका ठूला सार्वजनिक खरिदमा मिलेमतोलाई नियन्त्रण र निर्णय प्रक्रियामा पारदर्शिता अपनाउनुपर्ने चुनौती नवनियुक्त आईजीपी पौड्यालसामु छ ।

नेपाल प्रहरीसँगको अघोषित खटपट र परिचालनमा देखिएको दोहोरोपनलाई पनि अन्त्य गर्नुपर्ने अवस्था छ । करिब २३ महिना सशस्त्रको नेतृत्वमा उनी रहनेछन् । खासगरी सार्वजनिक खरिदमा पारदर्शिता, २५ वर्ष पुरानो सशस्त्र प्रहरी ऐन संशोधन, अन्तरसुरक्षा निकाय समन्वय, सामूहिक नेतृत्व प्रणालीको विकास, दलीय स्वार्थबाट मुक्त, सरुवाबढुवा र कर्मचारीको वृत्तिविकासमा निष्पक्षता, सरकारको स्प्रिटअनुसार परिचालन र फौजी अनुशासनलाई कायम, आन्तरिक र सीमा सुरक्षा तथा परिचालनमा स्पष्ट म्यान्डेट कायम राख्नु पनि उनका लागि चुनौती हुन् ।

SOS CHILDREN'S VILLAGES

दोश्रो पटक प्रकाशित मिति: २०८३/१/१५

**बोलपत्र आहवान सम्बन्धी सूचना**

एसओएस बालग्राम नेपाल अन्तर्गत एसओएस बालग्राम काभ्रे र एसओएस बालग्राम जोरपाटी, को भवन, परिसर, बाटो लगायतका संरचनाहरुको निर्धारित मर्मत कार्य सम्पन्न गर्नु परेकोले ईच्छुक योग्य निर्माण व्यवसायी कम्पनीहरुलाई आवश्यक कागजपत्र सहित दोस्रो पटक प्रकाशित सुचनाको मितिले सात दिन (२०८३/१/२२ गते बिहान १२ बजे) भित्र सिलबन्धी प्रस्ताव पेश गर्न आह्वान गरिएको छ । यससम्बन्धी विस्तृत जानकारीका लागि यस लिंकमा जानुहोस: http://www.sosnepal.org.np/notice

# सलाहले संन्यास लिइसकेका हुन् ?

## प्रशिक्षक आर्ने स्लट भन्छन्, 'सलाहले फेरि लिभरपुलका लागि खेल्छन् वा खेल्दैनन्, थाहा छैन'

लन्डन (एएफपी)- म्यानचेस्टर सिटी एफए कप फुटबलमा व्यस्त हुनुको एउटा फाइदा आर्सनललाई रह्यो। सिटीलाई उछिनेर आर्सनल फेरि इंग्लिस प्रिमियर लिगको शीर्षमा उक्लेको छ। टोटनहममाथि भने अझै रेलिगेसनको चर्को दबाब छ। टोलीले यसबीच यो वर्ष पहिलो जितको स्वाद चाखेको छ। आर्सनलले न्युकासल युनाइटेडलाई १-० ले हराएर शीर्षस्थानमा सिटीमाथि ३ अंकको अग्रता लिएको हो।

सिटीको तुलनामा आर्सनलले एक खेल भने बढी खेलेको छ। पेप ग्वार्डिओलाको सिटीले भने साउथह्याम्पटनलाई पराजित गर्दै एफए कपको फाइनल पुगेको छ। फाइनलमा टोलीको प्रतिद्वन्द्वी चेल्सी हुनेछ। सिटीसामु यो सिजन तीन उपाधि जित्ने अवसर छ। लिभरपुलले भने लगातार तेस्रो खेल जितेर अर्को सिजन युरोपेली च्याम्पियन्स लिग जित्ने सम्भावना बलियो बनाएको छ।

यो सप्ताहन्त वास्तवमै कस्तो रह्यो त ? यसलाई व्याख्या गर्ने तीन बुँदा यस्ता छन् :

**आर्सनलको व्यस्त तालिका**

मार्टिन ओडेगार्डलाई लाग्छ, आर्सनलको जुन व्यस्त खेल तालिका अबको केही दिन रहेको छ, त्यो वास्तवमै अचम्मको छ। इमिरेट्समा भएको खेलमा आर्सनलले न्युकासलमाथि झिनो अन्तरको जित मात्र निकाल्न सक्यो। कप्तान ओडेगार्डकै चलाखीपूर्ण छोटो कर्नर प्रहारमा इबेर्ची इजीले निर्णायक गोल गरे। पछि खेलको अन्त्यतिर इजी र काइ हाभर्टेज चोटका कारण मैदान छाड्न बाध्य रहे।

तर आर्सनलले चोटमुक्त भएका बुकायो साकालाई पनि मैदानमा स्वागत गर्ने अवसर पायो। आर्सनलका लागि सिजनको अन्त्यतिर चोटग्रस्त खेलाडी ठूलो समस्या हुनसक्छ। अहिले यतिखेर आर्सनलको पूरा ध्यान बुधबार एटलेटिको म्याड्रिडविरुद्धको च्याम्पियन्स लिग सेमिफाइनल पहिलो लेगमा छ। ओडेगार्डको आफ्नै चोटको समस्या छ। अहिलेको स्थितिमा आर्सनल कोही खेलाडीलाई चोटका कारण गुमाउने स्थितिमा छैन।

यस्तोमा ओडेगार्ड भन्छन्, 'हामीलाई अबको प्रत्येक दिन कडा संघर्ष गर्नु छ र भविष्यलाई लिएर आशावादी हुनु छ। हाम्रो खेल तालिका कति धेरै व्यस्त छ भने त्यो अचम्मकै छ। तर हामीलाई यस्तो खेल तालिकाको पनि बानी परिसकेको छ। सिजनको अन्त्यतिर छौं र हामीले जति गर्न सक्ने हो सबैमा सक्दो गर्नेछौं। प्रत्येक जितका लागि हामीलाई कडा मिहिनेत गर्नु छ।'

**टोटनहममको आस**

प्रशिक्षक रोबर्ट डे जेर्बीलाई लाग्छ, टोटनहमले के एक जित निकाल्छ, त्यसपछि सबथोक राम्रो हुनसक्छ। टोलीले रेलिगेसनमा परिसकेको उल्भ्सलाई हराएपछि डिसेम्बरयता पहिलो जित आत्मसात् गर्‍यो। तर वेस्ट ह्यामले एभरटनलाई अन्तिम समय भएको गोलमा हराएपछि त्यसको खासै अर्थ रहेन। टोटनहम रेलिगेसन क्षेत्रमै कायम रह्यो। टोटनहम सुरक्षित क्षेत्रबाट अझै २ अंक पछाडि छ।

अबको खेलमा टोटनहमले एस्टन भिल्ला, लिड्स, चेल्सी र एभरटनको सामना गर्नेछ। इटालीका प्रशिक्षक जेर्बी भन्छन्, 'मलाई के आस छ भने अहिले प्राप्त जितले क्लबको भाग्य परिवर्तन गर्न सक्ने छ। यो नतिजाले हामीलाई मानसिक रूपमा बलियो बनाउन सक्छ।' उनी आफ्ना खेलाडीलाई अरू टिमको नतिजामा ध्यान नदिन भनिरहेका छन्। जेर्बीलाई लाग्छ, पूरापूर ध्यान आफ्नै खेलमा मात्र भए राम्रो।

**सलाहको बिदा**

यो सप्ताहन्तका खेलका सबैभन्दा ठूलो मोड रह्यो, लिभरपुलले क्रिस्टल प्यालेसमाथि प्राप्त ३-१ जितमा मोहमद सलाहले जसरी मैदान छाडे। खेलले एक घण्टा छुँदा सलाहले मैदान छाडेका थिए। यसक्रममा एनफिल्डका चारै कुना फर्केर उनले ताली बजाएर समर्थकलाई अभिवादन गरे। समर्थकले पनि ताली बजाएर त्यसको समर्थन दिए। पछि प्रशिक्षक आर्ने स्लटले माने, सलाहले फेरि लिभरपुलका लागि खेल्छन् वा खेल्ने छैनन्, थाहा छैन।

सलाहले लिभरपुलका लागि चार सयभन्दा बढी खेल खेलेका छन्। यसक्रममा २ सय ५७ गोल गरेका छन्। स्लट भन्छन्, 'सलाहलाई कस्तो चोट लागेको छ, त्यो हेर्नुपर्ने हुन्छ। उनी मैदानमा फर्कन सक्छन् वा सक्दैनन्, त्यो त्यही चोटले निर्धारण गर्नेछ। मलाई के लाग्छ भने सलाहले आफ्नो पूरा खेल जीवनमा चोट लाग्न नदिन र लागेपछि निको हुन धेरै मिहिनेत गर्छन्।'

प्यालेसमाथिको जितले एस्टन भिल्लालाई उछिनेर लिभरपुल शीर्ष चारमा उक्लन सफल रह्यो। अहिलेका लागि लिभरपुल मात्र होइन, म्यानचेस्टर युनाइटेड र भिल्ला दुवै समान ५८ अंकमा छन्। यो भनेको त्यसपछि आउने ब्राइटनमाथि ८ अंकको अग्रता हो। शीर्ष पाँचमा रहने टिमले अर्को सिजन च्याम्पियन्स लिग खेल्नेछ। त्यस अर्थमा शीर्ष पाँचमा रहने टिमको अहिलेको समीकरणमा सायद नै परिवर्तन होला।



मोहम्मद सलाह। तस्बिर : एपी

# चन्द्रगढीमा एपीएफ च्याम्पियन







झापामा आयोजित चन्द्रगढी महिला गोल्डकप च्याम्पियन एपीएफ क्लब (माथि)। उदीयमान खेलाडी आयोजक चन्द्रगढी युवा क्लबकी सवनम राई। तस्बिर : कान्तिपुर

**पर्वत पोर्तेल** (भद्रपुर)

रश्मिकुमारी घिसिङले दोस्रो हाफमा हेडबाट गरेको शक्तिशाली प्रहार निर्णायक गोलमा परिणत भएपछि एपीएफ क्लबले सोमबार चन्द्रगढी महिला गोल्डकप फुटबलको उपाधि जितेको छ। झापाको भद्रपुरमा भएको फाइनलमा एपीएफले त्रिभुवन आर्मी क्लबलाई १-० ले पराजित गरेको हो।

खेलको ७२ औं मिनेटमा कप्तान अनिता बस्नेतले आर्मीको पेनाल्टी एरियामा मिलाएको पासलाई रश्मिकुमारीले पोस्टको दिशा दिइन्। खेल पूर्णतः एपीएफको नियन्त्रणमा रहे पनि थप गोल हुन सकेन। तर घरेलु महिला फुटबलका एपीएफको एकाधिकार भने कायम रह्यो।

फाइनलको प्लेयर अफ द म्याच एपीएफकै सरु लिम्बू रहिन्। उनले ११ हजार रुपैयाँ पुरस्कार पाइन्। प्रतियोगिताकै उत्कृष्ट खेलाडी एपीएफकै रेनुका नगरकोटे घोषित भइन्। एपीएफका अञ्जना रानामगर गोलरक्षक, गीता राना डिफेन्स र दीपा शाही मिडफिल्डमा उत्कृष्ट खेलाडी चुनिए भने रश्मिकुमारी सर्वाधिक गोलकर्ता रहिन्। उदीयमान खेलाडी भने आयोजक चन्द्रगढी युवा क्लबकी सवनम राई चुनिइन्। उत्कृष्ट उनीहरूले जनही २५ हजार पुरस्कार पाए।

उपाधिसँगै एपीएफले ११ लाख र आर्मीले रनरअप ट्रफीसहित ५ लाख रुपैयाँ पुरस्कार पाए। वैशाख ५ देखि सुरु भएको प्रतियोगितामा १० टिमको सहभागिता थियो।

विजेता खेलाडीलाई मुख्य प्रायोजक ओमसाई पाथिभरा हस्पिटलका अध्यक्ष दीपककुमार पोखरेल, भद्रपुर नगर प्रमुख गणेश पोखरेल, अर्जुनधारा नगर प्रमुख बलदेव गोम्देन, भद्रपुर झापा गोल्डकपका अध्यक्ष दिपेश ढकाल तथा आयोजक चन्द्रगढी युथ क्लबका अध्यक्ष रोहित सुब्बालगायतले पुरस्कार वितरण गरे।

# शाश्वतविरुद्ध निहालको कठिन जित

काठमाडौं (कास)- निहालजंग थापा, प्रदीप खड्का र निशान श्रेष्ठले १२ औं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगितामा सोमबार जित पाएका छन्।

त्रिपुरेश्वरस्थित टेनिस कोर्टमा पुरुष सिंगल्समा निहालले शाश्वत वज्राचार्यलाई ६-३, ६-७, ६-४ ले, प्रदीपले अंकित प्रमाणिकलाई ६-०, ६-० ले र निशानले दीर्घायु लामालाई ६-०, ६-० को सेटमा हराए। महिला सिंगल्समा प्रकृति श्रेष्ठले प्रशंसा मोक्तानबाट वाकओभर पाइन्।



निहालजंग थापा

नेपाल टेनिस संघको प्राविधिक सहयोगमा भइरहेको प्रतियोगिताको पुरुष डबल्समा अभिनव आचार्य/सक्षम शाहको जोडीले सन्जोग अधिकारी/सन्देश अधिकारीको जोडीलाई ६-०, ६-१ ले, दर्शिल श्रेष्ठ/शाश्वतको जोडीले आशिष मैनाली/डेनियल बाँस्तोलाको जोडीलाई ६-०, ६-२ तथा निशान/दावा शेर्पाको जोडीले विपुल अधिकारी/सोमज श्रेष्ठको जोडीलाई ६-०, ६-१ को सोझो सेट हराए।

सिटिजन्स बैंकको मुख्य प्रायोजन तथा काठमाडौं जिल्ला टेनिस संघद्वारा आयोजित प्रतियोगिताको भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्समा उमिद शेर्पा, अंकित प्रमाणिक, छोमविक्रम शाह, सिर्जनमान सिंह, कुमार तामाङ र सुजेन श्रेष्ठ विजयी भए। मोलिस नकर्मी/समिर गुरुङ र नवीन श्रेष्ठ/धरमसिंह लामिछानेको जोडी पनि विजयी भयो।

आर्मी अफिसर्स क्लबमा भएको भेट्रान ४५ वर्षमाथि पुरुष सिंगल्समा सगुन राणा र कमलबहादुर भण्डारी विजयी। डबल्समा रन्जिल बस्नेत/मनीष श्रेष्ठ तथा सेयसर गुरुङ/ आशिष सिग्देलको जोडी विजयी भयो।

भेट्रान ५५ वर्षमाथि पुरुष सिंगल्समा चन्द्र शाही, सन्जिव श्रेष्ठ, टे ह्वान हुर, उत्तम बोगटी, मछिन्द्र थापा, नीराजन श्रेष्ठ, सुनिल गुरुङ र विमलकुमार गुरुङ विजयी भए। ७० वर्षमाथि पुरुष सिंगल्समा धीरबहादुर गुरुङ, ज्ञानेन्द्र ताम्राकार र दीपक श्रेष्ठ विजयी भए।

# हेजलउड र भुवनेश्वरको बलिङमा दिल्ली धराशायी

दिल्ली (एएफपी)- जेसन हेजलउड र भुवनेश्वर कुमारले उत्कृष्ट बलिङ गरेपछि रोयल च्यालेन्जर्स बेंगलुरुले इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा सोमबार दिल्ली क्यापिटल्सलाई ९ विकेटले पराजित गरेको छ।

टस हारेपछि ब्याटिङमा आएको दिल्ली अरुण जेट्ली रंगशालामा १६.३ ओभरमा ७५ रनमै अलआउट भयो। आईपीएलमा दिल्लीको यो तेस्रो न्युन स्कोर हो। दिल्लीले शनिबार यही विकेटमा २ सय ६४ रन बनाएको थियो र त्यसलाई पन्जाब किंग्सले ७ बल अगाडि पूरा गरेको थियो।



दिल्लीका ट्रिस्टन स्टब्सको विकेट लिएपछि आरसीबीका भुवनेश्वर कुमार (बीच), जेसन हेजलउड। तस्बिर : एपी

डिफेन्डिङ च्याम्पियन बेंगलुरुले ६.३ ओभरमै ७७ रन बनाएर खेल जित्यो। कप्तान देवदत्त पाडिकल १३ बलमा ३४ र विराट कोहली १५ बलमा २३ रन बनाई अविजित रहे। पाडिकलले समान ३ चौका र छक्का तथा कोहलीले १ चौका प्रहार गरे। कोहलीले टी नटराजनको बलमा लगातार दुई छक्का प्रहार गर्दै विजयी रन बटुले। सोक्रममा कोहली आईपीएलमा ९ हजार रनको आँकडा छुने पहिलो खेलाडी बने। ज्याकोब बेथल ११ बल खेली १ चौका र २ छक्का प्रहार गर्दै २० रन बनाई केयल जेमिसनको बलमा आउट भए।

यसअघि दिल्लीले निकै दयनीय सुरुआत गरेको थियो। दिल्लीले ४ ओभरमा ८ रन बनाउँदा ६ विकेट गुमाइसकेको थियो। हेजलउड र भुवनेश्वरले ३-३ विकेट लिएपछि दिल्ली पहिलो ६ ओभरको पावरप्लेमै टोली १३-६ को स्कोरमा पुग्यो, जुन आईपीएलमा पावर प्लेमा बनेको सबैभन्दा न्युन स्कोर हो।

एक समय बेंगलुरुकै नाममा रहेको आईपीएलको सबैभन्दा कम ४९ रनको नकारात्मक कीर्तिमान दिल्लीको नाममा आउने खतरा बढेको थियो। अभिषेक पोरेलले ३० बलमा ३३, डेबिड मिलरले १८ बलमा १९ र जेमिसनले १३ बलमा १२ रन बनाएर दिल्लीको उक्त खतरा टारेका थिए।

भुवनेश्वरले खेलको दोस्रो बलमा 'डेब्यु' गरिरहेका साहिल प्रकाशलाई बोल्ड गरेपछि दिल्लीका ब्याटरहरू पालैपालो आउट हुनेक्रम सुरु भयो। केएल राहुल र नितिश राना १-१, समीर रिज्भी र कप्तान अक्षर पटेल समान शून्य तथा ट्रिस्टन स्टब्स ५ रनमा आउट भए।

हेजलउडले ३.३ ओभरमा १२ रन खर्चेर ४ र भुवनेश्वरले ३ ओभरमा ५ रन खर्चेर ३ विकेट लिए। रसिख सलाम, सूयश शर्मा र क्रुनाल पाण्ड्याको नाममा १-१ विकेट रह्यो।

# मनकामना–गोरखा म्याराथन जिते सनमले

**हरिराम उप्रेती** (गोरखा)

तनहुँका सनम गुरुङले मनकामना मन्दिरबाट गोरखा दरबारसम्म भएको म्याराथन दौडको उपाधि जितेका छन्। उनले सोमबार ४२.१९५ किमिको निर्धारित दुरी २ घण्टा ५९ मिनेटमा पूरा गरेका हुन्।

३ घण्टा १० मिनेटबाट कास्कीका सफल लामा दोस्रो, ३ घण्टा २८ मिनेटबाट कास्कीका चेतनाथ चालिसे तेस्रो भएका छन्। पर्वतका सन्तोष परियार चौथो र गोरखाका अञ्जन पौडेलले पाँचौ भए। महिलातर्फ ४ घण्टा ५१ मिनेटमा निर्धारित दुरी पार गर्दै कास्कीकी सपना गुरुङ विजेता बनेकी छन्। ४ घण्टा ५९ मिनेटमा दुरी पार गरेर तनहुँकी विविका कुमाल दोस्रो र ५ घण्टा २७ मिनेटबाट नवलपुरकी डोलमाया महतो तेस्रो भएका छन्। नवलपुरकै सुप्रिया कुमारी महतो चौथो भइन्।

महिला/पुरुष दुवैतर्फ विजेताले ५५ हजार, दोस्रोले ३० हजार र तेस्रो हुनेले २० हजार रुपैयाँ पुरस्कार पाएको जिल्ला खेलकुद विकास समिति गोरखाले जनाएको छ।

# कीर्तिपुरमा यूएईसँग ओमानको हार

**कान्तिपुर संवाददाता** (काठमाडौं)




कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सोमबार विश्वकप लिग २ मा ओमानका कप्तान जतिन्दर सिंहको विकेट लिएपछि निलान्स केशवानीसहितका यूएई खेलाडीको खुसी। तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

यूएईले क्रिकेट विश्वकप लिग २ मा सोमबार ओमानविरुद्ध २५ रनको महत्त्वपूर्ण विजय हात पारेको छ। लिग २ मा यूएईको यो छैटौं जित हो। त्यसका बावजुद पनि टोली आठ राष्ट्रसम्मिलित प्रतियोगिताको अंक तालिकामा २१ खेलबाट १२ अंक लिएर पुछारमै छ।

लिग २ को शीर्ष चार टोली सोझै विश्वकप छनोटमा पुग्ने प्रावधान छ। शीर्ष चार स्थानमा रहने टोलीको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता पनि जोगिने छ। अमेरिका २४ खेलमा ३६, स्कटल्यान्ड २८ खेलमा ३४, ओमान २५ खेलमा २९, नेदरल्यान्ड्स २४ खेलमा २८, नामिबिया २८ खेलमा २२ र क्यानडा २४ खेलमा २१ अंक जोडेर पहिलो ६ स्थानमा छन्।

नेपाल २१ खेलमा १४ अंकसहित सातौं स्थानमा छ। नेपालले शुक्रबार यूएईलाई ३७ रनले पराजित गरेको थियो। नेपालले दिएको २ सय १ रनको लक्ष्य पछ्याउनेक्रममा यूएई ४८.२ ओभरमा १ सय ६३ रनमै अलआउट भएको थियो।

तर त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला कीर्तिपुरमा सोमबारको दृश्य फरक थियो। यूएईका आर्यन्स शर्मा र अविद उस्मानीले नै पहिलो विकेटमा १ सय ६३ रनको साझेदारी गरे। त्यो पनि ३१ ओभरभित्र। फेरि कथा उस्तै नै भयो। जब यूएईले बाँकी रहेको १९ ओभरभन्दा बढीको खेलमा १ सय ५ रनमात्र बनाउन सक्यो र टोलीले २६८/७ को स्कोर बनायो।

उस्मानी अर्धशतक (६४) बनाएर आउट भए। उनले ७६ बल खेल्दा ४ चौका र २ छक्का प्रहार गरे। आर्यन्सले एकदिवसीय अन्तर्राष्ट्रियमा आफ्नो पहिलो शतक बनाएका हुन्। उनले १ सय २५ बल खेल्दै १० चौका र २ छक्का प्रहार गरेर १ सय ५ रन जोडे। तेस्रो नम्बरमा आएका हरप्रित सिंहले ५८ बलमा ५ चौका र १ छक्कासहित ५४ रन बनाए। मध्यक्रममा मोहम्मद साहदादले २३ बलमा समान १ चौका र छक्कासहित २५ रन बनाए।

ओमानका साह फैजलले १० ओभरमा १ मेडन राख्दै ६२ रन खर्चेर ३ विकेट, सिद्धार्थ बुक्कापटनमले १० ओभरमा ४४ रन खर्चेर २ र सकिल अहमदले १० ओभरमा ४४ रन खर्चेर १ विकेट लिए।

अजय कुमारले सानदार बलिङ गर्दै ६ विकेट लिएपछि ओमान ४७.५ ओभरमै २ सय ४३ रनमा अलआउट भयो। अजयले एकै ओभरमा अन्तिम ३ विकेट लिएपछि ओमान जित नजिक पुगेर रोकियो। अजयले ९.५ ओभरमा १ मेडन राख्दै ३५ रन खर्चेर सानदार बलिङ गर्दै यूएईलाई जिताए। उनले अन्तिम ३ विकेट लिएपछि ओमानका विनायक शुक्ला नन स्ट्राइक इन्डबाट देशको पराजय हेर्न बाध्य भए। ५८ बल खेलेका उनले समान २ चौका र छक्का प्रहार गरे। कप्तान जतिन्दर सिंह र आशिष ओडेडाराले १४ ओभरभित्र ८५ रन जोडेर ओमानलाई राम्रो सुरुआत दिलाएका थिए। जतिन्दरले ३५ बलमा ८ चौका र १ छक्कासहित ४६, ओडेडाराले ४९ बलमा ५ चौका र १ छक्कासहित ३५, मुजिबुर अलीले २४, हम्माद मिर्जाले २७ रन बनाए।

नेपालले बुधबार ओमानको सामना गर्नेछ।




## Request for Information

Ncell Axiata Limited is formally issuing this Request for Information (RFI) to the data centre supply market in response to the rapid growth in our mobile infrastructure, demand for cloud and Enterprise hosting services. This demand is further reinforced by evolving regulatory requirements for data localisation within Nepal. At the same time, national digital transformation initiatives—particularly those aimed at advancing Nepal's digital economy—along with the rise of AI-driven computing, are creating significant opportunities for data centre infrastructure development.

**Objectives of the RFI are:**

- Identify Qualified Partners: Identify strategic & financial partners, experienced OEMs, system integrators, and turnkey providers with scalable DC deployment capability, preferably in emerging markets and seismically active regions.
- Evaluate Technologies: Assess current global market offerings for scalable, including, without limitations modular and containerized DC technologies, including prefabrication methodologies and scalability mechanisms.
- Assess Advanced Cooling Solutions: Evaluate leading edge, water-based and hybrid cooling architectures capable of supporting high-density and AI/GPU workloads.
- Assess Location: Evaluate expert opinions pertinent to the location of data centres in Nepal taking into consideration without limitations the following criteria, power availability, climactic and seismic conditions.
- Understand Commercial Models: Gather indicative CAPEX/OPEX benchmarks; explore Turnkey and BOT delivery models; assess total cost of ownership and investment models.
- Inform RFI & Vendor Shortlisting: Use consolidated market intelligence to inform scope, technical specifications, and evaluation criteria for a subsequent formal RFI

Interested firms are requested to submit their proposals by May 11, 2026 via email.

For proposal submission and further inquiries, please email at procurement.helpdesk@ncell.com.np or contact us at our registered address:

Ncell Axiata Limited
Ward No. 4, Ekantakuna
Lalitpur, Nepal

Ncell

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, कार्यवाहक सम्पादक : बिश्वास बराल